## वेलका नगरपालिका रामपुर ,उदयपुर

### “लघु ,घरेलु, तथा साना उधोग सम्वन्धित व्यवस्था गर्न वनेको स्थानिय औद्योगिक व्यवसाय ऐन, २०७७”

**प्रस्तावना**

वेलका नगरपालि भित्ररहेको पूँजी र प्रविधिको समुचित सदुपयोग गर्न लगानीमैत्री वातावरणको सिर्जना गर्दै उत्पादकत्व र रोजगारीको अवसर अभिवृद्धि गर्न, स्थानीय स्रोत साधनको अधिकतम उपयोग गरी उद्यमशिलता तथा लगानी प्रबर्द्धन मार्फत बेरोजगारी न्यूनीकरण गर्न तथा दिगो औद्योगिक विकासको माध्यमबाट उत्पादनशील, प्रतिर्स्पर्धी र दिगो अर्थतन्त्र निर्माण गर्न वाञ्छनीय भएकोले,स्थानीय सरकार संचालन ऐन (पहिलो संसोधन सहित), २०७५ को दफा ११(५)(घ) र वेलका नगरपाललकाको प्रशासकिय कार्य नियमित गर्ने ऐन, २०७५ ले दिएको अधिकार प्रयोग गरि ‘‘वेलका नगरपालिकाको **लघु ,घरेलु, तथा साना उधोग सम्वन्धित व्यवस्था गर्न वनेको स्थानिय औद्योगिक व्यवसाय ऐन, २०७६”**जारी गरिएको छ ।

### परिच्छेद - १
### प्रारम्भक

## ज्ञ. संक्षिप्त नाम र प्रारम्भ

(१) यस ऐनको नाम **लघु ,घरेलु, तथा साना उद्योग सम्वन्धित व्यवस्था गर्न वनेको स्थानिय औद्योगिक व्यवसाय ऐन, २०७६”**रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **पररभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **“लघु उद्यम”** भन्नाले दफा १८को उपदफा (१) को खण्ड(क) बमोजिमको उद्योग सम्झनु पछा ।

(ख) ‘‘**उद्योग दताा गने निकाय**’’ भन्नाले वेलका नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

(ग) ‘‘**स्थानिय तह**’’ भन्नाले वेलका नगरपालिका लाई संझनु पर्नेछ ।

(घ) ‘‘**कार्यपालिका**’’ भन्नाले वेलका नगर कार्यपालिका लाई संझनु पर्नेछ ।

(ङ) ‘‘**कार्यालय**’’ भन्नाले नगर कायापालिकाको कार्यालय सम्झनु पर्छ ।

(च) ‘‘**प्रमुख**’’ भन्नाले नगर प्रमुख लाई संझनु पर्नेछ ।

(छ) ‘‘**प्रमुख प्रशासकिय अधिकृत**’’ भन्नाले नगर कार्यपालकिाको कार्यालयको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनुपर्छ ।



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

(ज) **"वडा अध्यक्ष"** भन्नाले वेलका नगरपालिकाको सम्बन्धितवडामा निर्वाचित वडा अध्यक्षलाई सम्झनुपर्छ।

(झ)**"वडा समिति"** भन्नाले वेलका नगरपालिकाको सम्बान्धित वडाको वडा समिति सम्झनुपर्छ।

(ञ) **"घरेलु उद्योग"** भन्नाले दफा १८को उपदफा (१) को खण्ड (ख) बमोजिमको उद्योग सम्झनु पर्छ ।

(ट) **"तोकिएको"वा"तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोणजिम सम्झनु पर्छ।

(ठ) **"साना उद्योग"** भन्नाले दफा १८को उपदफा (१) को खण्ड (ग)बमोजिमको उद्योग सम्झनु पर्छ।
(ढ) **"स्थिर पूजी"** भन्नाले दफा १६ बमोजिमको सम्पति सम्झनु पर्छ।

(ड) **"उद्योग दताा गने निकाय"** भन्नाले नगर कार्यपालिकाको कार्यालयलाई संझनु पनेछ। सो वाक्यले नगर कार्यपालिकालाई समेत बुझाउँनेछ।

## पररच्छेद - २
## उद्योग दर्ता तथा नियमन सम्बन्धी व्यवस्था

**३. उद्योग दर्ता गराउनुपने** ((१) कसैले यस ऐन बमोजिम दर्ता नगराई वेलका नगरपालिका भित्र उद्योगको स्थापना वा सञ्चालन गर्न वा  गराउन हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित संघिय औद्योगिक व्यवसाय सम्बन्धी कानून बमोणजम दर्ता भई यस नगरपालिकाको भौगोलिक क्षेत्र भित्र सञ्चालनमा रहेका लघु, घरेलु तथा साना उद्योगले यस ऐन बमोजिम  स्वतः दर्ता भएको मानिनेछ।

३) उपदफा (२) बमोजिम संचालनमा रहेका उद्योगले यो ऐन जारी भएपछि वेलका नरपालिकाले सूचना प्रकाशन गरी तोकेको समयभित्र तोकिए बमोजिम उद्योग दर्ता गर्ने निकायबाट प्रमाण(पत्र लिनु पर्नेछ।

४. **उद्योग दर्ता गर्न निवेदन दिनुपर्ने** (१) यस ऐन बमोजिम उद्योग स्थापना गर्न चाहने व्यक्तिले तोकिए बमोणजमको विवरण र कागजात सहित तोकिएको ढाँचामा उद्योग दर्ता गर्ने निकाय समक्ष निवेदन दिनु पनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि लघु उद्यम र घरेलु उद्योगको हकमा त्यस्तो उद्योग सञ्चालन भएको मितिबाट छ महिनाभित्र उद्योग दर्ता गर्न निवेदन दिन सकिनेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका उद्योगहरु वेलका नगरपाकिमा  दर्ता गरिने छैन।



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

(क) विदेशी लगानीमा स्थापना हुने उद्योग,

(ख) नेपालको संविधानको अनुसूची ५ मा उल्लिखित विषयसँग सम्वन्धित उद्योग,

(ग) वेलका नगरपालिका भन्दा वाहिर कार्यक्षेत्र भएको उद्योग,

(घ) कूटनीतिक मामिला सम्वन्धी शैक्षिक परामर्श सेवाहरुसँग सम्वन्धित उद्योग

ङ) मझ्यौला, ठुला र वृहत उद्योग

(५) उपदफा (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा आवश्यक विवरण तथा कागजात पूरा भएको नदेखिएमा उद्योग दर्ता गर्ने निकायले नपुग विवरण वा कागजात पेश गर्न बढीमा नब्बे दिनको अवधि तोकी निवेदकलाई जानकारी दिनुपर्नेछ

५. **निवेदन अस्वीकृत गर्न सक्नेः** दफा ४ को उपदफा (५) बमोजिम माग गरेको विवरण वा कागजात निवेदकले पेश नगरेमा वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिमको प्रक्रिया पूरा भएको नदेखिएमा वा उद्योग दर्ता गर्न नमिल्ने भएमा उद्योग दर्ता गर्ने निकायले आधार र कारण खुलाई उद्योग दर्ताको निवेदन अस्वीकृत गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अस्वीकृत गर्ने निर्णय भएकोमा निर्णय भएको मितिले सात दिन भित्र आधार र कारण खुलाई सोको लिखित जानकारी सम्वन्धित निवेदकलाई दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको जानकारी निवेदकले प्राप्त गरेपछि दर्ता गर्ने तहवाट जानकारी पाएको भएनगर कार्यपालिका समक्ष जानकारी पाएको मितिले तीस दिन भित्र पुनरावेदन गर्न सक्नेछ र पुनरावेदन सुन्ने निकायले दुई महिना भित्र आवश्यक निर्णय गर्नेछ ।

(४) उजूरी सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६. **उद्योग दर्ताको प्रमाणपत्र दिनुपर्नेः** (१) दफा (४) बमोजिम उद्योग दर्ताका लागि परेको निवेदन जाँचवुझ गर्दा आवश्यक विवरण वा कागजात पूरा देखिएमा वा उद्योग दर्ताका लागि नपुग देखिएको विवरण वा कागजात दफा ४ को उपदफा (५) मा तोकिएको अवधिमा नपुग विवरण वा कागजात निवेदकले पेश गरेमा त्यस्तो विवरण वा कागजात प्राप्त भएको सात दिन भित्र उद्योग दर्ता गर्ने निकायले निवेदकको माग बमोजिमको उद्योग दर्ता गरी तोकिएको ढाँचामा उद्योग दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि वातावरणीय अध्ययन गर्नुपर्ने खालका तोकिए बमोजिमका उद्योगको हकमा वातावरणीय अध्ययन प्रतिवेदन तोकिएको निकायबाट स्वीकृत नगराई उद्योग दर्ताको प्रमाणपत्र दिइनेछैन र वातावरणीय अध्ययन सम्वन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम उद्योग दर्ताको प्रमाणपत्र दिँदा अन्य कुराका अतिरिक्त देहायका विवरणहरु सो प्रमाणपत्रमा खुलाउनु पर्नेछः(



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

(क) प्रमाणपत्र जारी भएको मिति,

(ख) व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नुपर्ने अवधि,

(ग) उद्योगले पालना गर्नुपर्ने शर्तहरु,

(घ) तोकिए बमोजिम अन्य विवरण ।

(४) उपदफा (१) बमोजिम दर्ता भएको उद्योगले उद्योग दर्ता गर्ने निकायले समय समयमा दिएको निर्देशन तथा दर्ता प्रमाणपत्रमा उल्लिखित शर्तहरुको पालना गर्नु पर्नेछ ।

७.**वातावरणमा प्रतिकूल असरको निराकरण गर्नुपर्नेः** उद्योग सञ्चालनका क्रममा वातावरणमा परेको वा पर्न सक्ने प्रतिकूल वातावरणीय असरको निराकरण गर्ने जिम्मेवारी सम्बन्धित उद्योगको हुनेछ ।

८. **अनुमति लिनुपने :** (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका उद्योग दर्ता गर्नु अघि  नगर कार्यपालिकाको अनुमति लिनु पर्नेछ :

(क) अनुसूची-१ मा उल्लेखित उद्योग,

(२) उपदफा (१) बमोजिम अनुमति आवश्यक पर्ने उद्योग दर्ता गराउन चाहने व्यक्तिले तोकिएको विवरण सहित तोकिएको ढाँचामा कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको निवेदन र सो सँग सम्बन्धित कागजात जाँचबुझ गर्दा आवश्यक विवरण र कागजात संलग्न भएको देखिएमा कार्यालयले आफ्नो राय सहित निर्णयको लागि नगर कार्यपालिकाको बैठकमा पेश गर्नेछ ।

(४) उपदफा (३) बमोणजिम कार्यपालिकाको बैठकले उद्योग दर्ता गर्न अनुमति दिने वा नदिने सम्बन्धमा साठी दिन भित्र निर्णय गरिसक्नु पर्नेछ ।यस्तो अनुमति दिने नदिने कार्यपालिकाको निर्णयको मुख्य आधार संघिय सरकारले निर्धारण गरको शर्त र मापदण्डहरु प्रमुख आधारहरु हुनेछन् ।

(५) उपदफा (४) बमोजिम नगर कार्यपालिकाले अनुमति दिने निर्णय भएकोमा त्यस्तो निर्णयको जानकारी प्राप्त गरेको मितिले तिस दिनभित्रउद्योग दर्ता गर्ने निकायले तोकिएको ढाँचामा अनुमतिपत्र दिनु पर्नेछ ।

(६) अनुमतिपत्र प्राप्त गरेपछि अनुमतिपत्रमा उल्लेख भएको समय अवधि भित्र उद्योग दर्ता गर्ननिवेदन दिनु पनेछ ।

(७) उपदफा (४) बमोजिम  नगर कार्यपालिका बाट उद्योग दर्ता गर्न अनुमति नदिने निर्णय भएमा सात दिनभित्र उद्योग दर्ता गर्ने निकायले निवेदकलाई सोको जानकारी दिनु पर्नेछ ।

९.   **उद्योग सञ्चालन, व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेको जानकारी दिनुपर्नेः** (१) यस ऐन बमोजिम दर्ता भएको उद्योगले उद्योग दर्ता प्रमाणपत्रमा उल्लेख भएको अवधिभित्र उद्योग सञ्चालन वा आफ्नो व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नु पर्नेछ र सोको जानकारी दुई महिना भित्रमा उद्योग दर्ता गर्ने निकायलाई गराउनु पर्नेछ ।



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

(२) कुनै उद्योगले उपदफा (१) बमोजिम उद्योग सञ्चालन वा आफ्नो व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्न नसकेकमा सोको कारण खुलाई उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित अवधि समाप्त हुनुभन्दा कम्तीमा पन्ध्र दिन अगावै त्यस्तो अवधि थपको लागि उद्योग दर्ता गर्ने निकाय समक्ष तोकिए बमोजिम निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र निवेदन निवेदन दिन नसकेमा सोको आधार र कारण खुलाई उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित अवधिभित्र वा सो अवधि समाप्त भएको मितिले छ महिना भित्र उक्त अवधि वढाउनका लागि तोकिए बमोजिमको विलम्ब शुल्क बुझाई उद्योग दर्ता गर्ने निकाय समक्ष निवेदन दिन सक्नेछ ।

(४) उपदफा (२) वा (३) बमोजिम प्राप्त निवेदन जाँचबुझ गरी उद्योग स्थापनाको लागि गर्नुपर्ने निर्माण कार्य लगायतका कामको प्रगति र उद्योगको प्रकृति हेरी उद्योग दर्ता गर्ने निकायले त्यस्तो उद्योगको सञ्चालन वा व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने अवधि तोकिए बमोजिम थप गरि दिनेछ ।

तर, कुनै उद्योगको सञ्चालन, व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने अवधि तीन पटक भन्दा बढी थप्न पाइने छैन ।

(५) उपदफा (४) बमोजिम अवधि थपिएकोमा सम्बन्धित उद्योगले सो अवधिभित्र उद्योगको सञ्चालन, आफ्नो व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नुपर्नेछ।

(६) उपदफा (४) बमोजिम कुनै उद्योगको सञ्चालन वा व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने अवधि थप हुन नसकेकोमा त्यस्तो निर्णय भएको सात कार्य दिनभित्र सोको लिखित जानकारी सम्वन्धित निवेदकलाई दिनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिमको जानकारी निवेदकले प्राप्त गरेपछि उद्योग दर्ता तहवाट जानकारी पाएको भएनगरकार्यपालिका समक्ष जानकारी पाएको मितिले तीस दिन भित्र पुनरावेदन गर्न सक्नेछ र पुनरावेदन सुन्ने निकायले दुई महिना भित्र आवश्यक निर्णय गर्नेछ ।

(८) उपदफा (४) बमोजिम कुनै उद्योग सञ्चालन वा व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने अवधि थप हुन नसकेमा त्यस्तो उद्योगलाई दिइएको दर्ता अनुमति स्वतः निष्कृय भएको मानिनेछ ।

**१०. अनुगमन गर्ने** : (१) कार्यालयले उद्योग दर्ता प्रमाणपत्रमा उल्लेखित शर्तहरुको पालना गरे नगरेको सम्बन्धमा उद्योगको नियमित अनुगमन गर्न सक्नेछ ।

(२) उद्योग दर्ता गने निकायले उपदफा (१) बमोजिमको अनुगमनको सिलसिलामा सम्बन्धित उद्योगबाट कुनै जानकारी वा विवरण माग गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम कुनै जानकारी वा विवरण माग गरेमा त्यस्तो जानकारी वा विवरण उपलब्ध गराउनु सम्बन्धित उद्योगको कर्तव्य हुनेछ ।



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

(४) उपदफा (३) बमोजिम प्राप्त भएको जानकारी वा  विवरणबाट त्यस्तो उद्योग सञ्चालनमा कुनै किसिमको समस्या भएको देखिएमा सम्बन्धित उद्योग सँग परामर्श गरी कार्यालयले त्यस्तो उद्योगलाई आवश्यक सहयोग उपलब्ध गराउन सिफारीस/समन्वय गर्न सक्नेछ ।

**११. उद्योग स्थानान्तरणको लागि स्विकृत लिनुपने** : (१) कुनै एक ठाउँमा सञ्चालन गर्ने गरी दर्ता भएको उद्योग कुनै कारणले नगरपालिका भित्रको अर्को  स्थानमा स्थानान्तरण गर्नुपर्ने भएमा सोको कारण खुलाई  नगरपालिको उद्योग शाखा समक्ष उद्योग स्थानान्तरणका लागि तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा यस ऐन बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारणम्भ वातावरणीय परीक्षण गर्नुपर्ने भएमा सो समेत सम्पन्न गरी गराई कार्यालयले तोकिए बमोजिम उद्योग स्थानान्तरणको नगर प्रमुखले स्विकृति दिन सक्नेछ ।

३)  कुनै प्रदेशको एक स्थानिय तहवाट अर्को स्थानिय तहमा उद्योग स्थानान्तरण गर्नु परेमा उद्योग स्थानान्तरण हुने स्थानिय तहको स्वीकृति लिनु पर्नेछ । यसरी स्थानान्तरण गर्दा स्थानान्तरण हुने स्थानियतहको प्रचलित औद्योगिक व्यवसाय ऐन तथा नियमावलीले तोकेको कार्यविधि र प्रकृया पूरा गर्नु पर्नेछ ।

४) उद्योग स्थानान्तरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१२.  **उद्योगको पूँजी वृद्धि, क्षमता वृद्धि र उद्देश्य थप वा परिवर्तन गर्दा स्वीकृती लिनुपर्नेः** (१) कुनै उद्योगले आफ्नो विद्यमान पूँजी वृद्धि वा क्षमता वृद्धि गर्न वा उद्देश्य थप वा परिवर्तन वा हेरफेर गर्न चाहेमा सोको स्वीकृतिको लागि नगरपालिकाको उद्योग शाखा वा दर्ता गर्ने निकाय समक्ष तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गरी उद्योग दर्ता गर्ने निकायले तोकिए बमोजिमको प्रकृया पूरा गरी त्यस्तो उद्योगको पूँजी वृद्धि गर्न, क्षमता वृद्धि गर्न, उद्देश्यमा थप, परिवर्तन वा हेरफेर गर्न नब्बे दिनभित्र स्वीकृति दिई दर्ता प्रमाणपत्रमा व्यहोरा जनाउनु पर्नेछ र त्यसरी पूँजी वृद्धि वा क्षमता वृद्धि गर्न वा उद्देश्य थप वा परिवर्तन वा हेरफेर गरेको कारणले उद्योगको वर्गीकरणमा परिवर्तन हुने भएमा सम्बन्धित उद्योगले सोको अभिलेख अद्यावधिक गरी राख्नुपर्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि लघु उद्यमले पूँजी वृद्धि वा क्षमता वृद्धि गर्दा उद्योग दर्ता गर्ने निकायको स्वीकृति लिनु पर्ने छैन ।

(४) यस दफाको प्रयोजनका लागि कुनै उद्योगले साविकमा जडित यन्त्र उपकरणमा फेरबदल नगरी व्यवस्थापकीय दक्षता अभिवृद्धि गरी प्रक्षेपित उत्पादनभन्दा बढी उत्पादन गरेकोमा क्षमता वृद्धि गरेको मानिने छैन ।



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

**१३. विवरण उपलब्ध गराउनु पर्ने** : (१) प्रत्येक उद्योगले व्याीसावयक उत्पादन वा कारोबार प्रारम्भ गरेपछि तोकिए बमोजिमको विवरण प्रत्येक आर्थिकवर्ष समाप्त भएको मितिले छ महिनाभित्र कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै उद्योग एक आर्थिक वर्षभन्दा बढी बन्द भएमा वा कुनै कारणले उत्पादन वा कारोबार नभए पनि उक्त अवधिको शुन्य विवरण बुझाउनु पर्नेछ । तर, त्यस्तो उद्योगले उद्योग दर्ता गर्ने निकायलाई सो उद्योग बन्द भएको जानकारी गराई अभिलेखमा जनाएपछि बन्द भएको अवधिभरको विवरण बुझाउन आवश्यक पर्ने छैन ।

**१४. उद्योग बन्द गरेमा जानकारी दिनुपर्ने** : यस ऐन बमोजिम दर्ता भएको उद्योग उद्योगीले कुनै कारणले बन्द गरेमा वा उद्योगको व्यवासायिक उत्पादन वाकारोबार स्थगन गरेमा त्यसरी बन्द वा स्थगन गरेको मितिले ३० दिनभित्र त्यसको जानकारी कार्यालयलाई तोकिए बमोजिम दिनु पर्नेछ ।

(२) उद्योगको उत्पादन वा कारोबारमा कुनै अवरोध वा वाधा उत्पन्न भएमा त्यस्तो उद्योगले उद्योग दर्ता गर्ने निकायमा जानकारी गराएमा सोको निराकरणका लागि सम्वन्धित नगरपालिकाको उद्योग दर्ता गर्ने निकाय र अन्य सम्बद्ध पक्षहरुवीच आवश्यक पहल र सहजीकरण गरी अवरोध हटाउन आवश्यक कार्य गर्नेछ ।

३) उपदफा (१) बमोजिम बन्द वा स्थगन भएको उद्योग पुनः सञ्चालनमा आएमा संचालनमा आएको एक महिना भित्र उद्योग दर्ता गर्ने निकायमा जानकारी दिनुपर्नेछ

**१५. उद्योगको दर्ता खारेज गर्न निवेदन दिन सकिने** : ((१) कुनै कारणले उद्योग सञ्चालन गर्न नसकिने भएमा त्यस्तो उद्योगको दर्ता खारेजीको लागि कार्यालय समक्ष तोकिए बमोजिमको कागजात सहित तोकिएको ढाँचामा निवेदन दिन सकिनेछ ।तर प्रचलित कानून बमोजिम दामासाहीमा परेको अवस्थामा सोही कानून बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा कार्यालयले सम्बन्धित उद्योगले आफ्नो दायित्व् फरफारक गरेको र उद्योगको दर्ता खारेज गर्न उपयुक्त हुने देखिएमा तोकिए बमोजिम उद्योग दर्ता खारेज गरी सोको जानकारी निवेदकलाई दिनु पर्नेछ ।

१६. **अभिलेख व्यवस्थित गर्नुपर्नेः** (१) उद्योग दर्ता, नवीकरण, नामसारी, नाम परिवर्तन, स्थानान्तरण, क्षमता बृद्धि, पूँजी बृद्धि, उद्देश्य थप वा परिवर्तन वा उद्योग खारेजी लगायतका उद्योग प्रशासनसँग सम्वन्धित अभिलेख सुरिक्षत राख्ने दायित्व उद्योग दर्ता गर्ने निकायको हुनेछ ।

(२) कुनै उद्योग वा त्यस्तो उद्योगमा स्वामित्व भएको व्यक्तिले आफूसँग सम्बन्धित उद्योगको उपदफा (१) बमोजिमको कागजात वा अभिलेख आवश्यक भएको खण्डमा तोकिए बमोजिमको ढाँचामा उद्योग दर्ता गर्ने निकाय समक्ष निवेदन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको निवेदन पर्न आएमा उद्योग दर्ता गर्ने निकायले तोकिएको दस्तुर लिई उद्योग शाखामा रहेको कागजात वा अभिलेख प्रमाणित गरी तत्काल उपलब्ध गराउनु पर्नेछ ।



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

(४) कुनै कारणले उद्योग दर्ता गर्ने निकायमा रहेको अभिलेख नष्ट भएको वा फेला पर्न नसकेको अवस्थामा उद्योग दर्ता गर्ने निकायले सरोकारवाला अन्य सरकारी निकायमा रहेको कागजात वा अभिलेख तथा सम्बन्धित उद्योगले पेश गरेका अन्य कागजातलाई आधार मानी अभिलेख कायम गरी उपदफा (३) बमोजिमको प्रतिलिपि तत्काल उपलब्ध गराउनु पर्नेछ ।

(५) उद्योग दर्ता गर्ने निकायले उपदफा (४) बमोजिम प्रतिलिपी जारी गरे पश्चात सो उद्योगको अभिलेख सम्बन्धी विवरण पछि अन्यथा प्रमाणित हुन आएमा उद्योग दर्ता गर्ने निकायले निर्णय गरी त्यस्तो प्रतिलिपी रद्द गर्नु पर्नेछ ।

(६) उद्योग दर्ता गर्ने निकायमा रहेको कुनै उद्योगसँग सम्बन्धित कागजात वा अभिलेख सम्बन्धित उद्योग वा त्यस्तो उद्योगमा स्वामित्व भएको व्यक्ति वा त्यस्तो व्यक्तिसँग सरोकार राख्ने अन्य व्यक्ति वा निकाय बाहेक अन्य व्यक्ति वा निकायले त्यस्तो कागजात प्राप्त गर्न सक्ने छैनन् ।

१७. **दर्ता नियमन प्रक्रिया निर्धारण गर्नुपर्नेः** उद्योग दर्ता गर्ने निकायले सेवा प्रवाहमा एकरुपता तथा प्रक्रियागत पारदर्शिता कामय गर्न उद्योग दर्ता प्रक्रियामा लाग्ने समय, लागत, निर्णयमा संलग्न हुने तह तथा सेवाग्राहीले प्राप्त गर्ने सेवालाई वढी सुशासनमैत्री वनाउन तोकिए बमोजिम आवश्यक कार्य गर्नुपर्नेछ।

## पररच्छेद - ३
## उद्योगको वर्गिकरण तथा स्थिर पूँजी

**१८. उद्योगको वर्गिकरण :** (१) यस ऐनको प्रयोजनको लागि उद्योगहरुलाई देहाय बमोणजम वर्गिकरण गरिएको छ :

(क) लघु उद्यम : देहायको अवस्था भएको उद्योगलाई लघु उद्यम मानिनेछ :

(१) घर जग्गा बाहेक बढीमा विस लाख रुपैयाँ सम्मको स्थिर पूँजी रहेको,

(२) उद्यमी स्वयम उद्योगको सञ्चालन र व्यवस्थापनमा संलग्न रहेको,

(३) उद्यमी सहित बढीमा नौ जनासम्म कामदार रहेको,

(४) बार्षिक कारोबार  एक करोड रुपैयाँ भन्दा कम रहेको, र

(५) इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा इन्जिन, उपकरण वा मेसिनमा खपत हुने विद्युतीय ऊर्जा, इन्धन वा अन्य तेल इन्जिन क्षमता पच्चिस किलोवाट वा सोभन्दा कम रहेको ।

तर उपखण्ड (१) देणख (५) सम्म जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची-१ बमोजिम स्विकृति लिनुपने उद्योगलाई लघु उद्यम मानिने छैन ।

(ख) घरेलु उद्योग :  देहायको अवस्था भएको उद्योगलाई घरेलु उद्योग मानिनेछ,

(१) परम्परागत सीप र प्रविधिमा आधारित,



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

(२) श्रममूलक र खास सीप वा स्थानीय कच्चा पदार्थ एवं स्थानीय प्रविधि, कला तथा संस्कृतिमा आधारित,

(३) इन्जिन, उपकरण वा  मेसिनको प्रयोग गरेको भएमा बढीमा पचास किलोवाट सम्मकोक्षमताको विद्युतीय ऊर्जा प्रयोग गरेको, र

(४) अनुसूची-२ मा उल्लेख भए बमोजिमका उद्योगहरु । तर तोकिए बमोजिम सम्मको स्थिर पूँजी भएका उद्योगहरु ।

(ग) साना उद्योग :  (१) लघु उद्यम र घरेलु उद्योग बाहेकको पन्द्र करोड रुपैयाँसम्म स्थिर पूँजी भएको उद्योग,

घ) मध्यम उद्योग:( पन्ध्र करोड रुपैयाँभन्दा बढी पचास करोड भन्दा कम स्थिर पूँजी भएको उद्योग ।

(ङ) ठूला उद्योग: पचास करोड रुपैयाँभन्दा बढी पाँच अर्व रुपैयाँसम्म स्थिर पूँजी भएको उद्योग ।

(च) बृहत उद्योग: पाँच अर्व रुपैयाँभन्दा बढी स्थीर पूँजी भएको उद्योग ।

(२) उपदफा (१) मा उल्लेखित उद्योगलाई त्यस्ता उद्योगबाट उत्पादन हुने वस्तु वा सेवाको प्रकृतिको आधारमा देहाय बमोजिमवर्गीरकण गरिनेछि :

(क) ऊर्जाामूलक उद्योग :ऊर्जा उत्पादन गने व्यवसायमा संलग्न अनुसूची-३ मा उल्लेखित उद्योगहरु ।

(ख) उत्पादनमूलक उद्योग : कच्चा पदार्थ, सहायक कच्चा पदार्थ वा अर्ध प्रशोधित कच्चा पदार्थको प्रयोग वा प्रशोधन गरी मालवस्तु उत्पादन गर्ने उद्योगहरु ।

(ग) कृषि तथा वन पैदावारमा आधारित उद्योग : कृषि तथा वन पैदावरमा आधारित कच्चा पदार्थबाट कुनैवस्तु उत्पादन गने वा कृषि तथावन पैदावार सँग सम्बन्धित अनुसूची-४ मा उल्लेखित उद्योगहरु ।

(घ) खनिज उद्योग : खनिज उत्खनन् तथा प्रशोधन गरी कुनै धातु वा धातु बाहेकका खनिज पदार्थ उत्पादन गने उद्योगहरु ।

(ङ) पुर्वाधार उद्योग : भौतिक पूर्वाधार निर्मण गरी सञ्चालन गने अनुसूची-५ मा उल्लेख गरिएका उद्योगहरु ।

(च) पर्यटन उद्योग : पर्यटन सेवासँग सम्वन्धित अनुसूची-६ मा उल्लेखित उद्योगहरु ।

(छ) सूचना, प्रसारण तथा सञ्चार प्रविधिमा आधारित उद्योग : सूचना सङ्कलन, प्रशोधन र प्रसारणका लागि प्रविधि प्रयोग गरी सूचना, सञ्चार वा सूचना प्रविधिको सेवा उपलब्ध गराउने अनुसूची-७ मा उल्लेखित उद्योगहरु ।

(ज) सेवामूलक उद्योग : सेवा उत्पादन वा प्रदान गर्ने अनुसूची-८ मा उल्लेखित उद्योगहरु (३) कुनै उद्योगले उपदफा (१) मा उल्लेख भए बमोजिमको आफ्नो स्थिर पूँजी परिवर्तन वा हेरफेर गर्न चाहेमा उद्योग दर्ता गर्ने निकाय समक्ष तोकिए बमोजिम निवेदन दिन सक्नेछ ।



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

(३) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा उद्योग दर्ता गर्ने निकायले त्यस्तो उद्योगको स्थिर पूँजी परिवर्तन वा हेरफेर गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम उद्योगको स्थिर पूँजी परिवर्तन वा हेरफेर भएमा त्यस्तो उद्योग स्थिर पूँजी परिवर्तन वा हेरफेर भई कायम भए अनुसार उपदफा (१) बमोजिमको जुन वर्गमा पर्ने हो सोही वर्गमा वर्गीकृत भएको मानिनेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिकाको सिफारिसमा कार्यालयले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी कुनै उद्योगलाई उद्योगकोवर्गीकरणमा समावेश गर्न सक्नेछ ।

६) प्रचलित कानून बमोजिम दर्ता भई संचालनमा रहेका तोकिए बमोजिमका सहकारी संस्थाले सो संस्थाको स्वामित्व रहने गरी उद्योग दर्ता गर्न चाहेमा यस ऐन बमोजिम उद्योग दर्ता गर्न सकिनेछ ।

१९. उद्योगको स्थिर पूँजी : (१) यस ऐनको प्रयोजनको लागि उद्योगको स्थिर पूँजीको मूल्याङ्कन गर्दा देहायको सम्पतिलाई आधार मानी मूल्याङ्कन गरिनेछि :

(क) जमिन तथा जमिनमुनि (अण्डरग्राउण्ड), अन्तरिक्ष, जल वा जलमुनि निर्माण वा सुधार भएका भौतिक संरचना,

(ख) जमिनमाथि निर्माण भएका भौतिक संरचना : (जस्तै ढल निकास, आन्तरिक सडक, खानेपानीका संरचना, पानी आपूर्ति गर्ने प्रणाली)

(ग) उद्योगको कार्यालय, कारखाना, भवन वा गोदाम घर,

(घ) कर्मचारी वा कामदारका लागि निर्माण भएको आवास भवन,

(ङ) विद्युत आपूर्ति तथा सोसँग सम्बन्धित उपकरण र प्रणाली,

(च) मेसिनरी, उपकरण, औजार तथा तिनका जगेडा पार्टसपूर्जा,

(छ) परिवहनका साधन,

(ज) कार्यालय सामग्री तथा उपकरण,

(झ) फिक्स्चर तथा फर्निचर,

(ञ) सञ्चार सामग्री तथा सोसँग समीन्धत उपकरण र प्रणाली ।

(२) उपदफा (१) मा उल्लेखित सम्पतिका अतिरिक्त उद्योग स्थापना हुनुभन्दा अघि वा निर्माणको विभिन्न चरणमा भएको देहायका खर्चलाई पनि उद्योगको स्थिर पूँजीको रुपमा मूल्याङ्कन गरिनेछि :

(क) पूँजीकृत गरिने प्राविधिक तथा सुपरीवेक्षण खर्च,

(ख) पूर्व  लगानी तथा पूर्व सञ्चालन खर्च,



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

(ग) पूँजीकृत हुने ब्याज खर्च ।

(घ) उद्योग सञ्चालन पूर्वको वातावरणीय अध्ययन र अनुसन्धान खर्च ।

२०. नगर प्राथमिकता प्राप्त उद्योगः (१) यस ऐनको अनुसूची ९ मा उल्लिखित उद्योगहरुलाई नगर स्तरिय प्राथमिकता प्राप्त उद्योग मानिने छ ।

## परिच्छेद ४

## नगर स्तरिय उद्योग प्रवर्द्धन समन्वय समिति

२१. नगरस्तरिय उद्योग प्रवर्द्धन समन्वय समितिः (१) नगरस्तरमा लगानी प्रवर्द्धन तथा उद्योग स्थापनालाई प्रश्रय दिन देहाय बमोजिमको नगर स्तरिय उद्योग प्रवर्द्धन समन्वय समितिको गठन गरिनेछः

| | | | |
|---|---|---|---|
| १ | संयोजक | नगर प्रमुख | १ |
| २ | सदस्य | नगर उप प्रमुख | १ |
| ३ | सदस्य | प्र.प्र.अधिकृत | १ |
| ४ | सदस्य | स्थानिय वैक का प्रमुख | १ |
| ५ | सदस्य | वडा अध्यक्ष | १ |
| ६ | सदस्य | दलित सदस्य | १ |
| ७ | सदस्य | नगर स्तरीय उद्यमी समुहवाट | २ |
| ८ | सदस्य | सामाजिक शाखावाट | १ |
| ९ | सदस्य | नगरस्तरिय उद्योग वाणिजय संघ | १ |
| १० | सदस्य | सामाजिक शाखावाट | १ |
| ११ | आमन्त्रित सदस्य | सम्वन्धित क्षेत्रको विज्ञ | १ |
| १२ | सदस्य सचिव | उद्योग विकास शाखा | १ |

(३) समितिको सचिवालय उद्योग विकास शाखामा रहनेछ ।

(४) समितिको वैठक संचालन सम्वन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

२२. समितिको काम, कर्तब्य र अधिकारः (१) यस ऐनमा उल्लिखित अन्य काम, कर्तब्य र अधिकारका अतिरिक्त समन्वय समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) जिल्लामा औद्योगिक तथा लगानी प्रवर्द्धन, लगानीको संरक्षण, अभिवृद्धि तथा औद्योगिकरण सम्वन्धी नीतिगत निर्णयका लागि प्रदेश सरकार समक्ष सिफारिस गर्ने,



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

(ख) उद्योग सम्वन्धी कानूनको कार्यान्वयनमा कुनै बाधा, अड्काउ वा द्विविधा उत्पन्न भएमा त्यसको समाधानको लागि सहजीकरण गर्ने,

(ग) नगरको समग्र औद्योगिकरण सम्वन्धी नीतिगत, कानूनी, संस्थागत र प्रक्रियागत संरचना एवं कार्यप्रणालीको नियमित समिक्षा गरी त्यसमा आवश्यक सुधार गर्न प्रदेश सरकार समक्ष सुझाव तथा सिफारिस गर्ने,

(घ) नगरको औद्योगिक विकास तथा उद्यमशिलता विकासको स्थितिको समग्र मूल्याङ्कन तथा समिक्षा गरी आवश्यक कदम चाल्न प्रदेश सरकार समक्ष सुझाव तथा सिफारिस गर्ने,

(ङ) नगरस्थित विभिन्न स्थानीय तहमा औद्योगिक विकास गर्न घरेलु, औद्योगिक ग्राम स्थापना र संचालन गर्न आवश्यक पहल गर्ने,

(च) औद्योगिक लगानी अभिवृद्धि गर्न तथा प्रोत्साहन दिन आवश्यकता अनुसार अध्ययन, अनुसन्धान तथा सर्वेक्षण गर्ने सम्वन्धमा प्रदेश सरकार समक्ष सिफारिस र सुझाव गर्ने,

(छ) सार्वजनिक, निजी र सहकारी क्षेत्रको प्रभावकारी, समन्वयात्मक र सामञ्जस्यतापूर्ण सहकार्यमा प्रतिष्पर्धात्मक औद्योगिक वातावरण निर्माण गर्न आवश्यक सहजीकरण गर्ने,

(ज) नगर भित्र दर्ता भएका उद्योग संचालनमा रहे नरहेको अनुगमन गरी प्रतिवेदन निर्देशनालय मार्फत प्रदेश मन्त्रालयमा पठाउने,

(झ) औद्योगिक विकासको लागि सहजीकरण, समिक्षा तथा समन्वय सम्वन्धी तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद - ५
## उद्योगलाई प्रदान गरिने छुट, सुविधा वा सहुलियत सम्बन्धी व्यवस्था

२३. **आयकर सम्बन्धी छुट, सुविधा वा सहुलियतः** यस ऐन अन्तर्गत दर्ता भएको उद्योगलाई कर सम्वन्धी प्रचलित कानून र संघीय र प्रदेश ऐनले प्रदान गरेको छुट, सुविधा वा सहुलियत प्रदान गर्न नगरपालिकाले सम्वन्धित निकायमा सिफारिस गर्नेछ ।

२४.भन्सार महसुल सम्बन्धी छुट, सुविधा वा सहुलियतः (१) यस ऐन बमोजिम दर्ता भएको उद्योगलाई संघीय ऐन बमोजिम दिइने छुट प्रदान गर्न सम्वन्धित निकायमा सिफारिस गरिनेछ । नगरमा स्थापना भई संचालनमा रहेका उद्योगहरुलाई विशेष छुट, सुविधा, सहुलियत उपलब्ध गराउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको छुट, सुविधा, सहुलियत नगर सरकारको वार्षिक बजेट, नीति कार्यक्रम बमोजिम वा नगर सरकारले निर्णय गरे बमोजिम हुनेछ ।

२५. **लघु उद्यमको लागि अन्य सुविधा एवं सहुलियतिः**(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम लघु उद्यम दताा गर्दा कुनै शुल्क वा दस्तुर लाग्ने छैन ।



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

२) यो ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका लघु उद्यमलाई यो ऐन जारी भएको मितिले र यस ऐन बमोजिम दर्ता भई सञ्चालनमा आएको लघु उद्यमलाई प्रचलित कानून बमोजिम करमा छुट दिन सकिनेछ

२६. **महिला उद्यमीका लागि थप सुविधाः** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि महिला उद्यमीको मात्र स्वामित्व रहने गरी उद्योग वा फर्म दर्ता गराएमा त्यस्तो उद्योग दर्ता गर्दा यस ऐन बमोजिम लाग्ने दस्तुर वा शुल्कमा पैतिस प्रतिशत छुट हुनेछ ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि महिला उद्यमीको मात्र स्वामित्व रहने गरी दर्ता भएको उद्योगमा प्रयोग गरिने औद्योगिक सम्पत्ति दर्ता गराउँदा प्रचलित कानून बमोजिम छुट हुनेछ ।

(३) महिला उद्यमीले कुनै औद्योगिक क्षेत्र वा औद्योगिक ग्रामभित्र नयाँ उद्योग स्थापना गर्न चाहेमा त्यस्तो क्षेत्र सञ्चालन गर्ने निकायले स्थान उपलब्ध गराउन त्यस्ता महिला उद्यमीलाई प्राथमिकता दिनुपर्नेछ ।

(४) महिला उद्यमीको विकास प्रवर्द्धनका लागि नगर सरकारले महिला उद्यमी कोष स्थापना गरी संचालन गर्न सक्नेछ र त्यस्तो कोषको संचालनका लागि आवशयक कार्यविधि स्वीकृत गरी कार्यान्वयन गर्न सक्नेछ ।

२७. **औद्योगिक ग्राममा सञ्चालित उद्योगहरुका सम्बन्धमा विशेष व्यवस्था**: औद्योगिक क्लष्टर, औद्योगिक करिडोर र उद्योग ग्रामभित्र सञ्चालनमा आएका उद्योगलाई नगर सरकारले प्रोत्साहन, छुट, सुविधा वा सहुलियत सम्बन्धमो आवश्यक निर्णय गरी लागू गर्न सक्नेछ ।

२८. **जग्गा सम्वन्धी व्यवस्थाः** (१) यस ऐन वा प्रचलित कानून बमोजिम दर्ता भएका उद्योगका लागि आवश्यक जग्गा सम्वन्धित उद्यमीले प्रचलित कानून बमोजिम आफैले खरिद गर्नुपर्नेछ।

तर तोकिए बमोजिमका उद्योग सञ्चालन गर्ने उद्यमीले उद्योगका लागि आवश्यक जग्गा खरिद गर्न नसकेमा सोही व्यहोरा खुलाई जग्गा खरिद गर्न वा जग्गा उपलब्ध गराइदिन अनुरोध गरेमा उद्योग दर्ता गर्ने निकायले जग्गा खरिद गर्न वा जग्गा उपलब्ध गराइदिने सम्बन्धमा आवश्यक समन्वय र सहिजकरण गर्नेछ ।

(२) जग्गा उपलब्ध गराउन समन्वय र सहजीकरण गर्ने प्रकृया तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२९. **लिजमा जग्गा उपलब्ध गराउने**: (१) नगर प्राथमिकताप्राप्त उद्योग सञ्चालन गर्न नगर सरकारको स्वामित्वमा रहेको जग्गा आवश्यक पर्ने भएमा त्यस्ता उद्योगले आफूलाई आवश्यक पर्ने जग्गाको क्षेत्रफल खुलाई जग्गा उपलब्ध गराई दिन उद्योग दर्ता गर्ने निकाय समक्ष तोकिए बमोजिम निवेदन दिन सक्नेछ ।



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा उद्योग दर्ता गर्ने निकायले उद्योगलाई आवश्यक पर्ने जग्गा उपलब्ध गराउने सम्वन्धमा आवश्यक कारबाही अगाडि बढाउन नगर कार्यपालिकामा पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा नगर सरकारले प्रचलित कानून बमोजिम त्यस्तो जग्गा उद्योग सञ्चालनको प्रयोजनको लागि सम्बन्धित उद्योगलाई लिजमा उपलब्ध गराउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम नगर सरकारको स्वामित्वमा रहेको जग्गा लिजमा उपलब्ध गराए बापत उद्योगले तिर्नुपर्ने रकम र लिज सम्बन्धी अन्य शर्तहरु नगर सरकार र सम्बन्धित उद्योग बीच हुने सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

(५) यस दफा बमोजिम लिजमा जग्गा प्राप्त गरी सञ्चालन भएको उद्योग कुनै कारणवश सञ्चालन हुन नसकेमा उपदफा (३) बमोजिम नगर सरकारले उपलब्ध गराएको जग्गाको लिज सम्झौता स्वतः रद्द हुनेछ र त्यस्तो जग्गा नगर सरकारले विना शर्त स्वतः फिर्ता पाएको मानिनेछ ।

(६) उद्योगलाई लिजमा जग्गा उपलब्ध गराउने सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३०. **जग्गाको अधिकतम हदबन्दीमा छुटः** कुनै उद्योगलाई आवश्यक पर्ने जग्गा प्रचलित कानून बमोजिम राख्न पाउने जग्गाको अधिकतम हदभन्दा बढी भएमा सो बढी भए सम्मको जग्गा राख्न छुट पाउने सम्वन्धी व्यवस्था प्रचलित कानून र तोकिए बमोजिम हुनेछ ।

**३१. छुट, सुविधा वा सहुलियतको प्रत्याभूति** : (१) यो ऐन प्रारम्भ हुँदाका बखत दर्ता भई सञ्चालनमा रहेका उद्योगलाई यस ऐन र प्रचलित कानून बमोजिम प्रदान गरिएको छुट, सुविधा वा सहुलियतलाई सीमित गर्ने गरी कुनै व्यवस्था गरिने छैन ।

(२) यो ऐन प्रारम्भ हुनुभन्दा तत्काल अघि बहाल रहेको औद्योगिक व्यवसाय ऐन, २०७५ अन्तर्गत अनुमति प्राप्त गरी वा दर्ता गरी सञ्चालनमा रहेको उद्योगले सो ऐन बमोजिम अवधि किटिएका छुट, सुविधा वा सहुलियतका हकमा सोही ऐन बमोजिम र अवधि नकिटिएको छुट, सुविधा वा सहुलियतका हकमा यस ऐन बमोजिमको छुट, सुविधा वा सहुलियत पाउनेछ ।

(३) यो ऐन प्रारम्भ हुनुअघि दर्ता भएको वा अनुमति प्राप्त गरेको तर यो ऐन प्रारम्भ भएपछि मात्र व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेको उद्योगले यस ऐन बमोजिमको छुट, सुविधा वा सहुलियत पाउनेछ ।

तर त्यस्तो उद्योग दर्ता वा अनुमति प्राप्त गर्दाका बखत कायम रहेको औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानून बमोजिम छुट, सुविधा वा सहुलियत पाउने अवधि यस ऐनले प्रदान गरेको छुट, सुविधा वा सहुलियत भन्दा बढी अवधिको भएमा वा यस ऐन बमोजिम त्यस्तो छुट, सुविधा वा सहुलियत नपाउने भएमा तत्काल प्रचलित औद्योगिक व्यवसाय सम्बन्धी कानून बमोजिमको छुट, सुविधा वा सहुलियत पाउनेछ ।

**३२. औद्योलगक सुरक्षा सम्बन्धी व्यवस्था** : प्रचलित कानून बमोजिम स्थापना भएको उद्योगको लागि आवश्यकता अनुसार नेपाल सरकारले तोकिए बमोजिम औद्योगिक सुरक्षाको अतिरिक्त



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

स्थानीयस्तरमा सुरक्षित संचालनको वतावरण बनाई राख्न आवश्यक सहयोग, समन्वय र सहजिकरण गरिनेछ ।

३३. **छुट, सुविधा वा सहुलियतको दुरुपयोग गर्न नहुने** : यस ऐन बमोजिम उद्योगले प्राप्त गर्ने छुट, सुविधा वा सहुलियत जुन प्रयोजनका लागि दिइएको हो सोही प्रयोजनका लागि मात्र प्रयोग गर्नु पर्नेछ र त्यसको दुरुपयोग गर्न पाइने छैन ।

**परिच्छेद - ६**
**एकल बिन्दु सेवा केन्द्र सम्बन्धी व्यवस्था**

३४. **एकल बिन्दु सेवा केन्द्रको स्थापना** : (१) यस ऐन तथा प्रचलित अन्य कानून बमोजिम उद्योग वा लगानीकर्ता लाई प्राप्त हुने छुट, सुविधा वा सहुलियत र उद्योगको लागि आवश्यक पर्ने पूर्वाधार सम्बन्धी सेवा समयमै सरल र सहज रुपमा एकै थलोबाट उपलब्ध गराउने सम्बन्धमा नगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी एकल बिन्दु सेवा केन्द्रको स्थापना गरी सञ्चालनमा ल्याउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम एकल बिन्दु सेवा केन्द्र स्थापना तथा सञ्चालनका सम्बन्धमा स्थानीय राजपत्रमा सूचना प्रकाशन गर्दा अन्य कुराका अतिरिक्त त्यस्तो सेवा केन्द्र रहने स्थान, केन्द्रका माध्यमबाट उद्योगहरुलाई पुयााइने सेवा, केन्द्रमा रहने निकायगत एकाइहरु र सेवा सञ्चालन समिति समेत तोक्नेछ ।

(३) उपदफा (१) बमोजिम एकल बिन्दु सेवा केन्द्रको स्थापना नभएसम्मको लागि यस ऐन बमोजिम उद्योगले पाउने छुट, सुविधा वा सहुलियत एकै थलोबाट समयमै उपलब्ध गराउन नगरपालिकाले स्थानीय राजपत्रमा सुचना प्रकाशन गरी एकल बिन्दु सेवा सञ्चालन समिति केन्द्र गठन गर्नेछ ।

**३५. एकल बिन्दु सेवा सञ्चालन समितिको काम, कर्तव्य र अधिकार** : (१) एकल बिन्दु सेवा सञ्चालन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ : (क) यस ऐन अन्तगात उद्योगले पाउने छुट, सुविधा वा सहुलियत प्रदान गर्ने निर्णय गरी सोको कार्यान्वयन गर्ने वा गराउने,

(ख) कार्यपालिकाले आफ्ना काम, कर्तव्य र अधिकार अन्तर्गत प्रत्यायोजन गरेका कार्यहरू गर्ने,

(ग) उद्योगलाई आवश्यक पर्ने विद्युत, पानी, दूरसञ्चारका साधन, जग्गा, सडक जस्ता पूर्वाधार सेवा उपलब्ध गराउने सम्बन्धमा समयवद्ध व्यवस्था गर्न आवश्यक निर्णय गरी सोको कार्यान्वयन गर्ने, गराउने,

(घ) तोकिए बमाीजमका अन्य कार्यहरु गर्ने ।

(२) यस दफा बमोजिम एकल बिन्दु सेवा सञ्चालन समितिले गरेको निर्णय सम्बन्धित निकायले कार्यान्वयन गर्नु पर्नेछ ।



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

(३) एकल बिन्दु सेवा सञ्चालन समितिले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार उपदफा (४) बमोजिम गठित उप समितिलाई प्रत्यायोजन गर्न सक्नेछ । तर उपदफा (१) को खण्ड (ख) मा तोकिएको अधिकार प्रत्यायोजन हुने छैन ।

(४) एकल बिन्दु सेवा सञ्चालन समितिले आफूले गर्ने काम कारबाहीको लागि आवश्यकता अनुसार उपसमितिहरु गठन गर्न सक्नेछ र त्यसरी गठन भएको उपसमितिको काम, कर्तव्य र अधिकार सो समितिले तोकिदिए बमोजिम हुनेछ ।

## परिच्छेद - ७

## रुग्ण उद्योग सम्बन्धी व्यवस्था

**३६. रुग्ण उद्योगको पहिचानः** (१) उद्योगले आफ्ना व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेको मितिदेखि न्यूनतम पाँच बर्षसम्म सञ्चालनमा रही उद्योगको आफ्नै नियतवश वा व्यवस्थापकीय कमजोरीका कारणले नभई काबू बाहिरको परिस्थिति परि लगातार पछिल्ला तीन वर्षसम्म उद्योगको जडित क्षमताभन्दा तीस प्रतिशत वा सो भन्दा कम क्षमतामा सञ्चालन भई सो तीन वर्षको अवधिमा लगातार घाटामा सञ्चालनमा रहेको प्रमाणित भएमा उद्योगलाई तोकिए बमोजिमको मापदण्डका आधारमा तोकिए बमोजिमको कार्य्विधि अपनाई नगर कार्यपालिकाले रुग्ण उद्योगको रुपमा घोषणा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम रुग्ण भई बन्द अवस्थामा रहेको उद्योगलाई सो उद्योगले पेश गरेको स्कीम वा परियोजना प्रस्ताव तथा नगर कार्यपालिका बाट भएको अध्ययनबाट निश्चित छुट, सुविधा वा सहुलियत उपलब्ध गराउँदा पुनः सञ्चालनमा आउन सक्ने देखिएमा नगर कार्यपालिकाले त्यस्तो उद्योगको पुनरुत्थान, पुनर्निर्माण तथा व्यवस्थापन गर्न निश्चित अवधिका लागि तोकिए बमोजिमको छुट, सुविधा वा सहुलियत उपलब्ध गराउन सक्नेछ ।

तर पूर्ण रुग्ण उद्योगको हकमा भने कुनै छुट, सुविधा वा सहुलियत उपलब्ध गराइने छैन ।

**३७. रुग्ण उद्योगको वर्गीकरणः** दफा ३९ बमोजिम पहिचान भएका उद्योगहरुलाई तोकिए बमोजिमको मापदण्डका आधारमा पूर्ण रुग्ण, रुग्ण र रुग्ण उन्मुख उद्योगका रुपमा वर्गीकरण गरी त्यस्ता उद्योगहरुको व्यवस्थापनका लागि तोकिए बमोजिम आवश्यक व्यवस्था गर्न सकिनेछ ।

**३८. रुग्ण उद्योग सम्वन्धी संस्थागत व्यवस्थाः** (१) यस परिच्छेद बमोजिम रुग्ण उद्योगको पहिचान, वर्गीकरण, पुनरुत्थान, पुनर्निर्माण र व्यवस्थापनका लागि सुझाव दिन नगर सरकारले सम्बन्धित क्षेत्रका विशेषज्ञ समेत रहेको समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित समितिको संरचना, काम, कर्तब्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ( ८



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

## सजाय र पुनरावेदन सम्वन्धी व्यवस्था

**३९. सजाय:** (१) कसैले दफा ३ बमोजिम उद्योग दर्ता नगराई उद्योग सञ्चालन गरेको पाइएमा उद्योग दर्ता गर्ने निकायले त्यस्तो उद्योगलाई तत्काल बन्द गर्न लगाई देहाय बमोजिमको जरिवाना गर्न सक्नेछ:

(क) लघु उद्यमको हकमा पाँच हजार रुपैयाँ,

(ख) घरेलु र साना उद्योगको हकमा पच्चीश हजार रुपैयाँ,

(२) कुनै उद्योगले आफ्नो उद्देश्य विपरीत कार्य गरेमा उद्योग दर्ता गर्ने निकायले त्यस्तो उद्योगलाई देहाय बमोजिमको जरिवाना गर्न सक्नेछ:

(क) लघु उद्यमको हकमा दुई हजार देखि पाँच हजार रुपैयाँसम्म जरिवाना गर्ने,

(ख) घरेलु र साना उद्योगको हकमा तिन हजार देखि पचास हजार रुपैयाँसम्म जरिवाना गर्ने,

(३) कुनै उद्योगले दफा ९ बमोजिम तोकिएको अवधिभित्र उद्योग सञ्चालन वा आफ्नो व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेको जानकारी नदिएमा उद्योग दर्ता गर्ने निकायले देहाय बमोजिमको जरिवाना गर्नेछ:

(क) लघु उद्यमको हकमा प्रत्येक छ महिनाको लागि दुई हजार रुपैयाँ

(ख) घरेलु र साना उद्योगको हकमा प्रत्येक छ महिनाको लागि दश हजार रुपैयाँ,

(४) कुनै उद्योगले दफा ११ बमोजिम स्वीकृति नलिई उद्योगको स्थानान्तरण गरेमा वा दफा १२ बमोजिम स्वीकृति नलिई पूँजी वृद्धि, क्षमता वृद्धि, उद्देश्य थप वा परिवर्तन गरेमा उद्योग दर्ता गर्ने निकायले देहायको कुनै जरिवाना गर्नेछ:

(क) लघु उद्यमको हकमा पाँच हजार रुपैयाँ,

(ख) घरेलु र साना उद्योगको हकमा पच्चीश हजार देखी पचास हजार रुपैयाँसम्म,

(५) कुनै उद्योगले दफा १३ बमोजिम तोकिएको विवरण तोकिएको अवधिभित्र उपलब्ध नगराएमा उद्योग दर्ता गर्ने निकायले त्यस्तो उद्योगलाई देहाय बमोजिमको जरिवाना गर्न सक्नेछ:

(क) लघु उद्यमलाई एक हजार रुपैयाँ,

(ख) घरेलु र साना उद्योगलाई पाँच हजार रुपैयाँ,

(६) कुनै उद्योगले दफा ३३ विपरीत हुने गरी कुनै कार्य गरेमा उद्योग दर्ता गर्ने निकायको सिफारिसमा नगर कार्यपालिकाले त्यस्तो उद्योगलाई उपलब्ध गराएको प्रोत्साहन, छुट, सुविधा वा सहुलियत जुनसुकै बखत रोक्का गर्न, त्यस्तो प्रोत्साहन, छुट, सुविधा वा सहुलियत बराबरको रकम असूल उपर गर्न वा सो बराबरको रकम जरिवाना गर्न सक्नेछ ।



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

(७) कुनै उद्योगले दफा ५४ बमोजिम व्यवसायिक सामाजिक जिम्मेवारी बहन नगरेमा उद्योग दर्ता गर्ने निकायको सिफारिसमा नगर कार्यपालिकाले त्यस्तो उद्योगको वार्षिक खुद मुनाफाको एक दशमलब पाँच प्रतिशतले हुन आउने रकम जरिवाना गर्न सक्नेछ । त्यस्तो जिम्मेवारी एक आर्थिक वर्षभन्दा बढी अवधिमा बहन नगर्ने उद्योगलाई प्रतिवर्ष वार्षिक खुद मुनाफाको शुन्य दशमलब पाँच प्रतिशतका दरले थप जरिवाना गर्नेछ ।

(८) कुनै उद्योगले यो ऐन वा यस ऐन अन्तर्गत वनेको नियमावली बमोजिम पालना गर्नुपर्ने शर्त वा उद्योग दर्ता गर्ने निकायको सिफारिसमा नगर कार्यपालिकाले समय समयमा दिएको निर्देशन पालना नगरेमा त्यस्तो उद्योगलाई उद्योग दर्ता गर्ने निकायले देहाय बमोजिम जरिवाना गर्न सक्नेछः

(क) लघु उद्यमको हकमा पाँच हजार रुपैयाँसम्म,

(ख) घरेलु तथा साना उद्योगको हकमा पचास हजार देखि एक लाख पचास हजार रुपैयाँसम्म,

(९) यस दफामा लेखिएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गर्ने उद्योगलाई उद्योग दर्ता गर्ने निकायको सिफारिसमा नगरकार्यपालिकाले देहाय बमोजिमको जरिवाना गर्न सक्नेछः

(क) लघु उद्यम भए पाँच हजार रुपैयाँसम्म,

(ख) घरेलु तथा साना उद्योग भए विस हजार रुपैयाँसम्म,।

४०. **सरकारी बाँकी सरह असूल गरिने:** यस ऐन बमोजिम लागेको जरिवाना रकम प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

४१. **सफाई पेश गर्ने मौका दिइने:** यस परिच्छेद बमोजिम कुनै उद्योगलाई सजाय गर्दा सफाई पेश गर्ने मनासिब माफिकको मौका दिनु पर्नेछ ।

४२. **पुनरावेदन सम्वन्धी व्यवस्था:** (१) यस परिच्छेद बमोजिम भएको सजायको आदेश उपर चित्त नबुझेमा सजायको जानकारी पाएको मितिले पैंतिस दिन भित्र नगर कार्यपालिकामा लाग्नेछ ।

## परिच्छेद-९
## कानूनि स्वरुप सम्बन्धी व्यवस्था

**४३. कानूनि स्वरुप**: ऐनको दफा ३ अनुसार दर्ता गराउनु पर्ने कुनै पनि उद्योग प्राइभेट फर्म, साझेदारी फर्म, प्राइभेट लिमिटेड वा पब्लिक लिमिटेड कम्पनीको रुपमा गर्नु पर्नेछ ।

४४. **प्राइभेट फर्म**: कुनै एक व्यक्ति विशेषले कुनै उद्योग एकलौटी स्वामित्वमा दर्ता गर्न चाहेमा तोकिएका लिखत कागजातहरु सहित निर्धारित ढाँचामा सम्बन्धित कार्यालयमा रितपूर्वक दरखास्त दिनु पर्नेछ । यसरी दरखास्त प्राप्त भए पछि सम्बन्धित कार्यालयले पूँजीको आधारमा लाग्ने फर्म दर्ता दस्तुर दाखिला गर्न लगाई उद्योग दर्ता गरी तोकिएको ढाँचामा प्राइभेट फर्म दर्ता प्रमाणपत्रमा समेत उद्योगले पालना गर्नु पर्ने शताहरु उल्लेख गरी फर्म दर्ता प्रमाणपत्रका निर्धारीत ढाँचाको पत्र समेत दिनु पर्नेछ ।



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

**४५. साझेदारी फर्म** : दुई वा दुई भन्दा बढी व्यक्तिहरु मिलेर उद्योग संचालन गर्नको लागि साझेदारी फर्म दर्ता गर्न सक्नेछन् । साझेदारी फर्मको रुपमा उद्योग संचालन गर्न चाहने व्यक्तिहरुले तोकिए बमोजिमको ढाँचामा दरखास्त फाराम साथ आवश्यक कागजातहरु सहित साझेदारहरुले दस्तखत गरी दरखास्त दिनु पर्नेछ । यसरी दरखास्त प्राप्त भए पछि सम्बन्धित कार्यालयले पूँजीको आधारमा साझेदारी फर्म दर्ता दस्तुर दाखिला गर्न लगाई निर्धारीत ढाँचाको साझेदारी फर्म दर्ता प्रमाणपत्रमा उद्योगले पालना गर्नु पर्ने शर्तहरु उल्लेख गरी साझेदारी फर्म दर्ता प्रमाणपत्रकानिर्धारीत ढाँचाका पत्र समेत दिनु पर्नेछ ।

**४६. प्राइभेट लिमिटेड वा पब्लिक लिमिटेड कम्पनी** : कम्पनी ऐन, २०६३ अनुसार प्राइभेट लिमिटेड वा पब्लिक लिमिटेड कम्पनीको रुपमा उद्योग दर्ता गर्न चाहने व्यक्तिले कम्पनी रजिस्टारको कार्यालयमा कम्पनी दर्ता गराई सकेपछि उद्योग दर्ताको तोकिए बमोजिमको दरखास्त फारामको साथमा आवश्यक लिणखित कागजातहरु संलग्न गरी रितपूर्वकको दरखास्त पेश गरेमा सम्बन्धित कार्यालयले तोकीएको ढाँचामा उद्योगले पालना गर्नु पर्ने शर्तहरु समेत तोकी कम्पनीको रुपमा निर्धारीत ढाँचाको उद्योग दर्ता प्रमाणपत्र समेत दिनु पर्नेछ । कम्पनीको रुपमा उद्योग दर्ता गर्दा रु. १००।- को निवेदन दस्तुर बाहेक अन्य दर्ता दस्तुर बुझाउनु पर्ने छैन । यस्ता प्रा.लि.वा पब्लिक लिमिटेड कम्पनीको नाममा छुट्टा छुट्टै उद्देश्य,वर्ग र पुँजी राखी उद्योग दर्ता गर्नु परेमा सोही बमोजिम

गर्न कम्पनीको प्रबन्ध पत्रमा समेत उद्देश्य उल्लेख भै कम्पनी रजिस्टारको कार्यालयबाट स्विकृति ल्याएमा सोही अनुसार छुट्टाछुट्टै उद्योग दर्ता गर्न सकिने छ ।

## परिच्छेद १०

## विविध

४७. औद्योगिक तथा लगानी प्रवर्द्धन कोषः (१) नगर कार्यपालिकालेनगरको लगानी प्रवर्द्धन तथा संरक्षणका लागि एक औद्योगिक तथा लगानी प्रवर्द्धन कोष स्थापना गर्नेछः

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहनेछः

(क) नेपाल सरकारबाट प्राप्त रकम

(ख) प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) स्वदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(घ) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त हुने द्विपक्षीय वा बहुपक्षीय अनुदान वा सहयोग रकम, तर विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ संस्थाबाट अनुदान वा सहयोग प्राप्त गर्नु अघि नेपाल सरकारको स्वीकृति लिनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको कोषमा देहायको कार्यमा खर्च गर्न सकिनेछः



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

(क) लघु उद्यम,

(ख) घरेलु तथा साना उद्योग विकास,

(ग) प्रविधि विकास,

(घ) औद्योगिक प्रवर्द्धन,

(ङ) रुग्ण उद्योग पुनरुत्थान, पुनर्निर्माण तथा व्यवस्थापन,

(च) महिला उद्यमशीलता विकास ।

(४) कोषको रकम उपदफा (३) बमोजिमको कार्यमा खर्च गर्दा कोषको स्वीकृति वार्षिक कार्यक्रमको अधीनमा रही लगानी तथा खर्च गर्नुपर्नेछ ।

(५) कोषको सञ्चालन तथा व्यवस्थापन सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४८. दोहोरो सुविधा प्रदान नगरिने:** (१) यस ऐन वा प्रचलित कानून बमोजिम नगर सरकारले कुनै उद्योगलाई सेवा, सुविधा वा सहुलियत प्रदान गर्दा दोहोरो पर्ने गरी कुनै सेवा, सुविधा वा सहुलियत प्रदान गर्ने छैन ।

(२) नगर सरकारले यस ऐन बमोजिम कुनै उद्योगलाई प्रदान गरेको सेवा, सुविधा वा सहुलियतको जानकारी सम्वन्धित मन्त्रालयलाई दिनुपर्नेछ र सोको कार्यान्वयन मातहतका निकायबाट गर्नु पर्नेछ ।

४९. **व्यवसायिक सामाजिक जिम्मेवारी सम्वन्धी व्यवस्था:** (१) वार्षिक पन्ध्र करोड रुपैयाँभन्दा बढी घरेलु तथा सानाउद्योगले व्यवसायिक जिम्मेवारी बहन गर्ने प्रयोजनको लागि प्रत्येक आर्थिक बर्षमा बार्षिक खुद मुनाफाको कम्तीमा एक प्रतिशत रकम छुट्याउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छुट्याइएको रकम बार्षिक योजना तथा कार्यक्रम बनाई तोकिए बमोजिमका क्षेत्रमा खर्च गर्नुपर्नेछ र त्यस्तो खर्च गरेको विवरण संचार माध्यम, पत्रिका मार्फत सार्वजनिक गराउनु पर्नेछ ।

(३) उद्योगले उपदफा (२) बमोजिम प्रत्येक आर्थिक बर्षमा सम्पन्न गरेको कार्यक्रम र त्यस्तो कार्यक्रममा खर्च गरेको रकमको विवरण आर्थिक वर्ष व्यतित भएको छ महिनाभित्र सम्वन्धित उद्योग दर्ता गर्ने निकाय समक्ष पेश गर्नुपर्नेछ ।

(४) उपदफा (१) बमोजिम व्यवसायिक सामाजिक जिम्मेवारीका लागि छुट्याईएको रकम आयकर प्रयोजनार्थ खर्च कट्टी गर्न पाइनेछ ।

**५०. उद्योग ग्राम, औद्योगिक क्लष्टर, वा औद्योगिक करीडोर घोषणा गर्न सक्ने:** (१) नगर सरकारले नगर राजपत्रमा सूचना प्रकाशन गरी औद्योगिक विकासको लागि पर्याप्त सम्भावना र अवसर उपलब्ध रहेको नगरपालिकाको कुनै भाग वा स्थानलाई मापदण्ड बनाई उद्योग ग्राम, औद्योगिक क्लष्टर, वा औद्योगिक करिडोर घोषणा गर्न सक्नेछ ।



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

(२) उपदफा (१) बमोजिम घोषणा गरिएका उद्योग ग्राम, औद्योगिक क्लष्टर, वा औद्यीगिक करिडोर यो ऐन तथा प्रचलित कानून बमोजिम अन्य उद्योगले पाउने सेवा, सुविधा तथा सहुलियत उपलब्ध गराइनेछ ।

**५१. भवन बनाउन वा वस्ती बसाउन नहुने**: (१) यो ऐन प्रारम्भ भएपछि स्थापना हुने उद्योग ग्राममा,नगर सरकारले सार्वजनिक सूचना प्रकाशन गरी तोकेको क्षेत्र र दूरीभित्र कुनै पनि किसिमको आवासीय भवन वा अन्य भवन बनाउन वा बस्ती बसाउन हुदैन ।

(२) उपदफा (१) बमोजिम तोकिएको क्षेत्र र दूरीभित्र रहेको कसैको निजी जग्गामा आवासीय भवन वा अन्य भवन वा वस्ती बसाउन नदिएको कारणबाट हानी नोक्सानी पुग्न जाने भएमा नगर सरकार ले तोकिएको म्यादभित्र तोकिए बमोजिमको प्रक्रिया पूरा गरी सम्वन्धित व्यक्तिलाई मनासिब क्षतिपूर्ति दिनुपर्नेछ ।

**५२. विद्युतिय माध्यमको प्रयोग गर्न सक्ने:** उद्योग दर्ता गर्ने निकायले यस ऐन बमोजिम उद्योग प्रशासन सम्बन्धी तोकिए बमोजिमका काम कारबाहीलाई सरल र सहज बनाउन विद्युतिय कारोबार सम्वन्धी प्रचलित कानून बमोजिम विद्युतीय माध्यमबाट सम्पादन गर्न सकिने गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

**५३. स्वचालित स्वीकृति प्रकृया सम्वन्धी व्यवस्था गर्न सक्ने:** (१) नगर सरकारले उद्योग प्रशासन सम्बन्धी प्रक्रियालाई सरल, सहज र विश्वसनीय बनाउन यस ऐन तथा प्रचलित अन्य कानून बमोजिम उद्योग दता ्देखी खारेजीसम्मका प्रक्रिया सम्बन्धी सेवाहरु, उद्योगको किसिम, उद्योगको प्रकृति वा लगानीको सीमा लगायतका विषयहरु तोकी स्वचालित (सफ्टवेयर) प्रकृयाबाट कार्यान्वयन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वचालित स्वीकृति प्रक्रिया सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

**५४. अख्तियारनामा दिन सकिने**: (१) यस ऐन बमोजिम कुनै उद्योग वा उद्योगमा स्वामित्व भएको व्यक्तिले आफुले गर्नुपर्ने केही वा सबै काम गर्नको निमित्त कुनै व्यक्तिलाई प्रचलित कानून बमोजिम अख्तियारनामा वा अधिकृत वारेसनामा दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको अख्तियारनामा वा अधिकृत वारेसनामा बमोजिम काम गर्न त्यस्तो अख्तियारनामा वा वारेसनामाको प्रतिलिपि नोटरी पब्लिकद्वारा प्रमाणित गराई उद्योग दर्ता गर्ने निकायमा उपलब्ध गराउनुपर्नेछ । उद्योग दर्ता गर्ने निकायले आवश्यक ठानेमा त्यस्तो अख्तियारनामा वा अधिकृत वारेसनामाको सक्कल प्रति झिकाई हेर्न सक्नेछ ।

**५५. म्याद थप वा पुनः दर्ता सम्वन्धी व्यवस्था**: (१) यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित कानून बमोजिम उद्योग दर्ता भई उद्योगको सञ्चालन वा व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने म्याद समाप्त भई उद्योग सञ्चालन, व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्न नसकेका उद्योगहरु वा यसअघि म्याद थप भई थपिएको म्यादभित्र समेत उद्योगको सञ्चालन वा व्यवसायिक उत्पादन वा कारोबार गर्न नसकी म्याद गुजारेका उद्योगले निवेदन दिन पाउने गरी एक पटकका लागि यो ऐन प्रारम्भ भएको तीन महिनाभित्र म्याद थपका लागि उद्योग दर्ता गर्ने निकाय समक्ष निवेदन दिन सक्नेछ ।



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा उद्योग दर्ता गर्ने निकायले म्याद थप गर्नुपर्ने मनासिव कारण देखेमा यस ऐन बमोजिमको प्रकृया पूरा गरी देहाय बमोजिमको विलम्ब शुल्क लिई म्याद थप गर्न सक्नेछः

(क) लघु उद्यमको हकमा प्रतिवर्ष पाँच हजार रुपैयाँका दरले,

(ख) घरेलु तथा साना उद्योगको हकमा प्रतिवर्ष पन्ध्र हजार रुपैयाँका दरले,

(३) उपदफा (२) बमोजिम कुनै उद्योगको म्याद थप गर्न सकिने वा नसकिने सम्वन्धी निर्णयको जानकारी सम्बन्धित निवेदकलाई निर्णय भएको सात कार्य दिनभित्र दिनु पर्नेछ ।

**५६. बाधा अड्काउ फुकाउने अधिकार**ः यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा नगर सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

**५७. अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्ने**ः नगर सरकारले नगर राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यकता अनुसार हेरफेर, थपघट वा परिमार्जन गर्न सक्नेछ ।

**५८. यसै ऐन बमोजिम हुने**ः यस ऐनमा लेखिएको कुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

**५९. निवेदन दिन सक्ने**ः यस ऐन बमोजिम निर्णय गर्नुपर्ने वा कार्य सम्पन्न गर्न तोकिएको अवधि भित्र कार्य सम्पन्न नभएमा मार्का पर्ने पक्षले नगरपालिका समक्ष निवेदन दिन सक्नेछ र नगरपालिकाले पन्ध्र दिन भित्र त्यस्तो निवेदन बमोजिमका विषयमा आवश्यक छानविन गरी आवश्यक कार्य गर्नेछ ।

**६०. नियम वनाउने अधिकार**ः यस ऐनलाई कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

**६१. निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्ने**ः नगरपालिकाले यो ऐन र यस ऐन अन्तर्गत वनेका नियमावलीको अधिनमा रही उद्योग प्रशासन सम्बन्धी काम कारबाहीलाई सरल र सहज बनाउन, काम कारवाहीको प्रकृया निर्धारण गर्न र अन्य आवश्यक कार्य गर्न आवश्यकता अनुसार निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

**६२. बचाउः यस अघि औद्योगिक व्यवसाय ऐन**, २०७५ अन्तर्गत भए गरेका सम्पूर्ण काम कारबाहीहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

**अनुसूची-१**
**(दफा ७ सँग सम्बन्धित)**
**अनुमति लिनुपने उद्योगहरु**

१. हातहतियार, गोलीगट्ठा, बारुद उत्पादन गने उद्योग,

२. विस्फोटक पदार्थ उत्पादन गर्ने उद्योग,

३. सुरक्षात्मक छपाइ (सेक्युररटी प्रिण्न्टिङ) मुद्रा तथा सिक्का उद्योग,

४. चुरोट, बिँडी, खैनी, सिँगार तथा सुर्ती मुख्य कच्चा पदार्थ हुनेवस्तु उत्पादन गर्ने उद्योग,

५. बियर तथा मदिरा उत्पादन गर्ने उद्योग,

६. ढुंगा गिट्टी, बालुवा उत्खनन प्रशोधन गने मझौला तथा ठूला उद्योग,

७. रेडियो सञ्चार उपकरण उत्पादन गर्ने उद्योग,

८. बहुमूल्य खनिज उत्खनन् पेट्रोलियम पदार्थ उत्खनन् जस्ता उद्योग,

९. प्रचलित कानून बमोणजिम अनुमति लिनुपर्ने अन्य उद्योग ।

**अनुसूची-२**
**(दफा १५ को उपदफा (१) को खण्ड (ख) सिँग सम्बन्धित)**
**घरेलु उद्योगहरु**



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

१. ह्याण्ड लूम, पेडल लूम, सेमी–अटोमेटिक लूम, कपडा वार्पिङ्ग, परम्परागत प्रविधिबाट गरिने रङ्गाई, छपाई, सिलाई (तयारी पोशाक बाहेक) र बुनाई,

२. ऊन र रेशममा आधारित हाते बुनाईका राडी, पाखी, गलैंचा, पश्मिना, पोशाक, हातेकागज र सोमा आधारितवस्तु,

३. परम्परागत कलामा आधारितवस्तु,

४. परम्परागत मूर्तिकला,

५. तामा, पितल, ढलौट, काँस र जमान सिल्भर जस्ता धातुबाट हस्तनिर्मित भाँडावर्तन तथा हस्तकलाका सामान,

६. फलामबाट बनेका हस्तनिर्मित भाँडा वर्तन तथा घरायसी प्रयोगका चक्कु, चुलेसी, खुकुरी, हँसिया, कुटो, कोदालो जस्ता परम्परागत औजारहरु,

७. सुन चाँदीबाट हस्तनिर्मित गरगहना,वस्तु, भाँडावर्तनहरु बहुमूल्य,अर्ध-बहुमूल्य तथा साधारण पत्थर जडान भएका समेत),

८. स्वदेशमा उपलब्ध किमति, अर्ध किमति तथा साधारण पत्थर कटाई उद्योग, ग्रामीण ट्यानिङ्ग् छालाबाट हस्त निर्मितवस्तुहरु,

९. जुट, सवाइ घाँस, चोया, बाबियो, सुती धागो, अल्लो आदि प्राकृतिक रेशामा आधारित उद्योग,

१० पत्थरकला (ढुंगा कुंदी बनाइएका सामानहरु),

११. पौभा, थाङ्का णचित्र र अन्य परम्परागत चित्रकला,

१२. मुकुण्डो (मास्क) तथा परम्परागत संस्कृति दर्शाउने पुतली र खेलौना,

१३. परम्परागत संस्कृति, बाजागाजा र कला दर्शाउने विभिन्न प्रकारका हस्तकलाकावस्तु,

१४. काठ, हाड, सिङ्ग तथा माटो, चट्टान र खनीजका कलात्मकवस्तुहरु, सेरामिक्स तथा माटाका भाँडाकुँडा,

१५. हातले छाप्ने ईटा उद्योग ।

**अनुसूची-३**
**(दफा १५ को उपदफा (२) को खण्ड (क) सिँग सम्बन्धित)**
**ऊर्जा मुलक उद्योग**

१. जलस्रोत,वायु, सौयाशक्ति, कोइला, प्राकृतिक तेल र इन्धन वा ग्यास,वायोमास वा अन्य स्रोतहरुबाट ऊर्जा उत्पादन गर्ने उद्योग, त्यस्तो उर्जा उत्पादन गर्न प्रयोग गरिने मेसिन् उपकरण निमार्ण गर्ने उद्योग,

२. विद्युत प्रसारण लाइन,



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

३. विद्युत वितवरण प्रणाली ।

## अनुसूची-४

**(दफा १५ को उपदफा (२) को खण्ड (ग) सँग सम्बन्धित)**
**कृषि तथा वन पैदावरमा आधारित उद्योग**

१. फलफूल खेती वा फलफूल प्रशोधन,

२. खाद्यिस्तु प्रशोधन, घा पशुपालन, पीँपालन (अविच समेत), पशुपीँ प्रजनन र मासु उत्पादन तथा प्रशोधन,

३. दूध उद्योग (दू का परिकार उत्पादन समेत),

४. मत्स्यपालन, माछाभुरा उत्पादन, प्रशोधन एवं प्याकेजिङ्ग,

५. रेशम खेती तथा रेशम प्रशोधन,

६. णयिा बगान, चिया प्रशोधन,

७. कफी खेती, कफी प्रशोधन,

८. जलडबुटी खेती, जलडबुटी प्रशोधन,

९. तरकारी बीउ बिजन उत्पादन,

१०. तरकारी खेती, तरकारी प्रशोधन

११. हरित गृह स्थापना र सञ्चालन,

१२. मौरीपालन (मौरी प्रजनन, मह उत्पादन र प्रशोधन),

१३. पुष्प खेती, पुष्प प्रशोधन (माला बनाउने, सजावट गर्ने, गुच्छा बनाउने र बीउ लजिन उत्पादन समेत, नर्सरी व्यवसाय,

१४. रबर खेती, रबरको प्रारम्भिक प्रशोधन र सञ्चालन, र शीत भण्डार, कृषि बजार १८. सामुदायिक, कबुलियति, साझेदारी र निजीवनको स्थापना र व्यवस्थापन,

१५. नगदेबालीको व्यवसायिक खेती तथा प्रशोधन (जस्तै : ऊखु, कपास, सनपाट, सजिवन, स्वी्ट सरघम, स्टेभिया रेवौडिएन, सुती, जुट, अलैंची, अदुवा, केशर, तेलहन र यस्तै मसलावाली, दलहन आदीवेत, बाँस खेती र वेत बाँसजन्य उत्पादनहरु,

१६.वनस्पति उद्यान स्थापना र व्यवस्थापन,  वनस्पति प्रजनन व्यवसाय (टिस्सु कल्चर समेत),

बीउबिजन प्रशोधन,

१७.अन्य गैर काष्टजन्यवन पैदावारमा आधारित ।



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

१८. सामुदायिक, कबुलियति, साझेदारी र निजीवनको स्थापना र व्यवस्थापन,

**अनुस ची-५**
**(दफा १५ को उपदफा (२) को खण्ड (ङ) सिँग सम्बन्धित)**
**निमार्ण उद्योगसडक, पुल, सुरुङ्ग,**

१. रोपवे, रेलवे,ट्राम,ट्रिलिबस, केबुल कार, मोनोरेल र स्लाईडिङ्गकार,

२. हवाई धावन मार्ग/विमानस्थल,

३. औद्योगिक संरचना एवं पूर्विाधार कम्प्लेक्स,

४. सभा सम्मेलन केन्द्,

५. ढल तथा ढल निकास,

६. खानेपानी आपूर्ति तथा वितवरण,

७. सिँचाइ पूर्वाधार,

८. खेलकुद गृह, रङ्गशाला,

९. सवारी पार्किङ्ग स्थल, पार्किङ्ग गृह,

१०. निर्यात प्रशोधनक्षेत्र,

११. विशेष आर्थिक क्षेत्र,

१२. कार्गो कम्प्लेक्स,

१३. दूषित पानी प्रशोधन केन्द्,

१४. टेलिफोन टावर, अप्टिकल फाइबर नेटवर्क, भू -उपग्रह, भू -उपग्रह प्रसारण केन्द

१५. घर तथा आवास भवन,

१६. फिल्म सिटि निमार्ण, फिल्म स्टुडियो निमार्ण

१७. व्यापारिक कम्प्लेक्स ।

**अनुसूची-६**
**(दफा १५ को उपदफा (२) को खण्ड (च) सँग सम्बन्धित)**
**पर्यटन उद्योग (पर्यटक आवास, मोटेल, होटेल, रिजोर्ट तथा रेष्टुराँ)**

१.ट्राभल एजेन्सी, टुर अप्रेटर, हिलिङ्ग सेन्टर, क्यासिनो, मसाज स्पा,



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

२. साहसिक पर्यटनि : स्किइङ्ग, ग्लाइडिङ्ग, वाटरयााफ्टिङ्ग, हट एयर व्यालुनिङ्ग, क्यानोनिङ, प्यारा सेलिङ्ग, घोडचढी, हात्तीचढी, बन्जी जम्पिङ्ग , हिमाल आरोहण र अवलोकन,

३. गल्फ कोर्स, पोलो, पोनी ट्रेकिङ्ग, पदयात्रा,

४. ग्रामीण पर्यटन, होमस्टे तथा पर्यावरणीय पर्यटन,

५. साँस्कृतिक, धार्मिक, सभा सम्मेलन तथा खेलकुद पर्यटन,

६. मनोरञ्जन पार्क

७.वन्यजन्तु आरक्ष,

८. माउन्टेन फ्लाइट सञ्चालन ।

## अनुस ची-७

**(दफा १५ को उपदफा (२) को खण्ड (छ) सिँग सम्बणन्धत)**

**खण्ड (क) सूचना प्रविधि उद्योगसूचना, प्रसारण तथा सञ्चार प्रविधिमा आधारित उद्योग**

(१) टेक्नोलोजी पार्क,

(२) आईटि. पार्क

(३) वायोटेक पार्क,

(४) सफ्टवेयर विकास,

(५) कम्प्यूटर तथा सम्बन्धित सेवाहरु,

(६) तथ्याङ्क प्रशोधन,

(७) साइिर क्याफे,

(८) डिणजिटल म्यापिङ्ग,

(९) विजिनेस प्रोसेस आउटसोर्सिङ्ग (वि.पि.ओ.),

(१०) डाटा माइनिङ्ग, क्लाउड कम्प्यूटिङ्ग ।

खण्ड (ख) स चना संचार प्रविलधमा आधाररत उद्योग

(१) इन्टरनेट,

(२) टेलफिोन, मोवाईल टेलिफोन, मावाईल स्याटलाइट टेलिफोन,

(३) टेलिपोर्ट सेवा,



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

(४) भु - उपग्रह (स्याटलाइट) स्थापना एंव सञ्चालन, भु -उपग्रह प्रसारकेन्द स्थापना, भिस्याट,

(५) ब्रोडव्याण्ड, पूर्वाधार, टेलिकम टावर, अप्टिकल नेटवर्क, स्याटलाइट नेटवर्क,

खण्ड (ग) सूचना, प्रसारण प्रविधिमा आधरिरत उद्योग

(१) एफ.एम. रेडियो, डिणजिटल रेलडयो सेवा

(२) डिणजिटल भू -सतही टेलिभिजन, स्याटलाइट टेलिभिजन, केबुल टेलिभिजन,

(३) आइपिटिभी, अनलाइन सेवा,

(४) डिजिटल केबुल टि.भी. नेटिका, डाइरेक्ट-टू -होम स्याटलाइट सेवा, एम.एम.लड.एस नेटिका,

(५) रेकडिङ्ग स्टुडियो, प्रसारण स्टुडियो,

(६) प्रिन्ट मिडिया उद्योग, अडियो भिजुअल सामग्री उत्पादन उद्योग, विज्ञापन निर्माण उद्योग,

(७) सिनेमा उत्पादन, सिनेमाहल, मल्टिल्पेलक्स सिनेमा हल, फिल्म सिटी निर्माण, फिल्म स्टूडियो निर्माण

**अनुस ची-८**
**(दफा १५ को उपदफा (२) को खण्ड (ज) सिँग सम्बणन्धत)**
**सेवामूलक उद्योग**

१. यान्त्रिक कार्यशाला (वर्कशप), २. छापाखाना तथा छपाई सम्बन्धी सेवा, ३. पेशागत अनुसन्धान तथा विकास, व्यवस्थापन, ईन्जिनियरिङ्ग तथा डिजाइन, कानूनी, लेखा, लेखापरीक्षण, शिक्षण प्रशिक्षण, शैक्षिक तथा प्राविधिक परामर्श सेवाहरु, ४. जिनिङ्ग तथा बेलिङ्ग व्यवसाय, ५. चलचित्र निर्माण व्यवसाय, ६. प्रदशानी सेाी, ७. सांस्कृतिक तथा मनोरञ्जनात्मक व्यवसाय, ८. निर्माण व्यवसाय, ९. सार्वजनिक यातायात व्यवसाय, १०. फोटोग्राफी, ११. अस्पताल, १२. नर्सिङ्ग होम १३. शिक्षण एवं प्रशिक्षण संस्था, १४. पुस्तकालय, अभिलेखालय तथा संग्रहालय सेवा, १५. प्रयोगशाला, १५. हवाई यातायात सेवा १६. खेलकूद सेवा, १७. शीत भण्डार सञ्चालन (गैह्र कृषिजन्य), १८. हाउस वायरिङ्ग इलेकट्रिकल फिटिङ्ग र मर्मत, १९. फोहोरमैला संकलन तथा सरसफाई, फोहरमैला पुनःप्रशोधन, २०. घर जग्गा खरिद गरी भू मि विकास गरी बिकी गर्ने व्यवसाय, २२. निर्माण सम्बन्धी भारी उपकरण (हेभी इकवीपमेण्ट) भाडा, मर्मत तथा सञ्चालन,

२३. पशु चिवकत्सा सेवा, द्दर्द्| व्याट्री रिचाजिाङ्ग, २४. स्वास्थ्य परीक्षण (एक्स-रे, सिटी स्क्यान, एम.आर.आइ, अलट्रासाउन्ड जस्ता सेवाहरु) तथा स्वास्थ्य परीक्षण प्रयोगशाला, २५. निर्माण भइसकेका पूर्वाधारहरुको सञ्चालन गने (जस्तैः सभा सम्मेलन भवन, खानेपानी आपूर्ति, इन्धन तथा इन्धनजन्य ग्यास आपूर्ति सम्बन्धी पाइप लाइन, गोदामघर तथा भण्डारण, विमानस्थल, बसपार्क, रङ्गशाला, स्पोर्टस् कम्प्लेकस, रोपवे, सडक, सिँचाइ, विद्युत प्रशारण, विद्युत गृह, रेलवे सेवा, कार्गो कम्प्लेक्स, इनल्याण्ड क्लियरेन्स डिपो (आई.सि.डि.) आदि सेवा सञ्चालन गने) व्यवसायहरु, २६. खाद्यान्न कुटानी, पिसानी, पेलानी र प्याकिङ्ग गर्ने कार्य, २७. कपडा तथा धागो रङ्गाई, साइजिङ्ग र कपडा छपाई (कपडा बुन्ने



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

उद्योगले आफ्नो प्रयोजनको लागि गरेकोमा बाहेक), २८. कार्गो व्यवसाय, २९. प्याकेजिङ्ग, रिफिलिङ्ग सेवा (एल.पी.जी. ग्यांस रिफिलिङ्ग र सवारी ग्यांस रिफिलिङ्ग गर्ने स्टेशन समेत), ३०. कुरियर सेवा, ३१. ड्राइक्लिनिङ्ग व्यवसाय, ३२. व्यूटी पार्लर, ३३. आन्तरिक सजावट (इण्टेरियर डेकोरेशन), ३४. सुरक्षा सेवा प्रदान गने व्यवसाय, ३५. प्रकाशन सेवा, ३६. विज्ञापन सेवा, ३७. विज्ञापन सामग्री तयार गने सेवा ३८. समाचार सम्प्रेषण सेवा, ३९. टेलिभजनबाट प्रसारण गर्न बनाइएका कार्यक्रम र डकुमेनट्री टेलीफिल्म उत्पादन तथा प्रसारण, ४०. स्वाइल टेष्टिङ्ग सेवा ४१. स्वास्थ्य (हेल्थ) क्लव ४२. पानी ढुवानी तथा वितवरण सेवा, ४३. जुलोजिकल पार्क सञ्चालन, ४४. जियोलोजिकल पार्क सञ्चालन, ४५. व्यवसाय सम्वर्द्धन सेवा (विजिनेस इन्क्यूवेसन सर्भिस), ४६. व्यापारिक कम्प्लेक्स सञ्चालन, ४७.वैदेशिक रोजगार सेवा ४८.वायोटेक पाका, ४९. सिनेमा हल, ५०. मल्टिप्लेक्स थियटर, ५१. सिलाई बुनाई, ५२. खनिज अध्ययन तथा अनुसन्धान, ५३. अनुसन्धान तथा विकास सेवा ।

**अनुसूची-९**

**(दफा १७ सँग सम्बन्धित)**

**राष्ट्रिय प्राथमिकताप्राप्त उद्योग**

१. उर्जामूलक उद्योगहरु, २. कृषि तथा वन पैदावारमा आधारित उद्योग, ३ निर्माण उद्योग, ४. निर्यातमूलक उद्योग, ५. पूर्वाधारसहितको साहसिक पर्यटन, ग्रामीण पर्यटन, पर्यावरणीय पर्यटन, गल्फ कोर्ष, पोलो, पोनी ट्रेकिङ, पदयात्र्ा,वाटरर्याफ्टिङ, सभा सम्मेलन पर्यटन, खेलकुद पर्यटन, धार्मिक पर्यटन, सांस्कृतिक पर्यटन, मनोरञ्जन पार्क निर्माण तथा सञ्चालन,वन्यजन्तु आरक्षण, ६. खनिज उद्योग, पेट्रोलियम तथा प्राकृतिक ग्यास तथा इन्धन अन्वेषण तथा उत्पादन, ७. स्वदेशी चुनढुङ्गा प्रयोग गरी क्लिङ्कर तथा सिमेन्ट उत्पादन गने उद्योग, पल्प तथा कागज, चिनी, रासायनिक मल (मिश्रणबाहेक), प्राङ्गारिक मल, धूलो दूध, औषधि उत्पादन, फोहोरमैला तथा खेर गएकोवस्तुको प्रशोधन, इन्धन बचत गने उपकरण उत्पादन गने उद्योग, प्रदूषण कम गने उपकरण उत्पादन गर्ने उद्योग र अपाङ्गहरुले प्रयोग गने साधन तथा उपकरण उत्पादन गने उद्योग, कृषि यन्त्र उपकरण तथा औद्योगिक मेलसनरी बनाउने उद्योग, विद्युतबाट चल्ने सवाारी साधनहरु उत्पादन गर्ने उद्योग, ८. अस्पताल, नर्सिङहोम, पशु अस्पताल एंव चिकित्सालय, स्वास्थ्य परीषण सेवा, स्वास्थ्य प्रयोगशाला, जैविक अनुसन्धानशाला र शिक्षण एंव प्रशिक्षण संस्थाहरु, ९. घरेलु उद्योग

# वेलका नगरपालिका
# **रामपुर ,उदयपुर प्रदेश नं. १**
# **कोशेली घर संचालन निर्देशिका २०७६**

## १.प्रस्तावना :

स-साना पुँजीवाट संचालित लघु, घरेलु तथा साना उद्यमी व्यवसायीहरुको उत्थानको लागी संस्थागत रुपमा प्रवर्द्धनात्मक सेवाहरु उपलव्ध गराउन वेलका नगरपालिकाले नगरभित्र रहेका उद्योगहरुवाट उत्पादीत मालसामानहरुको विक्री वितवरण वढाउने, राष्ट्रिय तथा अन्तरराष्ट्रीय वजारमा समेत पहुच वनाउन आवश्यक व्यवस्था गर्ने उदेश्यले उपयुक्त स्थानमासरकारी र निजी क्षेत्रका छाता संस्थाहरु



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

समेत संगको सहकार्य र सहकारीको अवधारणा अनुरुप कोसेली घर स्थापना र संचालन गर्ने लक्ष्य लिएको छ । त्यसै अनुरुप यस नगरमा पनि कोशेली घर (सौगात गृह) स्थापना तथा संचालन गर्न आवश्यक्ता भएकोले कोशेली घर संचालन निर्देशिका २०७६ जारी गरिएकोछ ।

## परिच्छेद १

## संक्षिप्त नाम र प्रारम्भ

**१.१.संक्षिप्त नाम र प्रारम्भ** :यो निर्देशिकाको नाम "कोसेली घरसंचालन निर्देशिका २०७६" रहने छ।

१.२यो निर्देशिका वेलका नगर कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

१.३ यो निर्देशिका  तुरुन्त प्रारम्भ हुनेछ ।

**२.परिभाषा** :विषय वा प्रशगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

**क) कोसेली घर** :लघु घरेलु तथा साना उद्यमीहरुले उत्पादन गरेका वस्तुहरु र त्यस्ता उद्यमीहरुलाई आवश्यक  पर्ने कच्चा पदार्थ र मेसिन औजार सरल र सुलभ तरिकाले उपलव्ध हुने स्थानलाई जनाउने छ ।

**ख)कोष** : कोसेली घर संचालन गर्न जम्मा भएको दफा ३ वमोजिमको रकमलाई जनाउछ ।

**ग) उद्यमी** :लघु, घरेलु तथा साना किसिमका कृषि तथा वनजन्य, पर्यटन र उत्पादनमुलक उद्योग संचालन  गर्ने व्यत्तीहरुलाई जनाउछ ।

**घ)मेसिन औजार** : लघु, घरेलु तथा साना उद्यमीहरुलाई आवश्यक पर्ने यन्त्र उपकरणहरुलाई संम्झनु पर्दछ ।

**ङ)कच्चा पदार्थ** : लघु, घरेलु तथा साना उद्यमीहरुलाई  उत्पादनको लागी आवश्यक पर्ने भौतिक सामाग्रीहलाई संम्झनु पर्दछ ।

**च)नगर उद्योग प्रर्वदन समन्वय समिति** : घरेलु तथा साना उद्योगहरको विकास विस्तार र प्रवर्दन गर्न नगरमा नगर प्रमुखको अध्यक्षतामा गठित समितिलाई संम्झनु पर्दछ ।

## परिच्छेद २

## कोशेली घर संचालनको उदेश्य

### ३.कोशेली घरको उदेश्य

३.१ नगर भित्र छरिएर रहेका स-साना पुजिवाट संचालन गरिएका लघु घरेलु तथा साना उद्यमीहरुका विविध उत्पादनहरु कोशेली घरको माध्यामवाट उपभोक्ता माम्म विकी गर्ने वातावरण निमार्ण गर्ने ।

३.२ लघु घरेलु तथा साना उद्यमीहरुलाई आवश्यक पर्ने कोरामाल/कच्चा पदार्थहरु र मेसिन उपकरणहरु सहज र शुलभ तरिकाले उपलव्ध गराउन सहजिकरणको भुमिका निर्वाह गर्ने ।

३.३ स्थानिय सीप, श्रोत र सधनहरुको आधारमा उत्पादन भएका वस्तुहरुको  विकीको माध्यामवाट परम्परागत उत्पादनहरुको प्रवर्दन भै थप रोजगारी र आय आर्जन कार्यमा टेवा पु-याउने ।

३.४उत्पादनहरु सुलभ तरिकाले उपलव्ध गराउने ।

३.५ कोशेलीघरको संचालनवाट  वेलका नगरको औद्योगिक जागरणका वातावरण सिर्जना गर्न



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

सहयोग पुग्ने ।

**४.लक्षित तथा लाभान्वित वर्ग**

४.१ स-साना पुँजीवाट संचालित लधु, घरेलु तथा साना उद्यमीहरु

४.२ घरेलु उत्पादनका  उपभोक्ता, व्यापारी र व्यवसायीहरु ।

४.३ मेसिन उपकरणका व्यापारी तथा व्यासायीहरु ।

४.४ कच्चा पदार्थ विक्री वितवरण गर्ने व्यापारी र व्यवसायीहरु ।

४.५ आय आर्जन कार्यमा सरिक सरकारी तथा गै-ह सरकारी निकायहरु ।

४.६ स्वदेशी तथा विदेशी पर्यटकहरु ।

## परिच्छेद ३

## कोसेली घर कोष स्थापना

**५.कोषको स्थापना तथा संचालन**

**५.१** कोसेली घर संचालन गर्न  एक कोसेली घर कोष स्थापनाकोष स्थापना हुनेछ  । उक्त कोषको संचालन नगरपालिकाले गर्नेछ ।कोसेली घर सहकारीमा हस्तान्तरण भएपछि कोषको संचालन पनि सहकारीवाटै हुनेछ ।

५.२ उक्त कोषमा देहाय वमोजिमको  रकम तथा वस्तुगत सहयोग रहने छ ।

क).वेलका नगरपालिकाले  कोशेली घरको लागी वार्षिक कार्यक्रममा तोकिएको रकम

ख) नगरपालिकाले कोसेली घर संचालनको लागि रिभल्भिङ फण्डको रुपमा प्रदान गरेको रकम

ग).नगर उद्योग वाणिज्य संघ,  नगर घरेलु तथा साना उद्योग महासंघ र अन्य विभिन्न गै-ह्र सरकारी संस्थाहरुवाट प्राप्त रिभल्भिङ फण्डको रुपमा सहयोग रकम तथा वस्तुगत सामानहरु

घ) लघु उद्यम विकास कार्यक्रमवाट प्राप्त रकम

ङ.उद्यमी तथ व्यवसायीहरुले शेयरको रुपमा लगानी गरेको रकम र सहयोग रकम

च)अन्तरराष्ट्रीय संस्थाहरुवाट प्राप्त सहयोगहरु

६**कोषको प्रयोग :** कोषको प्रयोग देहाय वमोजिमको कार्यमा हुनेछ ।

क) उद्यमीहरुले उत्पादन गरेका ढाकाकपडाहरु तथा हस्तकलाका सामाग्रीहरु खरिद गर्न ।

ख) कृषकहरुले उत्पादन गरेका प्रसोधित कृषि उपजहरु (जस्तै मह,घिउ,वेसार,अदुवाका परिकारहरु,जामजेली तथा अचारका परिकारहरु र अन्य उत्पादन ) खरिद गर्न ।

ग) लघु,घरेलु तथा साना उद्यमीहरुले उत्पादन गरेका वेदवास,अल्लोकपडा तथा सोवाट वनेका सामानहरु लगायत अन्य विविध वस्तुहरुको व्यवस्थापन गर्न ।

घ) उद्यमहिरुलाई आवश्यक पर्ने मेसिन उपकरण र कच्चा पदार्थहरु खरिद गर्न ।

ङ) कोसेली घर संचालन गर्ने व्यक्तिको पारिश्रमिक,घरभाडा, विजुली पानी महशुलआदीको खर्च र वार्षिक आयकर तिर्न ।

च) कोसेली घरको व्यवस्थापनको लागी आवश्यक रयाक तथा सो केशहरुको व्यवस्थापन गर्न ।

छ)समितिले निर्णय गरेका अन्य कार्यक्रमहरुमा खर्च गर्न ।

**७. कोषको कार्यालय :** यस कोषको कार्यालय उद्योग विकास शाखामा रहनेछ । कोशेली घरको सम्पूर्ण हिसाव किताव उद्योग विकास शाखाले राख्नु पर्नेछ ।कोसेली घर सहकारीमा हस्तान्तरण



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

भएपछि कोषको कार्यलय पनि सहकारी संस्थामै रहनेछ ।

८.. **लेखापरिक्षण** : आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र नगरपालिकाले तोकेको लेखापरीक्षकबाट लेखापरीक्षण गराई नगरपालिकामा प्रतिवेदन पेश गनुपर्नेछ .।

## परिच्छेद ४

## नगर स्तरियउद्योग प्रवर्द्धन समन्वय समितिको गठन र कार्य क्षेत्र

**९. नगर स्तरियउद्योग प्रवर्द्धन समन्वय समितिको गठनः**

**९.१**.उद्योगको प्रवर्द्धन, विकास , विस्तार र विविधिकरण गदै कोशेली घर व्यवस्थित रुपमा संचालन गर्न उद्योग विकास शाखा मार्फत योजना तर्जुमा, कार्यान्वयनमा सहजीकरण र अनुगमन गर्न तपसिल वमोजिमको उद्योग प्रवर्द्धन समन्वयसमितिको गठन हुनेछ ।

| | | | |
|---|---|---|---|
| १ | अध्यक्ष | नगर प्रमुख | १ |
| २ | उपाध्यक्ष | नगर उप प्रमुख | १ |
| **३** | सदस्य | प्र.प्र.अधिकृत | १ |
| ४ | सदस्य | वडा अध्यक्ष | १ |
| ५ | सदस्य | दलित सदस्य | १ |
| | सदस्य | स्थानिय वैकका प्रमुखवाट | १ |
| ७ | सदस्य | नगर स्तरीय उद्यमी समुहवाट | १ |
| ८ | सदस्य | सामाजिक शाखावाट | १ |
| ९ | सदस्य | नगरस्तरिय उद्योग वाणिजय संघ | १ |
| १० | आमन्त्रित सदस्य | सम्वन्धित क्षेत्रको विज्ञ | १ |
| ११ | सदस्य सचिव | उद्योग विकास शाखा | १ |

९.२. वजेटको परिधि भित्र रही आवश्यक्ता अनुसार विज्ञ ,पदाधिकारी र अन्य कर्मचारीलाई वैठकमा आमत्रण गर्न सकिने छ ।

१०.**नगर उद्योग प्रर्वदन समन्वय समितिको वैठक प्रकिया** :

**१०.१** समितिको वैठक अध्यक्षले तोकेको मिति,समय र स्थानमा आवश्यक्ता अनुसार वस्ने छ।

१०.२ समितिको वैठकमा छलफल हुने विषय तथा कार्यक्रम सहितको सूचना सदस्य सचिवले लिखित वा मौखिक रुपमा सवै सदस्यलाई दिनु पर्ने छ ।

१०.३ समितिको वैठकमा समितिका वहुमत सदस्य उपस्थीत भएमा गणपुरक संख्या पुगेको मानिने छ ।

१०.४ समितिको वैठकको अध्यक्षता समितिको अध्यक्षले र निजको अनुपस्थितिमा उपाअध्यक्षले गर्ने छ ।

१०.५ समितिको वैठकको निर्णय वैठकमा उपस्थित सदस्यको वहुमतद्धारा गरिनेछ

१०.६ समितिको वैठकको निर्णय निर्णय पुस्तिकामा लेखी सदस्यसचिवले प्रमाणित गर्नु पर्ने छ।

१०.७समितिको वैठक सम्वन्धी अन्यकार्यविधि समिति आफैले निर्धारण गरेवमोजिम हुनेछ ।

**११. उद्योग प्रवर्द्धन समन्वय समितिको काम, कर्तव्य तथा अधिकार** :समितिको काम, कर्तव्य र अधिकार देहायवमोजिम हुनेछ ।

क) कोशेली घरको वार्षिक कार्य योजना वनाई नगरकार्यपालिका मार्फत स्विकृत गराउने ।

ख)विभिन्न कार्यालय तथा संध संस्थावाट प्राप्त नगद तथा वस्तुगत सहयोग स्विकार गर्ने ।



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

ग)समितिमा प्राप्त रकमको आधारमा उद्यमीहरुको उत्पादीत सामानहरु खरिदगर्ने व्यवस्था मिलाउने
घ)उद्यमीहरुलाई कोसेली घरमा सामान खरिद विक्री गर्न उत्प्रेरीत गर्ने ।
ङ )उद्यमीहरुलाई आवश्यक पर्ने मेसिन औजार र कच्चा पदार्थहरु खरिद विक्रीको योजना वनाई कार्यान्वयन गर्ने ।
च)कोसेली घर संचालन गर्ने स्थानको उचित प्रवर्द्धन , रेखदेख र नियन्त्रण गर्ने ।
छ)समय समयमा कोषको खातापाता,व्यवस्थापन वारे अवलोकन गरी राय सल्लाहा र सुझाव प्रदान गर्ने ।
ज) कोसेलीी घरको कोषमा रकमको व्यवस्थापन गर्न सम्वन्धीत निकायहरुसंग समन्वय गरी कोष वढाउने
कार्यमा क्रियासिल रहने
झ.)कोसेलीी घरवाट सामान विक्री वितवरण गर्दा पान विलको आवश्यक हुने हुदा आन्तरिक राजस्व कार्यालयवाट पान नं लिने कार्यको लागी पहल गर्ने ।
ञ.)कोसेली घर संचालनको उदेश्य प्राप्तीको लागी अन्य आवश्यक कार्य गर्ने गराउने ।

## परिच्छेद ५
## विविध

१२.**कोशेली घर संचालन गर्ने कर्मचारी व्यवस्था** : उक्त कार्यक्रमको लागि सकेसम्म नगरपालिकावाट कर्मचारी व्यवस्थापन गर्नुपर्नेछ । नगरपालिकावाट तुरुन्त कर्मचारी व्यवस्था हुन नसक्ने अवस्थामा कोशेली घरमा सामान खरिद विक्री गर्न र त्यसको हिसाव किताव राख्न वढीमा २ वर्षको लागी १ जना S.l.Cपास गरेको व्यक्ति नियुक्त गरी काममा लगाउन सकिने छ ।उक्त कर्मचारीको पारिश्रमिकको व्यवस्था नगर उद्योग प्रवर्द्धन समितिले निर्णय गरेवमोजिम हुनेछ ।कर्मचारी व्यवस्थापन पनि सोही समितिले गर्नेछ ।
१३.**कोठा र समानको व्यवस्था** :कोशेलीघर संचालनको लागि नगरपालिकाले भाडामा लगाउने एउटा कोठा(सटर) भाडामाव्यवस्थापन गरी दिनु पर्नेछ । उक्त कोठामा शो केश र रयाकहरुको खरिद गरी उद्यमीद्धारा उत्पादित सामानहरु ,उद्यमीलाई आवश्यक पर्ने कच्चा पदार्थ र मेसिन औजारहरु राख्ने प्रवन्ध मिलाउने ।उत्पादित सामानहरु, कच्चा पदार्थ र मेसिन औजारहरु आवश्यक्ता अनुसार नगर उद्योग प्रवर्द्धन समितिले निर्णयानसारथप गर्नु पर्नेछ ।
१.**विक्री मुल्य निर्धारण** :उद्यमीहरुले उत्पादन गरेको सामान ,कच्चा पदार्थ र मेसिन औजारहरु खरिद गरी व्यवस्थापन भईसकेपछिसमय परिस्थिति र अवसरको खोजी गरी नगर उद्योग प्रवर्द्धन समितिलेनिर्णय गरेअनुसार लागत मुल्यमावढीमा १० प्रतिशत सम्म नाफा जोडी विक्री वितवरण गर्न सक्नेछ ।उक्त नाफवाट कर्मचारीको पारिश्रमिक,कोठा भाडा, विजुली वक्तिको खर्च व्यवस्थापन गर्नु पर्दछ ।
१५.**कोशेली घरलाई सहकारीको अवधारणमा लग्ने** : कोशेली घर दिगो रुपमा संचालन गर्नको लागि सहकारीको अवधारणा अनुसार उद्यमीहरुको सहकारी संस्था स्थापना भएपछि कोसेली घर संचालनको लागि हस्तान्तरण व्यवस्था मिलाउनु पर्दछ । हस्तान्तरण पश्चात कोशेली घरको सम्पूर्ण कारोवार उद्यमीहरु कै सहकारी संस्थाले गर्ने छ ।सम्पूण सम्पती र दायित्व सोहि सहकारी संस्थाको हुनेछ । नगरपालिका र अन्य साझेदार संस्थाहरुले रिभल्भिङ फण्डको रुपमा लगानी गरेको रकम उक्त सहकारीले शेयरको रुपमा ग्रहण गरी शेयर वितवरण गर्नु पर्नेछ ।
१६)**कार्य संचालन निर्देशिका संशोधन** : समितिको सञ्चालन निर्देशिका संशोधन गर्न आवश्यक भएमा



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

कार्य समितिले तयार गरि प्रमुख समक्ष पेश गर्नुपर्नेछ . ।

१७. **कार्य संचालन निर्देशिका स्विकृति** : प्रस्तावित संशोधन प्रस्ताव उपयुक्त लागेमा प्रमुखले कार्यपालिकामा पेशगरी कार्यपालिकाले स्वीकृत दिएपछि मात्र सञ्चालन निर्देशिका संशोधन भई कार्यान्वयन हुनेछ .

१८ **अस्पष्टता वारे निर्णय** : कुनै विषयमा अस्पष्टता भए, विवाद भई निरुपण हुन नसके सो विषयमा नगर कार्यपालिकाले गरेको निर्णय अन्तिम हुनेछ .

१९..**वाधा अडकाउ फुकाउन सक्ने** : यस कार्यविधिमा लेखिएको कुनै व्यवस्था कार्यान्वयन गर्ने सम्वन्धमा कुनै द्विविधा वा वाधा अड्चन परेमा नगरकार्यपालिकाले आवश्यक निर्णय गरी त्यस्तो वाधा फुकाउन सक्नेछ .

२०**कार्यविधिमा नलेखिएका कुराहरु कार्यपालिकाले गर्ने** : यस कार्यविधिमामा लेखिएका कुराहरु यसै वमोजिम र नलेखिएका कुराहरु नगर कार्यपालिकाको निर्णयअनुसार हुनेछ .

**वेलका नगरपालिका**
**रामपुर ,उदयपुर**

## वेलका नगरपालिका, कोरोना भाइरस संक्रमण रोकथाम र राहत तथा उदद्वार कार्य संचालन कार्यववधि, २०७६

प्रस्तावना : हाल विश्वमा महामारीको रुपमा फैलिएको कोरोना भाइरसको नेपालमा रोकथाम तथा नियन्त्रणको सर्न्दभमा नगरवासीलाई सहज जीवन व्यतित गर्न आवश्यक सहजीकरण गर्नुपर्ने, महामारीका कारण दैनकि जीविकोपार्जन पद्दतिमा बाधा भइ दैनिक खानपिनको व्यवस्थापन गर्न नसकेका असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहाय परिवारहरुको दैनिक जीविकोपार्जनका लागि अत्यावश्यक सेवा र वस्तु उपलब्ध गराउन आवश्यक देखिएकोले स्थानीय सरकार संचालन (संसोधन सहित) ऐन, २०७४ को दफा ११ (२) को खण्ड (न) विपद व्यवस्थापनको (२) मा स्थानीयस्तरमा विपद पुर्व तयारी तथा प्रतिकार्य योजना, पुर्व सूचना प्रणाली, खोज तथा उद्द्वार, राहत सामग्रीको पुर्व भण्डारण, वितरण र समन्वय गर्ने काम, कर्तव्य, र अधिकार अनुसार वेलका नगरपाललकामा कोरोना भाइरसको संक्रमण रोकथाम र नियन्त्रण गर्ने सर्न्दभमा राहत तथा उद्द्वार कार्य संचालन कार्यान्वयन गर्न स्थानीय सरकार संचालन (संसोधन सहित) ऐन, २०७४ को दफा १०२ अनुसार यो कार्यविधि मिति २०७६।००।०० को वेलका नगर कार्यपालिकाको बैठकबाट स्वीकृत गरी लागु गरिएको छ ।



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

**१. कार्यविधि नाम** : (१) यो कार्यविधिको नाम **वेलका नगरपालिका, कोरोना भाइरस संक्रमण रोकथाम तथा व्यवस्थापन राहत र उदद्वार कार्य संचालन कार्यविधि, २०७६** रहेको छ ।

(२) यो कार्यविगध वेलका नगरपाललका क्षेरभर लागू हुनेछ ।

(३) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,

**क) कोरोना भन्नाले** विश्व स्वास्थ्य संगठनले महामारीको रुपमा परिभाषित गरेको कोरोना भाइरस (COVID-19) लाई सम्झनुपर्छ ।

**ख) राहत भन्नाले** यस कार्यविधिको मापदण्डमा पर्ने असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायलाई उपलब्ध गराउने अत्यावश्यक सेवा र बस्तुलाई सम्झनुपर्छ ।

**ग) कोष भन्नाले** कोरोना भाइरस संक्रमण रोकथाम र राहत व्यवस्थापनको सर्न्दभमा नगरपालिकाको खर्च लेखन नगरपालिकाको हाल प्रचलनमा रहेको प्रकोप व्यवस्थापन कोषको खातालाई सम्झनुपर्छ ।

**घ) अन्य परिभाषा** स्थानीय सरकार (संसोधन सहित) संचालन ऐन, २०७४ र नगरपाललकाको राजपत्रमा व्यवस्था भए अनुसार हुनेछ ।

**३. राहत कोषमा प्राप्त हुने रकम** : यस कोषमा निम्नानुसारको रकम रहनेछ ।

क) नगरपालकिाबाट जम्मा गरिने रकम,

ख) संघीय सरकार र प्रदेश सरकारवाट प्राप्त हुने रकम,

ग) विभिन्न संघ संस्था र व्यक्तीबाट प्राप्त रकम,

घ) राष्ट्रिय तथा अन्तराष्ट्रिय दाताहरुबाट प्राप्त सहयोग रकम र

ङ) अन्य रकम ।

**४. राहत पाउने व्यक्ती र असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहाय पहिचानका आधारहरु :**

१) यस कार्यविधि अनुसारको राहत पाउने व्यक्तिको अभिलेख अनुसूची १ अनुसार को ढाँचामा वडा कार्यालयले तयार गरी सार्वजनिक गर्नुपर्छ, सो विवरण नगर कार्यपालिकाको वेव साइटमा समेत राख्नुपर्नेछ ।

२) असंगठित क्षेत्रमा दैनिक ज्यालादारी, मजदुरी गरी जीविकोपार्जन गर्ने व्यक्ति वा परिवार,

३) अशक्त, अपाङ्ग घरमुली भइ दैनिक अत्यावश्यक वस्तु हनु नसतने परिवार,

४) सिमान्तकृत समुदायभित्र पर्ने ७ दिनलाई पुग्ने खाद्य सामाग्री घरमा नभएको परिवार ।

**५. संचालन तथा कार्यान्वयन समिति** : कोरोना भाइरस संक्रमण रोकथाम तथा व्यवस्थापन राहत र उद्द्वार संचालन तथा कार्यान्वयनका लागि देहाय बमोजिमको नगर स्तरिय समिति रहनेछ ।

१) नगर प्रमुख, संयोजक

२) उपप्रमुख, सह संयोजक

३) सबै वडाध्यक्षज्यूहरु, सदस्य

४) कार्यपालिकाका सदस्यहरु, सदस्य

५) मान्यता प्राप्त राजनैतिक दलका नगरप्रमुखहरु, सदस्य

६) स्थानीय समाजसेवी/ विषयविज्ञ /दाता मध्येबाट नगरप्रमुखले तोकेका, ३ जना सदस्य

७) स्थानीय रेडक्रसका सभापति, सदस्य

८) सामाजिक विकास शाखा प्रमुख, सदस्य सचिव

**६. नगर स्तरीय समितिको कार्य वववरण** : नगर स्तरीय समितिको कार्य विवरण देहायानुसार हुनेछ :



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

१) संघिय सरकार तथा प्रदेश सरकारले यस विषयमा गरेका निर्णय तथा निर्देशनहरुलाई परिपालन तथा कार्यान्वयन गर्ने र गराउने ।

२) टोल विकास संस्थाहरुलाई परिचालन मार्फत नगरभित्र रहेका असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुको वडा समितिको सिफारिसमा पहिचान गरी प्रमाणिकरण गर्ने ।

३) प्रमाणिकरण गरएिका परिवारलाई आवश्यकता र समितिको निर्णयानुसार सम्बन्धित वडास्तरीय राहत व्यवस्थापन समितिमार्फत राहत प्याकेज उपलब्ध गराउने । वडास्तरीय राहत व्यवस्थापन समितिले सो कार्यमा टोल विकास संस्थाहरुलाई समेत सहभागिता गराउने ।

४) राहत प्याकेजको वितरणको प्रभावकारी अनुगमन गने ।

५) एकद्वार प्रणालीबाट ववलभन्त्न संघसंस्था तथा दाताहरुले ठदने सहयोग स्वीकार गरी ववतरणको व्यवस्थापन गने ।

**७. सल्लाहकार समिति** : दफा ५ को नगर स्तरीय समितिको कार्य व्यवस्थापनमा सहजीकरण गर्न निम्नानुसारको एक सल्लाहाकार समिति रहनेछ ।

१) नगरभित्र कार्यक्षेत्र भएका सबै संघिय सांसदज्यूहरु सदस्य

२) नगरभिर कार्यक्षेत्र भएका सबै प्रदेश सांसदज्यूहरु सदस्य

३) नगरभिर कार्यक्षेर भएका सबै संविधान सभा सदस्यहरु सदस्य

४) जेष्ठ सदस्य सल्लाहकार समितिको संयोजकको रुपमा रहने ।

**८. वडा स्तरीय राहत व्यवस्थापन समितिको गठन र काम, कर्तव्य र अधिकार तथा राहतको प्रकार तथा राहत प्याकेजको व्यवस्था र खरीद व्यवस्था**

(१) वडामा राहत वितरण गर्न निम्नानुसारको एक वडास्तरीय राहत व्यवस्थापन समिति रहनेछ ।

क) वडाध्यक्ष संयोजक

ख) वडासदस्यहरु सदस्य

ग) सम्बन्धित वडाको कार्यपालिकाको सदस्य सदस्य

घ) राजनीनतक दलका वडा प्रमुख सदस्य

ङ) वडा सचिव सदस्य सचिव

(९) वडा स्तरीय राहत व्यवस्थापन समितिको कार्य विवरण :

क) टोल विकास संस्थाहरुलाई परिचालन गरी वडाभित्र रहेका अति असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायको पहिचान गरी गराई सत्यताको जवाफदेहिता सम्बन्धित टोल विकास संस्था र वडास्तरीय राहत व्यवस्थापन समितिमा रहने गरी प्रमाणिकरणका लागि नगर स्तरीय समितिमा सिफारिस गर्ने ।

ख) प्रमाणिकरण गरिएका पररवारलाई समितिको निर्णयानुसार वडामा प्राप्त भएको राहत प्याकेज सम्बन्धित परिवारलाई उपलब्ध गराउने ।

ग) राहत प्याकेजको वितरणको कार्यमा टोल विकास संस्थाहरुलाई समेत सहभागिता गराउने ।

(३) राहत जिन्सीमा मात्र वितरण हुनेछ । राहत प्याकेज अनुसूची २ अनुसार हुनेछ । साथै नगरपालिकाको अनुमति वा समन्वयमा कुनै व्यक्ति, संघ संस्थाबाट वितरण हुने राहत प्याकेज पनि यसैअनुसार हुनुपर्नेछ । सामान्यतया राहत सामग्री दोहोरो पर्ने गरी वितरण गर्नु हुदैन ।

(४) राहतको लागि कम्तिमा २४ घन्टाको म्याद दिई खरिद हुने मूल्य सूची सेवाप्रदायकबाट सार्वजनिक सूचना ( एफ एम रेडियो, अनलाइन पत्रीका, पत्रीका आदि ) बाट आह्वान गरी कम मुल्यमा स्पेसिफिकेसन अनुसारको सामग्रीको लागि कबोल गर्ने सेवाप्रदायकबाट राहत सामग्री खरीद गर्नुपनेछ । यस्तो कबोल गने सेवाप्रदायक एक मात्र भए पनि सामग्री खरीद गर्न बाधा पर्ने छैन ।

(५) वडा कार्यालयबाट वितरण गरिएको राहत सामग्रीको दैनिक विवरण अनुसूची ३ अनुसारको ढाँचामा दैनिकरुपमा वडा कार्यालयमा सार्वजनिक गरी साप्ताहिक रुपमा नगरकार्यपालिकाको कार्यालयमा अनिवार्यरुपमा पठाउनुपर्नेछ, सो विवरणको समस्टिगत तयार गरी सार्वजनिक जानकारीको लागि कायाभलयले वेव साइट र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, वातावरण तथा विपद व्यवस्थापन शाखामा र राष्ट्रिय पंजीकरण विभागमा तोकिएको प्रतिवेदनको ढाँचामा पाक्षिक रुपमा पठाउनुपर्नेछ ।

**९. विशेष अवस्थामा काम गने व्यवस्था** : नगर स्तरीय समितिलाई सहयोग गर्न देहायबमोजिमको सचिवालय गठन गर्ने र उक्त सचिवालयले नगर स्तरीय समितिको बैठक बस्न नसकेको अवस्थामा नगर स्तरीय समितिमा अनुमोदन गर्ने गरी सम्पूर्ण कार्य गर्न सक्नेछ ।

संयोजक नगरप्रमुख



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

सदस्य उपप्रमुख

सदस्य वडाध्यक्षबाट २ जना

सदस्य सामाजिक विकास र विपद व्यव्स्थापन समितिका संयोजक २ जना

सदस्य सचिव नगरस्तरीय समितिको सदस्य सचिव

**१०. कोषको खाता संचालनको दायित्व :** नगरपालिकाको प्रकोप व्यवस्थापन कोषको खातामा नै कोरोना संक्रमण रोकथाम तथा व्यवस्थापन राहत र उद्द्वारको लागि खर्च हुने रकमको आय व्यय खुल्ने गरी दुरुस्त विवरण राखी प्रमुख प्रशासपकिय अधिकृत र नगरपाललकाको आर्थिक शाखा प्रमुखको संयुक्त हस्ताक्षरबाट साविक झैँ संचालन गरी लेखा हिसाव व्यवस्थापनको दायित्व समेत रहनेछ ।

११. राहत स्वरुप प्राप्त जिन्सी सामाग्री व्यवस्थापन र कारवाही सम्बन्त्धी व्यवस्था : (१) नगरपालिकामा विभिन्न व्यक्ति तथा संस्थाहरुबाट प्राप्त हुने जिन्सी राहत निम्नानुसार व्यवस्थापन गर्नुपनेछ ।

क) विभिन्न संघ संस्था र व्यक्तिबाट प्राप्त हुने जिन्सी राहत प्याकेजहरु नगरपालिका कार्यालयमा भण्डारण गर्नुपनेछ ।

ख) राहत वितरण गर्दा भण्डारण भएका सामग्री वितरणमा प्राथमिकता दिनुपर्नेछ ।

ग) राहत सामाग्री ग्रहण, भण्डारण र वितरण कार्यको लागि नगरपालिकाको जिन्सी इकाइको जिम्मेवारी रहनेछ ।

(२) यस कार्यविधिमा तोफकएको मापदण्ड पूरा नभएको व्यक्तिले झुट्टा विवरण पेश गरी राहत लिनु वा दोहोरो राहत लिनु हुदैन । यस कार्यविधिको प्रतिकूल हुने गरी राहत वितरणको लागि सिफारिस गर्ने पदाधिकारीबाट सिफारिस गरेको हदसम्म रकम सम्बन्धित पदाधिकारीबाट असुलउपर तथा प्रचलित कानून अनुसार कारवाही हुनेछ ।

**१२. उद्द्वार कार्य** : नगरपालिका क्षेत्रमा कोरोना भाइरसको कारण महामारी आदि भइ कुनै व्यक्ति वा परिवारको तत्काल उद्द्वार गर्नुपरेमा समितिको सदस्यहरु जो जति उपलध हनुसक्छन, बाट नै निर्णय गरी नेपाल सरकार वा प्रदेश सरकार वा सरोकारवाला अन्य निकाय वा स्थानीय सरकारहरुसंग समन्वय गरी उद्द्वारको कार्य संचालन गर्नुपर्नेछ । यस्तो कार्यमा लाग्ने खर्च समेत यसै कोषमा प्राप्त हुने रकमबाट भुक्तानी हुनेछ ।

**१३. कार्यविधिमा संसोधन वा खारेज वा वदर हुने र बचाउ :**

(१) यस कार्यविधिमा भएको व्यवस्थामा नगर कार्यपालकिाले आंशिक वा पुरै संसोधन वा खारेज गर्न सक्नेछ ।

(२) यस कार्यविधिमा रहेको कुनै व्यवस्था नेपाल सरकार वा प्रदेश सरकारको राहत तथा उद्द्वार सम्बन्धि कुनै व्यवस्थासंग बाझिएमा सो हदसम्म स्वतह बदर भएको मानिनेछ ।

(३) वेलका नगर कार्यपालिकाको कार्यालय र अन्त्तगभतका शाखा तथा वडा कार्यालयबाट भए गरिएका कामहरु यसै अनुसार भएको मानिनेछ ।

**अनुसूची – १**

**( दफा ४ को उप दफा (१) को राहत पाउनेको व्यक्तिको अभिलेख )**

वेलका नगरपाललका वडा न. .........उदयपुर

राहत पाउने व्यक्तिको ववववरण

१. नाम, थर : २. बाबुको नाम, थर :

३. बाजेको नाम : ४. स्थायी ठेगाना :

५. हालको ठेगाना : ६. सम्पकभ न. :

७. दैननक ज्यालादारीमा काम गने स्थान : ८. कामको ववववरण :

९. पररवार संख्या :



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

१०. पेश गरेको कागजात : नेपाली नागरिकताको वा सवारीचालक अनुमनत पत्र वा टोल विकास समितिको कीटानी सिफारिस वा घर भाडामा बसेको घरधनीको सिफारिस पत्र

११. राहत लिने व्यक्तिको स्वघोषणा :

म र मेरो परिवारका सदस्यले रोजगारी, स्वरोजगारी वा अन्य कुनै माध्यमबाट आय आर्जन गरेका छैनन् । मैले यस्तो सुबिधा दोहोरो लिएको छैन र लिने पनि छैन । माथि पेश गरेको विवरण ठिक साँचो हो । व्यहोरा फरक परेमा प्रचलित कानूनबमोजिम सहनाँला बुझौला ।

निवेदक :

दस्तखत :

मिति : औठाको छाप

| बायाँ | दायाँ |
|---|---|
| | |

सिफारिस गर्ने टोल विकास संस्थाको पदाधिकारी वडा न. :

दस्तखत : टोल विकास समिति :

नाम : पद :

मिति :

प्रमानीकरणकोलागि सिफारिस गर्ने पदाधिकारी

दस्तखत : वडा कायाभलय :

नाम : पद :

मिति :

**अनुसूची – २**

**( दफा ८ को उप दफा (३) को राहत सामग्री ववववरण )**

| क. स. | राहत सामग्री | ४ जना सम्मको परिवार ( १ हप्ताको लागि ) | ४ जनाभन्दा बढीको परिवार (१ हप्ताको लागि) |
|---|---|---|---|
| **१** | **चामल** | **१० के.जी** | **१५ के.जी** |
| **२** | **दाल** | **२ के.जी** | **३ के.जी** |
| **३** | **तेल** | **आधा लिटर** | **आधा लिटर** |
| **४** | **आलु** | **३ के.जी** | **५ के.जी** |
| **५** | **नुन** | **१ के.जी** | **१ के.जी** |
| **६** | **चिउरा** | **३ के.जी** | **५ के.जी** |

**अननसूची – ३**

**( दफा ८ को उप दफा (५) को राहत सामग्री ववतरणको ववववरण )**

वेलका नगरपालिका
रामपुर, उदयपुर
वडा न. ................... कार्यालय ..................

## राहत वितरण अभिलेख

| क.स. | राहत प्राप्त गर्ने व्यक्तिको नाम | ठेगाना र संपर्क नं. | वावुको नाम | वाजेको नाम | राहतको विवरण | राहत बुझिलिनेको सहि |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

राहत ववतरण गर्नेको

दस्तखत :

नाम, थर :

टेलिफोन न. :

## वेलका नगरपालिकाको सहकारी ऐन, २०७६

**प्रस्तावना:**

सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरूप स्थानीय स्तरमा छरिएर रहेको पुँजी, प्रविधि तथा प्रतिभालाई स्वावलम्बन र पारस्परिकताका आधारमा एकीकृत गर्दै सदस्यहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नयन गर्न, समुदायमा आधारित, सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्त सुशासित सङ्गठनको रूपमा सहकारी संस्थाहरूको प्रवर्द्धन गर्न, सहकारी खेती, उद्योग, वस्तु तथा सेवा व्यवसायका माध्यमबाट सामाजिक न्यायका आधारमा आत्मनिर्भर, तीब्र एवं दिगो रूपमा स्थानीय अर्थतन्त्रलाई सुदृढ तुल्याउन सहकारी सङ्घ संस्थाहरूको दर्ता, सञ्चालन एवं नियमन सम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले, वेलका नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

### परिच्छेद -१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस ऐनको नाम "वेलका नगरपालिकाको सहकारी ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएका मितिदेखि लागु हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा:

(क) "आन्तरिक कार्यविधि" भन्नाले सहकारी संस्थाले दफा १८ बमोजिम बनाएको आन्तरिक कार्यविधि सम्झनुपर्छ ।

(ख) **"कसुर"** भन्नाले दफा ७९ बमोजिमको कसुर सम्झनुपर्छ ।

(ग) **"तोकिएको" वा "तोकिएबमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

(घ) **"परिवार"** भन्नाले सदस्यको पति वा पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालन पोषण गर्नुपर्ने दाजु, भाउजू, भाइ, बुहारी र दिदी, बहिनी सम्झनुपर्छ । तर सो शब्दले अंशबण्डा गरी वा मानो छुट्टिई आ-आफ्नो व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउने छैन ।

(ङ) **"बचत"** भन्नाले सदस्यले सहकारी संस्थामा जम्मा गरेको रकम सम्झनुपर्छ ।

(च) **"मन्त्रालय"** भन्नाले सहकारी सम्बन्धी विषय हेर्ने संङ्घीय मन्त्रालय सम्झनुपर्छ ।

(छ) **"मुख्य कारोबार"** भन्नाले संस्थाले सञ्चालन गरेको व्य**ब्यव**सायिक क्रियाकलाआर्थिक वर्षसम्ममा परिचालित बचतको दायित्व र



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

पछिल्लो आर्थिक वर्षको सदस्यतर्फको खरिद वा बिक्री कारोवारमा कम्तीमा तीस प्रतिशतभन्दा बढी हिस्सा भएको कारोवार सम्झनुपर्छ ।

(ज) **“रजिष्ट्रार”** भन्नाले सङ्घको रजिष्ट्रार सम्झनुपर्छ ।

(झ) “लेखा सुपरीवेक्षण समिति” भन्नाले दफा ३७ बमोजिमको लेखा सुपरीवेक्षण समिति सम्झनुपर्छ ।

(ञ) “**विनियम”** भन्नाले सम्बन्धित सहकारी संस्थाको दफा १७ बमोजिम बनाएको विनियम सम्झनुपर्छ ।

(ट) **“विभाग”** भन्नाले सङ्घको सहकारी विभाग सम्झनुपर्छ र सो शब्दले मन्त्रालयले सहकारी नियमन गर्न तोकेको महाशाखा समेतलाई जनाउँछ ।

(ठ) **“शेयर”** भन्नाले सहकारी संस्थाको शेयर पूँजीको अंश सम्झनुपर्छ ।

(ड) **“सञ्चालक”** भन्नाले समितिको सदस्य सम्झनुपर्छ र सो शब्दले समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष समेतलाई जनाउँछ ।

(ढ) **“सदस्य”** भन्नाले सहकारी संस्थाको सदस्यता प्राप्त गरेका व्यक्ति सम्झनुपर्छ ।

(ण) **“समिति”** भन्नाले दफा ३० को उपदफा (१) बमोजिमको सञ्चालक समिति सम्झनुपर्छ ।

(त) **“सहकारी मूल्य”** भन्नाले स्वावलम्बन, स्वउत्तरदायित्व, लोकतन्त्र, समानता, समता, ऐक्यवद्धता, इमान्दारी, खुलापन, सामाजिक उत्तरदायित्व तथा अरुको हेरचाह लगायत अन्तर्राष्ट्रिय मान्यता प्राप्त सहकारी सम्बन्धी मूल्य सम्झनुपर्छ ।

(थ) **“सहकारी संस्थाको व्यवसाय”** भन्नाले विनियममा व्यवस्था भए बमोजिम सञ्चालित व्यवसायिक क्रियाकलाप सम्झनुपर्छ ।

(द) **“सहकारी सिद्धान्त”** भन्नाले स्वैच्छिक तथा खुला सदस्यता, सदस्यद्वारा लोकतान्त्रिक नियन्त्रण, सदस्यको आर्थिक सहभागिता, स्वायत्तता र स्वतन्त्रता, शिक्षा, तालिम र सूचना, सहकारी-सहकारी बीच पारस्परिक सहयोग र समुदायप्रतिको चासो लगायत अन्तर्राष्ट्रिय मान्यता प्राप्त सहकारी सम्बन्धी सिद्धान्त सम्झनुपर्छ ।

(ध) **“सहकारी संस्था”** भन्नाले दफा ३ बमोजिम गठन भई दफा ६ बमोजिम दर्ता भएको विषयगत वा बहुउद्देश्यीय सहकारी संस्था तथा सङ्घलाई सम्झनुपर्छ ।

(न) **“साधारण सभा”** भन्नाले सहकारी संस्थाको साधारण सभा सम्झनुपर्छ ।

(प) **“प्राथमिक पूँजी कोष”** भन्नाले शेयर पूँजी र जगेडा कोष सम्झनुपर्छ ।

(फ) **“दर्ता गर्ने अधिकारी“** भन्नाले दफा ६९ बमोजिमको दर्ता गर्ने अधिकारी सम्झनुपर्दछ ।



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

(ब) **"नगरपालिका"** भन्नाले वेलका नगरपालिका सम्झनुपर्छ ।

## परिच्छेद-२
## सहकारी संस्थाको गठन तथा दर्ता

**३. संस्थाको गठनः**

(१) कम्तीमा तीस जना नेपाली नागरिकहरू आपसमा मिली विषयगत वा बहुउद्देश्यीय सहकारी संस्था गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्रमिक, युवा लगायतले आफ्नो श्रम वा सीपमा आधारित भई व्यवसाय गर्ने सहकारी संस्थाको हकमा १५ जना नेपाली नागरिकहरू भए पनि संस्था गठन गर्न सक्नेछन् ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार, व्यास नगरपालिका वा त्यस्ता सरकार वा नगरपालिकाको अनुदान वा स्वामित्वमा सञ्चालित विद्यालय, विश्वविद्यालय वा सङ्गठित संस्थाबाट पारिश्रमिक पाउने पदमा बहाल रहेका कम्तीमा एक सय जना कर्मचारी, शिक्षक वा प्राध्यापकहरूले आपसमा मिली प्रचलित कानूनबमोजिम दर्ता भएको आफ्नो पेशागत सङ्गठनका आधारमा सदस्यता, प्रतिनिधित्व र सेवा सञ्चालनमा तोकिए बमोजिमका शर्त बन्देजहरू पालना गर्ने गरी संस्था गठन गर्न सक्नेछन् ।

तर एक सय जनाभन्दा कम संख्या रहेको एउटै कार्यालयका कम्तीमा तीस जना कर्मचारी, शिक्षक वा प्राध्यापकहरूले आपसमा मिली सदस्यता, प्रतिनिधित्व र सेवा सञ्चालनमा तोकिए बमोजिमका शर्त बन्देजहरू पालना गर्ने गरी संस्था गठन गर्न सक्नेछन् ।

(४) यस दफा बमोजिम संस्था गठन गर्दा एक परिवार एक सदस्यका दरले उपदफा (१) वा (२) मा उल्लिखित संख्या पुगेको हुनुपर्नेछ ।

तर संस्था दर्ता भई सकेपछि एकै परिवारका एकभन्दा बढी व्यक्तिले सो संस्थाको सदस्यता लिन बाधा पर्ने छैन ।

(५) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बचत तथा ऋणको कारोवार गर्ने संस्था गठन गर्दा कम्तीमा एक सय जना नेपाली नागरिकहरूको सहभागिता हुनु पर्नेछ ।

**४. दर्ता नगरी सहकारी सस्था सञ्चालन गर्न नहुनेः** कसैले पनि यस ऐन बमोजिम दर्ता नगरी सहकारी स्थापना तथा सञ्चालन गर्न हुँदैन ।

**५. दर्ताको लागि दरखास्त दिनुपर्नेः**



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

(१) यस ऐन बमोजिम गठन भएका सरकारी संस्थाले दर्ताको लागि दर्ता गर्ने अधिकारी समक्ष अनुसूची १ को ढाँचामा दरखास्त दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमका दरखास्त साथ देहायबमोजिमका कागजातहरू संलग्न गर्नुपर्नेछः

(क) सहकारी संस्थाको प्रस्तावित विनियम,

(ख) सहकारी संस्था सञ्चालनको सम्भाब्यता अध्ययन प्रतिवेदन,

(ग) सदस्यले लिन स्वीकार गरेको शेयर संख्या र शेयर रकमको विवरण ।

**६. दर्ता गर्नुपर्नेः**

(१) दफा ५ को उपदफा (१) बमोजिम प्राप्त दरखास्त सहितको कागजातहरू छानविन गर्दा देहायबमोजिम भएको पाइएमा दर्ता गर्ने अधिकारीले दरखास्त परेको मितिले तीस दिनभित्र त्यस्तो सहकारी संस्था दर्ता गरी अनुसूची २ को ढाँचामा दर्ता प्रमाणपत्र दिनुपर्नेछः

(क) दरखास्त साथ पेश भएको विनियम यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम रहेको,

(ख) प्रस्तावित सहकारी संस्था सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरूप सञ्चालन हुन सक्ने आधार रहेको,

(ग) सहकारी संस्था समुदायमा आधारित एवं सदस्य केन्द्रित भई सञ्चालन र नियन्त्रण हुन सक्ने स्पष्ट आधार रहेको ।

(२) उपदफा (१) बमोजिम छानविन गर्दा प्रस्तावित सहकारी संस्थाको विनियमको कुनै कुरामा संशोधन गर्नुपर्ने देखिएमा दर्ता गर्ने अधिकारीले त्यस्ता संशोधन गर्नुपर्ने व्यहोरा खुलाई दरखास्त प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई सूचना गर्नुपर्नेछ ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत दर्ता भई सञ्चालनमा रहेका व्यास नगरपालिका भित्र कार्यक्षेत्र कायम गरिएका सहकारी संस्था यसै ऐन बमोजिम दर्ता भएको मानिने छ ।

(४) यस दफा बमोजिम सहकारी संस्था दर्ता गर्दा दर्ता गर्ने अधिकारीले त्यस्तो सहकारी संस्थाले पालना गर्नुपर्ने गरी कुनै सर्त तोक्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम सर्त तोकिएकोमा सोको पालना गर्नु सम्बन्धित सहकारी संस्थाको कर्तव्य हुनेछ ।

**७. दर्ता गर्न अस्वीकार गर्न सक्नेः**

(१) दफा ६ को उपदफा (१) मा उल्लिखित अवस्था नभएमा, सोही दफा बमोजिम विनियम संशोधनको लागि सूचना दिएको अवधि भित्र निवेदकले संशोधन गर्न अस्वीकार गरेमा त्यस्तो सूचना पाएको मितिले तीस दिनभित्र विनियम संशोधन नगरेमा वा सूचनामा उल्लेख भए बमोजिम हुने गरी छ



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

विनियम संशोधन नगरेमा दर्ता गर्ने अधिकारीले त्यस्तो सहकारी संस्था दर्ता गर्न अस्वीकार गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सहकारी संस्था दर्ता गर्न अस्वीकार गरेकोमा दर्ता गर्ने अधिकारीले कारण खुलाई तीन दिनभित्र सोको जानकारी सम्बन्धित निवेदकहरूलाई दिनुपर्नेछ ।

**८. सहकारी संस्था सङ्गठित संस्था हुने:**

(१) सहकारी संस्था अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ ।

(२) सहकारी संस्थाको काम कारबाहीको लागि एउटा छुट्टै छाप हुनेछ ।

(३) सहकारी संस्थाले यस ऐनको अधिनमा रही व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त, उपभोग, बिक्री वा अन्य व्यवस्था गर्न सक्नेछ ।

(४) सहकारी संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

(५) सहकारी संस्थाले व्यक्ति सरह करार गर्न सक्नेछ ।

**९. सहकारी संस्थाको कार्यक्षेत्र:**

(१) दर्ता हुँदाका बखत सहकारी संस्थाको कार्यक्षेत्र देहायबमोजिम हुनेछ ।

(क) बचत तथा ऋणको मुख्य कारोवार गर्ने संस्थाको हकमा बढीमा पाँच वडासम्म,

(ख) अन्य संस्थाको हकमा तीन वडा वा देहायका आधारमा पाँच वडासम्म:

(१) सदस्यहरू बीच स्वावलम्बनको पारस्पारिक अभ्यासको लागि आपसी साझा बन्धन (कमन बण्ड),

(२) व्यवसायिक स्तरमा सेवा सञ्चालन गर्न आवश्यक सदस्य संख्या,

(३) संस्था सञ्चालनमा सदस्यको सहभागितामूलक लोकतान्त्रिक नियन्त्रण कायम हुने गरी पायक पर्ने स्थान ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले दर्ता भई व्यवसायिक सेवा प्रारम्भ गरेको दुई वर्ष पछि देहायको आधारमा जोडिएको भौगोलिक क्षेत्र कायम रहने गरी आफ्नो कार्यक्षेत्र थप वडाहरूमा विस्तार गर्न सक्नेछ ।

(क) संस्थाको व्यवसायिक क्रियाकलापको विकास क्रममा सदस्यता बढाउन थप कार्यक्षेत्र आवश्यक परेको,

(ख) संस्थाको कार्य सञ्चालनमा सदस्यको प्रत्यक्ष नियन्त्रण कायम राख्न रचनात्मक उपायहरू अवलम्बन गरिएको,

(ग) बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको हकमा मापदण्ड अनुसार भएको ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाको कार्यक्षेत्रका वडाहरूमा व्यवसायिक सेवा सञ्चालन नभएको वा जम्मा



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

कारोबारको तोकिएको रकम वा अनुपातभन्दा कम रकम वा अनुपातको व्यवसायिक सेवा सञ्चालन भएको देखिएको खण्डमा दर्ता गर्ने अधिकारीले व्यवसायिक सेवा सञ्चालन भएका वडा मात्र कार्यक्षेत्र कायम गर्ने गरी विनियम संशोधन गर्न निर्देशन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम दर्ता गर्ने अधिकारीले निर्देशन दिएकोमा सहकारी संस्थाले एक वर्षभित्र विनियम संशोधन गरी आफ्नो कार्यक्षेत्र पुनः निर्धारण गर्नुपर्नेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्थाले स्वेच्छिक रूपमा जुनसुकै समय कार्यक्षेत्र घटाउने गरी पुनः निर्धारण गर्न विनियम संशोधन गर्न सक्नेछ ।

(६) कार्यक्षेत्र पुनः निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**१०. जानकारी दिनुपर्नेः** नगरपालिकाभन्दा बढी कार्यक्षेत्र कायम राखी दर्ता भई सञ्चालनमा रहेका संस्थाहरूले नगरपालिकामा सेवा सञ्चालन गर्दा सञ्चालित सेवाको विवरण सहित दर्ता गर्ने अधिकारीलाई जानकारी दिनुपर्नेछ ।

**११. विषयगत आधारमा वर्गीकरणः**

(१) सहकारी संस्थाको वर्गीकरण देहायबमोजिम हुनेछः

(क) उत्पादक संस्थाः कृषि, दुग्ध, चिया, कफी, उखु, फलफूल र माछापालन विशेषका विषयगत र अगुवाबाली एवं उत्पादनको योजना समेतका आधारमा अन्य उत्पादनमूलक संस्था,

(ख) उपभोक्ता संस्थाः उपभोक्ता भण्डार, बचत तथा ऋण, उर्जा र स्वास्थ्य विशेषका विषयगत र प्राथमिक आवश्यकता एवं सेवाको योजना समेतका आधारमा अन्य उपभोगजन्य संस्था,

(ग) श्रमिक संस्थाः हस्तकला, खाद्य परिकार, औद्योगिक उत्पादन, भोजनालय र श्रम करार विशेषका विषयगत र सीप वा श्रमको विशेषता एवं स्वरोजगारीको योजना समेतका आधारमा अन्य श्रममा आधारित संस्था,

(घ) बहुउद्देश्यीय संस्थाः उत्पादन, उपभोग र श्रम वा सीपमा आधारित स्वरोजगारीका सेवा समेत सञ्चालन गर्ने अन्य बहुमुखी संस्था ।

(२) उपदफा (१) को खण्ड (क), (ख) र (ग) मा उल्लेखित विषयमा विशिष्टीकरण, आम प्रचलन र अभ्यासको विकास क्रम समेतको आधारमा तोकिएबमोजिमका विषयहरू थप गर्न सकिनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम अन्य संस्थाहरू गठन गर्न बाधा पर्ने छैन ।

**१२. कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेः**



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

(१) दफा ६ बमोजिम दर्ता प्रमाणपत्र प्राप्ति गरेपछि संस्थाले आफ्नो उद्देश्य प्राप्तिका लागि यस ऐन र विनियमको अधिनमा रही आवश्यक कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछ ।
(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले उपदफा (१) बमोजिम कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न छुट्टै संस्था दर्ता गर्नुपर्ने छैन ।
तर त्यस्तो कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न प्रचलित कानून बमोजिम अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र लिनुपर्ने रहेछ भने सो बमोजिम अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र लिएर मात्र कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्नुपर्नेछ ।
(३) उपदफा (२) बमोजिम संस्थाले प्रचलित कानून बमोजिम अधिकार पाएको निकाय वा अधिकारीबाट अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र प्राप्त गरेमा पन्ध्र दिनभित्र सोको जानकारी दर्ता गर्ने अधिकारीलाई दिनुपर्नेछ ।
(४) दुई वा दुईभन्दा बढी संस्थाले संयुक्त वा साझेदारीमा आफ्नो उत्पादन वा सेवाको बजारीकरणको लागि यस ऐनको अधिनमा रही आवश्यक कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछन् ।
(५) उपदफा (४) बमोजिमको कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**१३. दायित्व सीमित हुने:**

(१) सहकारी संस्थाको कारोबारको सम्बन्धमा सदस्यको दायित्व निजले खरिद गरेको वा खरिद गर्न स्वीकार गरेको शेयरको अधिकत्तम रकमसम्म मात्र सीमित रहने छ ।
(२) सहकारी संस्थाको नाममा “सहकारी” र नामको अन्त्यमा “लिमिटेड” भन्ने शब्द राख्नु पर्नेछ ।

**१४. सहकारीका मूल्य, मान्यता र सिद्धान्त पालना गर्नुपर्ने:** सहकारी संस्थाको गठन तथा सञ्चालन गर्दा सहकारीका मूल्य, मान्यता र सिद्धान्तको पालना गर्नुपर्नेछ ।

## परिच्छेद -३

## संस्थाको उद्देश्य तथा कार्य

**१५. संस्थाको उद्देश्य:** कार्यक्षेत्रमा आधारित र सदस्य केन्द्रित भई आफ्ना सदस्यहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नयन गर्नु संस्थाको मुख्य उद्देश्य हुनेछ ।



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

**१६. संस्थाको कार्यः** संस्थाका कार्यहरू देहायबमोजिम हुने छन्

(क) सहकारीका मूल्य, मान्यता र सिद्धान्तहरूको पालना गर्ने गराउने,

(ख) सदस्यको हित प्रवर्द्धन गर्ने गरी व्यवसायिक सेवाहरू प्रदान गर्ने,

(ग) सदस्यलाई शिक्षा, सूचना र तालिम प्रदान गर्ने,

(घ) संस्थाले गर्ने उत्पादन तथा सेवाको मापदण्ड निर्धारण गरी गुणस्तर सुधार, आर्थिक स्थायित्व र जोखिम व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

(ङ) आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने,

(च) संस्थाको व्यवसायिक प्रवर्द्धन तथा विकास सम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्ने,

(छ) मन्त्रालय, रजिष्ट्रार, प्रादेशिक रजिष्ट्रार, नगरपालिका वा दर्ता गर्ने अधिकारीको निर्देशन पालना गर्ने गराउने,

(ज) विनियममा उल्लेखित कार्यहरू गर्ने ।

## परिच्छेद-४
## विनियम तथा आन्तरिक कार्यविधि

**१७. विनियम बनाउनुपर्नेः**

(१) संस्थाले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड र कार्यविधिको अधिनमा रही आफ्नो कार्य सञ्चालनको लागि विनियम बनाउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विनियम दर्ता गर्ने अधिकारीबाट स्वीकृत भएपछि लागु हुनेछ ।

**१८. आन्तरिक कार्यविधि बनाउन सक्नेः**

(१) संस्थाले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड, कार्यविधि र विनियमको अधिनमा रही आवश्यकता अनुसार आफ्नो आन्तरिक कार्यविधि बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आन्तरिक कार्यविधि सम्बन्धित संस्थाको साधारण सभाले स्वीकृत गरेपछि लागु हुनेछ ।

**१९. विनियम र आन्तरिक कार्यविधिमा संशोधनः**

(१) संस्थाको साधारण सभाको कुल सदस्य संख्याको बहुमतबाट विनियम र आन्तरिक कार्यविधि संशोधन हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम संशोधन भएको विनियम वा आन्तरिक कार्यविधि दर्ता गर्ने अधिकारीबाट स्वीकृत भएपछि लागु हुनेछ ।

## परिच्छेद-५
## सदस्यता



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

**२०. संस्थाको सदस्यता:**

(१) सोह्र वर्ष उमेर पूरा गरेका देहायबमोजिमका नेपाली नागरिकहरू संस्थाको सदस्य हुन सक्नेछन्:

(क) संस्थाको कार्यक्षेत्र भित्र स्थायी बसोबास गरेको,

(ख) संस्थाको कम्तीमा एक शेयर खरिद गरेको,

(ग) संस्थाको विनियममा उल्लेखित सर्तहरू पालना गर्न मन्जुर गरेको,

(घ) संस्थाको जिम्मेवारी पालना गर्न मन्जुर भएको,

(ङ) संस्थाले गरेको कारोवारसँग प्रतिस्पर्धा हुने गरी कारोवार नगरेको,

(च) संस्थाको सदस्यता लिन योग्य रहेको स्वघोषणा गरेको ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकारका निकायहरू, नगरपालिकाका साथै संस्थाको कार्यक्षेत्र भित्रका सामुदायिक वा सहकारी विद्यालय, गुठी, स्थानीय क्लब, नगरपालिकामा गठन भएका उपभोक्ता समूहहरू संस्थाको सदस्य हुन बाधा पर्ने छैन ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्वास्थ्य सहकारी संस्थामा सहकारी संस्थाले सदस्यता लिन बाधा पर्ने छैन ।

**२१. सदस्यता प्राप्त गर्न निवेदन दिनुपर्ने:**

(१) संस्थाको सदस्यता लिन चाहने सम्बन्धित व्यक्तिले संस्थाको समिति समक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेको मितिले पैतीस दिनभित्र समितिले यस ऐन अन्तर्गत बनेको नियम तथा विनियमको अधिनमा रही सदस्यता प्रदान गर्ने वा नगर्ने निर्णय गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम निर्णय गर्दा समितिले सदस्यता प्रदान नगर्ने निर्णय गरेमा सोको कारण खोली सात दिनभित्र निवेदकलाई जानकारी गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम जानकारी पाएको मितिले तीस दिनभित्र सम्बन्धित व्यक्तिले त्यस्तो संस्था दर्ता गर्ने अधिकारी समक्ष उजुर गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम प्राप्त उजुरी छानबिन गर्दा निवेदकलाई सदस्यता प्रदान गर्नुपर्ने देखिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो निवेदकलाई सदस्यता प्रदान गर्नको लागि सम्बन्धित संस्थालाई आदेश दिन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम आदेश भएमा सो आदेश प्राप्त गरेको सात दिनभित्र सम्बन्धित संस्थाले निवेदकलाई सदस्यता प्रदान गरी सोको जानकारी दर्ता गर्ने अधिकारीलाई गराउनुपर्नेछ

**२२. सदस्य हुन नपाउने:**

(१) कुनै व्यक्ति एकै प्रकृतिको एकभन्दा बढी संस्थाको सदस्य हुन पाउने छैन ।



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

तर यो ऐन प्रारम्भ हुनु अघि कुनै व्यक्ति एकै प्रकृतिको एकभन्दा बढी संस्थाको सदस्य रहेको भए यो ऐन प्रारम्भ भएको मितिले तीन वर्ष भित्र कुनै एक संस्थाको मात्र सदस्यता कायम राख्नुपर्नेछ ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत कुनैं संस्थामा नेपाल सरकारको निकाय वा दफा २० को उपदफा (२) मा उल्लेख भएदेखि बाहेकको अन्य कुनै कृत्रिम व्यक्ति सदस्य भएको भए पाँच वर्ष भित्र सदस्यता अन्त्य गर्नुपर्नेछ ।

**२३. सदस्यताको समाप्तिः**

(१) कुनै सदस्यको सदस्यता देहायको अवस्थामा समाप्त हुनेछ :

(क) सदस्यले आफ्नो सदस्यता त्याग गरेमा,

(ख) लगातार वार्षिक साधारण सभामा बिना सूचना तीन पटकसम्म अनुपस्थित भएमा,

(ग) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिम सदस्यले पालना गर्नुपर्ने प्रावधानको बारम्बार उल्लङ्घन गरेमा,

(घ) संस्थाको सदस्यको हकमा दफा २० बमोजिमको योग्यता नभएमा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्यले संस्थाबाट प्राप्त कर वा भुक्तान गर्नुपर्ने कुनै रकम भएमा सो फरफारक नभएसम्म वा निजले लिएको ऋृण, तिर्नुपर्ने कुनै दायित्व वा अन्य कुनै सदस्यको तर्फबाट धितो वा जमानत बसेकोमा सोको दायित्व फरफारक नभएसम्म निजको सदस्यता समाप्त हुने छैन ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि साधारण सभा बोलाउने निर्णय भई सकेपछि साधारण सभा सम्पन्न नभएसम्म कसैलाई पनि सदस्यताबाट हटाउन सकिने छ ।

**२४. सुविधा प्राप्त गर्न नसक्ने**ः कुनै सदस्यले सहकारी संस्थालाई तिर्नुपर्ने कुनै दायित्व निर्धारित समयभित्र भुक्तान नगरेमा वा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम तथा विनियम बमोजिम सदस्यले पालन गर्नुपर्ने व्यवस्थाको बारम्बार उलङ्घन गरेमा त्यस्तो सदस्यले अन्य सदस्य सरहको सुबिधा प्राप्त गर्न सक्ने छैन ।

## परिच्छेद ६
## साधारण सभा, समिति तथा लेखा सुपरिवेक्षण समिति

**२५. साधारण सभाः**

(१) सहकारी संस्थाको सर्वोच्च अङ्गको रूपमा साधारण सभा हुनेछ ।

(२) सहकारी संस्थाका सबै सदस्यहरू साधारण सभाका सदस्य हुनेछन् ।

(३) सहकारी संस्थाको साधारण सभा देहायबमोजिम हुनेछ :-

(क) प्रारम्भिक साधारण सभा,

(ख) वार्षिक साधारण सभा,



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

(ग) विशेष साधारण सभा ।

**२६. प्रारम्भिक साधारण सभाको काम, कर्तव्य र अधिकारः** प्रारम्भिक साधारण सभाको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) प्रारम्भिक साधारण सभा हुने अघिल्लो दिनसम्मको काम कारबाही र आर्थिक कारोबारको जानकारी लिने,

(ख) चालु आर्थिक वर्षको लागि वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ग) प्रतिवेदन तथा वित्तीय विवरण अनुमोदन गर्नेछ, विनियममा उल्लेख भएबमोजिम समिति वा लेखा सुपरीवेक्षण समितिको निर्वाचन गर्ने,

(घ) आन्तरिक कार्यविधि पारित गर्ने,

(ङ) लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,

(च) विनियममा तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने ।

**२७. वार्षिक साधारण सभाको काम, कर्तव्य र अधिकारः** वार्षिक साधारण सभाको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) वार्षिक कार्यक्रम तथा बजेट स्वीकृति गर्ने,

(ख) वार्षिक लेखापरीक्षण प्रतिवेदन अनुमोदन गर्ने,

(ग) समिति वा लेखा सुपरीवेक्षण समितिको निर्वाचन तथा विघटन गर्ने,

(घ) सञ्चालक वा लेखा सुपरीवेक्षण समितिको संयोजक वा सदस्यलाई पदबाट हटाउने,

(ङ) समिति वा लेखा सुपरीवेक्षण समितिको वार्षिक प्रतिवेदन पारित गर्ने,

(च) विनियम संशोधन तथा आन्तरिक कार्यविधि पारित गर्ने,

(छ) लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,

(ज) संस्था एकीकरण वा विघटन सम्बन्धी निर्णय गर्ने,

(झ) पारिश्रमिक लगायतका सुविधा तोक्ने,

(ञ) ऋण तथा अनुदान प्राप्त गर्ने सम्बन्धमा निर्णय गर्ने,

(ट) सदस्यको दायित्व मिनाहा दिने,

(ठ) समितिलाई आवश्यक निर्देशन दिने,

(ड) विनियममा तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने ।

**२८. साधारण सभाको बैठकः**

(१) समितिले सहकारी संस्था दर्ता भएको मितिले तीन महिनाभित्र प्रारम्भिक साधारण सभा बोलाउनुपर्नेछ ।

(२) समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र वार्षिक साधारण सभा बोलाउनु पर्नेछ ।

(३) समितिले देहायको अवस्थामा विशेष साधारण सभा बोलाउनु पर्नेछ :

(क) संस्थाको काम विशेषले विशेष साधारण सभा बोलाउनुपर्ने समितिबाट निर्णय भएमा,



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

(ख) दफा ३८ कोउपदफा (१) को खण्ड (छ) बमोजिम लेखा सुपरीवेक्षण समितिको सिफारिसमा,
(ग) कुनै सञ्चालकले विशेष साधारण सभा बोलाउन पेश गरेको प्रस्ताव समितिद्वारा पारित भएमा,
(घ) विशेष साधारण सभा बोलाउनुपर्ने कारण खुलाइ पन्ध्र प्रतिशत सदस्यले समिति समक्ष निवेदन दिएमा,
(ङ) दफा २९ को उपदफा (१) बमोजिम दर्ता गर्ने अधिकारीले निर्देशन दिएमा,
(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाको सञ्चालक वा व्यवस्थापकबाट आफ्नो जिम्मेवारी पूरा नगरी संस्था सञ्चालनमा समस्या उत्पन्न भएको अवस्थामा दर्ता गर्ने अधिकारीलाई जानकारी दिई साधारण सदस्यहरू मध्येबाट बहुमत सदस्य उपस्थित भई विशेष साधारण सभा गर्न सकिनेछ ।

**२९. विशेष साधारण सभा बोलाउन निर्देशन दिन सक्नेः**

(१) संस्थाको निरीक्षण वा सुपरीवेक्षण गर्दा वा कसैको उजुरी परी छानबिन गर्दा देहायको अवस्था देखिन आएमा दर्ता गर्ने अधिकारीले त्यस्तो सहकारी संस्थाको समितिलाई साधारण सभा बोलाउन निर्देशन दिन सक्नेछ :
(क) सहकारीको मूल्य, मान्यता तथा सिद्धान्त विपरीत कार्यगरेमा,
(ख) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम, विनियम तथा आन्तरिक कार्यविधि विपरीत कार्य गरेमा,
(घ) दर्ता गर्ने अधिकारीले दिएको निर्देशनको बारम्बार उल्लङ्घन गरेमा,
(ङ) दफा ३१ को उपदफा (२) बमोजिम दर्ता गर्ने अधिकारीले आदेश दिएमा ।
(२) उपदफा (१) बमोजिम साधारण सभा बोलाउन निर्देशन प्राप्त भएमा समितिले सो निर्देशन प्राप्त भएको मितिले पैंतीस दिनभित्र साधारण सभाको बैठक बोलाउनु पर्नेछ र साधारण सभाको बैठकमा उजुरी वा निरीक्षणका क्रममा देखिएका विषयमा छलफल गरी सोको प्रतिवेदन दर्ता गर्ने अधिकारी समक्ष पेश गर्नुपर्नेछ ।
(३) उपदफा (१) वा (२) मा उल्लिखित अवधिभित्र समितिले साधारण सभा नबोलाएमा दर्ता गर्ने अधिकारीले त्यस्तो साधारण सभा बोलाउन सक्नेछ ।
(४) सहकारी संस्थाको साधारण सभाको लागि गणपूरक संख्या तत्काल कायम रहेको सदस्य संख्याको एकाउन्न प्रतिशत हुनेछ ।
तर पहिलो पटक डाकिएको साधारण सभामा गणपूरक संख्या नपुगेमा त्यसको सात दिनभित्र दोस्रो पटक साधारण सभा बोलाउनु पर्ने र यसरी दोस्रो पटक बोलाइएको साधारण सभामा सञ्चालक समितिको बहुमत सहित एक तिहाई साधारण सदस्यहरूको उपस्थिति भएमा साधारण सभाको गणपूरक संख्या पुगेको मानिने छ ।
(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा २८ को (४) मा भएको व्यवस्था सोहीअनुसार हुनेछ ।



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

(६) दुई हजार वा सोभन्दा बढी सदस्य भएका संस्थाले साधारण सभा गर्दा समान कार्यसूचीमा तोकिएबमोजिम सदस्य संख्याको आधारमा वडा-वडा वा अन्य पायकको स्थानमा सञ्चालक सदस्यहरूलाई पठाई साधारण सभा गर्न र त्यस्तो सभाको निर्णय प्रमाणित गर्न प्रतिनिधिहरू छनौट गरी त्यस्ता प्रतिनिधिहरूको उपस्थितिको सभाले अन्तिम निर्णय प्रमाणित गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

**३०. सञ्चालक समितिः**

(१) सहकारी संस्थामा साधारण सभाबाट निर्वाचित एक सञ्चालक समिति रहने छ ।

तर, एउटै व्यक्ति लगातार एउटै पदमा दुई पटकभन्दा बढी सञ्चालक हुन पाउने छैन ।

(२) उपदफा (१) बमोजिमको समितिमा उपलब्ध भएसम्म कम्तीमा तेत्तीस प्रतिशत महिला सदस्यको प्रतिनिधित्व सुनिश्चित गर्नुपर्नेछ ।

(३) एउटै परिवारको एकभन्दा बढी सदस्य एकै अवधिमा सञ्चालक तथा लेखा समितिको पदमा उम्मेदवार बन्न र निर्वाचित हुन सक्ने छैन ।

(४) कुनै संस्थाको सञ्चालक सोही संस्थाको कर्मचारी वा आफ्नो संस्थाले सदस्यता लिएको सहकारी सङ्घ वा बैङ्क बाहेक अर्को कुनै संस्थाको सञ्चालक बन्न पाउने छैन ।

तर वार्षिक दुई करोड रूपैँयाभन्दा कमको कारोवार गर्ने सहकारी संस्थाको सञ्चालकले त्यस्तो सहकारी संस्थामा कर्मचारीको रूपमा काम गर्न बाधा पर्ने छैन । वार्षिक दुई करोडभन्दा बढी कारोवार गर्ने संस्थामा कुनै सञ्चालक कर्मचारी रहेको भए यो ऐन प्रारम्भ भएको मितिले चार वर्षभित्र त्यस्ता सञ्चालकले कर्मचारीको पद त्याग गरी अर्को कर्मचारीको व्यवस्था गर्नुपर्नेछ ।

(५) यो ऐन प्रारम्भ हुनु अघि कुनै व्यक्ति एकभन्दा बढी संस्थाको सञ्चालक वा सोही वा अर्को संस्थाको कर्मचारी भएकोमा यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र कुनै एक संस्थाको मात्र सञ्चालक वा कर्मचारी रहनुपर्नेछ ।

(६) समितिको कार्यावधि चार वर्षको हुनेछ ।

**३१. सञ्चालक समितिको निर्वाचनः**

(१) समितिले आफ्नो कार्यावधि समाप्त हुनु कम्तीमा एक महिना अघि अर्को समितिको निर्वाचन गराउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिको निर्वाचन नगराएको जानकारी प्राप्त भएमा त्यस्तो जानकारी प्राप्त भएको मितिले छ महिनाभित्र समितिको निर्वाचन गराउन दर्ता गर्ने अधिकारीले सम्बन्धित समितिलाई आदेश दिन सक्नेछ ।



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

(३) उपदफा (२) बमोजिम दर्ता गर्ने अधिकारीले आदेश दिएकोमा सम्बन्धित समितिले सो आदेश बमोजिमको समयावधि भित्र समितिको निर्वाचन गराई दर्ता गर्ने अधिकारीलाई जानकारी गराउनुपर्नेछ।

(४) उपदफा (३) बमोजिम समितिको निर्वाचन नगराएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्था सदस्य रहेको माथिल्लो सङ्घ भए सो सङ्घको प्रतिनिधि समेतलाई सहभागी गराई समितिको निर्वाचनसम्बन्धी सम्पूर्ण कार्य गर्ने गराउनेछ।

(५) उपदफा (४) बमोजिमको निर्वाचन कार्यमा सहयोग पुऱ्याउनु सम्बन्धित समितिका पदाधिकारीहरूको कर्तव्य हुनेछ।

(६) उपदफा (५) बमोजिम निर्वाचन गराउँदा लागेको सम्पूर्ण खर्च सम्बन्धित संस्थाले व्यहोर्नुपर्नेछ।

(७) यस दफा बमोजिम समितिको अर्को निर्वाचन नभएसम्मको लागि समितिले विनियममा व्यवस्था भएबमोजिम आफ्नो कार्य सञ्चालन गर्नेछ।

**३२. समितिको काम, कर्तव्य र अधिकार**: यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) सहकारीको मूल्य, मान्यता र सिद्धान्त बमोजिम सहकारी संस्थाको सञ्चालन गर्ने,

(ख) आर्थिक तथा प्रशासकीय कार्य गर्ने/गराउने,

(ग) प्रारम्भिक साधारण सभा, वार्षिक साधारण सभा तथा विशेष साधारण सभा बोलाउने,

(घ) साधारण सभाका निर्णयहरू कार्यान्वयन गर्ने/गराउने,

(ङ) संस्थाको नीति, योजना, बजेट तथा वार्षिक कार्यक्रमको तर्जुमा गरी साधारण सभा समक्ष पेश गर्ने,

(च) संस्थाको सदस्यता प्रदान गर्ने तथा सदस्यताबाट हटाउने,

(छ) शेयर नामसारी तथा फिर्ता सम्बन्धी कार्य गर्ने,

(ज) सम्बन्धित सङ्घको सदस्यता लिने,

(झ) विनियम तथा आन्तरिक कार्यविधि तयार गरी साधारण सभामा पेश गर्ने,

(ञ) संस्थाको कार्यक्षेत्र भित्र संस्थाको कारोबार र व्यवसायको हित प्रवर्द्धनको लागि आवश्यक कार्य गर्ने/गराउने,

**३३. सञ्चालक पदमा बहाल नरहने:** देहायको कुनै अवस्थामा सञ्चालक आफ्नो पदमा बहाल रहन सक्ने छैनः

(क) निजले दिएको राजिनामा समितिबाट स्वीकृत भएमा,

(ख) निजलाई दफा ३४ उपदफा (१) बमोजिम सञ्चालकबाट हटाउने निर्णय भएमा,

(ग) निज अर्को संस्थाको सञ्चालक रहेमा,



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

(घ) निज सोही वा अर्को संस्थाको कर्मचारी रहेमा,
तर दफा ३० को उपदफा (४) को प्रतिबन्धात्मक वाक्यांशमा लेखिएको कुरामा सोहीबमोजिम हुनेछ ।
(ङ) निज सोही वा अर्को संस्थाको लेखा सुपरीवेक्षण समितिको पदमा रहेमा
(च) निजको मृत्यु भएमा ।

**३४. सञ्चालकलाई पदबाट हटाउन सक्ने:**

(१) साधारण सभाले बहुमतको निर्णयबाट देहायको कुनै अवस्थामा सञ्चालकलाई समितिको सञ्चालक पदबाट हटाउन सक्नेछ:
(क) आर्थिक हिनामिना गरी सम्बन्धित संस्थालाई हानि नोक्सानी पुऱ्याएमा,
(ख) अनधिकृत तवरले सम्बन्धित संस्थाको कारोबार सम्बन्धी विषयको गोपनीयता भङ्ग गरेमा,
(ग) सम्बन्धित संस्थाको कारोबार र व्यवसायसँग प्रतिस्पर्धा हुने गरी समान प्रकृतिको कारोबार वा व्यवसाय गरेमा,
(घ) सम्बन्धित संस्थाको अहित हुने कुनै कार्य गरेमा,
(ङ) निज शारीरिक वा मानसिक रूपमा काम गर्न नसक्ने भएमा,
(च) कुनै सञ्चालकमा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम वा विनियममा उल्लिखित योग्यता नरहेमा ।
(२) कुनै सञ्चालकलाई समितिको पदबाट हटाउने निर्णय गर्नु अघि त्यस्तो सञ्चालकलाई साधारण सभा समक्ष सफाई पेश गर्ने मनासिब माफिकको मौका दिइनेछ ।
(३) उपदफा (२) बमोजिमको अवधिभित्र कुनै सञ्चालकले सफाई पेश नगरेमा वा निजले पेश गरेको सफाई सन्तोषजनक नभएमा साधारण सभाले त्यस्तो सञ्चालकलाई पदबाट हटाउन सक्नेछ ।
(४) उपदफा (३) बमोजिम सञ्चालकको पदबाट हटाइएको सदस्य समितिको दुई कार्यकालसम्मको निर्वाचनमा उम्मेदवार बन्न पाउने छैन ।
(५) उपदफा (३) बमोजिम कुनै सञ्चालक पदबाट हटेमा त्यस्तो पदमा साधारण सभाले बाँकी अवधिको लागि अर्को सञ्चालकको निर्वाचन गर्नेछ ।

**३५. निजी स्वार्थ समावेश भएको निर्णय प्रकृयामा संलग्न हुन नहुने:**

(१) सञ्चालकले आफ्नो निजी स्वार्थ समावेश भएको निर्णय प्रक्रियामा संलग्न हुनुहुँदैन ।
(२) सञ्चालकले आफूलाई मात्र व्यक्तिगत फाइदा हुने गरी संस्थामा कुनै कार्य गर्न गराउन हुँदैन ।
(३) कुनै सञ्चालकले उपदफा (१) को विपरीत हुने गरी वा आफ्नो अधिकार क्षेत्रभन्दा बाहिर गई कुनै काम कारबाही गरे गराएमा त्यस्तो काम कारबाहीप्रति त्यस्तो सञ्चालक व्यक्तिगत रूपमा उत्तरदायी हुनेछ र



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

त्यस्तो काम कारबाहीबाट संस्थाको, सदस्य वा अन्य कुनै व्यक्तिलाई हानि नोक्सानी हुन गएको रहेछ भने त्यस्तो हानि नोक्सानी निजको जायजेथाबाट असुल उपर गरिनेछ ।

**३६. समितिको विघटनः**

(१) साधारण सभाले देहायको अवस्थामा समितिको विघटन गर्न सक्नेछः

(क) समितिको बदनीयतपूर्ण कार्यबाट संस्थाको कारोबार जोखिममा परेमा,

(ख) संस्थाले तिर्नुपर्ने दायित्व तोकिएको समयभित्र भुक्तान गर्न नसकेमा,

(ग) विनियममा उल्लिखित उद्देश्य र कार्य विपरीतको काम गरेमा,

(घ) समितिले आफ्नो जिम्मेवारी पूरा नगरेमा,

(ङ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावलीमा उल्लिखित सर्त वा दर्ता गर्ने अधिकारीले दिएको निर्देशनको बारम्बार उल्लङ्घन गरेमा ।

(२) उपदफा (१) बमोजिम समिति विघटन भएमा साधारण सभाले नयाँ समितिको निर्वाचन गर्नेछ ।

(३) समितिले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम दर्ता गर्ने अधिकारीले दिएको निर्देशन पालना नगरेमा वा दफा २९ को उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदन समेतको आधारमा दर्ता गर्ने अधिकारीले समितिलाई उजुरी वा निरीक्षणको क्रममा देखिएका विषयवस्तुको गाम्भिर्यताको आधारमा बढीमा छ महिनाको समय दिई सुधार गर्ने मौका दिन सक्नेछ र त्यस्तो समयावधि भित्र पनि सुधार नगरेमा त्यस्तो समिति विघटन गर्नेछ ।

(४) उपदफा (३) बमोजिम समिति विघटन भएमा त्यसरी विघटन गरिएको मितिले तीन महिना भित्रमा अर्को समितिको निर्वाचन सम्पन्न गराउन र त्यस्तो निर्वाचन नभएसम्म संस्थाको दैनिक कार्य सञ्चालन गर्न दर्ता गर्ने अधिकारीले तोकिएबमोजिमको एक तदर्थ समिति गठन गर्नुपर्नेछ ।

(५) यस दफा बमोजिम अर्को समितिको निर्वाचन गराउँदा लागेको सम्पूर्ण खर्च सम्बन्धित संस्थाले व्यहोर्ने छ ।

**३७. लेखा सुपरीवेक्षण समितिको गठनः**

(१) संस्थामा आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्न तोकिएबमोजिमको योग्यता पुगेका एक जना संयोजक र दुई जना सदस्यहरू रहने गरी साधारण सभाले निर्वाचनबाट लेखा सुपरीवेक्षण समिति गठन गर्नेछ ।

(२) एउटै परिवारको एकभन्दा बढी व्यक्ति एकै अवधिमा एउटै संस्थाको सञ्चालक वा लेखा सुपरिवेक्षण समितिका संयोजक वा सदस्य पदमा उम्मेदवार बन्न र निर्वाचित हुन सक्ने छैन ।

**३८. लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकारः**



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

(१) लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः
(क) प्रत्येक चौमासिकमा सहकारी संस्थाको आन्तरिक लेखापरीक्षण गर्ने/गराउने,
(ख) आन्तरिक लेखापरीक्षण गर्दा लेखापरीक्षणका आधारभूत सिद्धान्तको पालना गर्ने/गराउने,
(ग) वित्तीय तथा आर्थिक कारोवारको निरीक्षण तथा मूल्याङ्कन गर्ने/गराउने,
(घ) समितिको काम कारबाहीको नियमित सुपरिवेक्षण गर्ने र समितिलाई आवश्यक सुझाव दिने,
(ङ) साधारण सभाको निर्देशन, निर्णय तथा समितिका निर्णय कार्यान्वयन भए नभएको अनुगमन गर्ने,
(च) लेखा सम्बन्धी प्रतिवेदन र समितिको काम कारबाहीको सुपरिवेक्षण सम्बन्धी वार्षिक प्रतिवेदन साधारण सभा समक्ष पेश गर्ने,
(छ) आफूले पटकपटक दिएका सुझाव कार्यान्वयन नभएको कारणबाट कुनै संस्थाको हितमा प्रतिकूल असर परेमा वा त्यस्तो संस्थाको नगद वा जिन्सी सम्पत्तिको व्यापक रूपमा हिनामिना वा अनियमितता भएको वा संस्था गम्भीर आर्थिक सङ्कटमा पर्न लागेकोमा सोको कारण खुलाई विशेष साधारण सभा बोलाउन समिति समक्ष सिफारिस गर्ने ।
(ज) आवश्यक परेमा आन्तरिक लेखा परीक्षक नियुक्तिका लागि तीन जनाको नाम सञ्चालक समितिमा सिफारिस गर्ने ।
(२) लेखा सुपरिवेक्षण समितिका संयोजक वा सदस्य संस्थाको दैनिक आर्थिक प्रशासनिक कार्यमा सहभागी हुन पाउने छैन ।

## परिच्छेद ७
## बचत तथा ऋण परिचालन

**३९. सदस्य केन्द्रित भई बचत तथा ऋणको कारोबार गर्नुपर्नेः**

(१) संस्थाले आफ्ना सदस्यहरूको मात्र बचत स्वीकार गर्न, सोको परिचालन गर्न र सदस्यलाई मात्र ऋण प्रदान गर्न सक्नेछ ।
(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बचत तथा ऋणको मुख्य कारोबार गर्ने गरी दर्ता भएको संस्था बाहेक अन्य विषयगत वा बहुउद्देश्यीय संस्थाले बचत तथा ऋणको मुख्य कारोवार गर्न पाउने छैन ।
तर यो ऐन प्रारम्भ हुनु अघि बहुउद्देश्यीय वा विषयगत संस्थाको रूपमा दर्ता भई मुख्य कारोबारको रूपमा बचत तथा ऋणको कारोबार गर्दै आएको भए ती संस्थाले तीन वर्ष भित्रमा बचत तथा ऋणको मुख्य



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

कारोबार नहुने गरी दर्ता हुँदाका बखतमा उल्लेख गरिएको मुख्य कारोबार गर्ने गरी संस्था सञ्चालन गर्नुपर्नेछ ।

(३) संस्थाले सदस्यलाई प्रदान गर्ने ऋणमा सेवा शुल्क र नवीकरण शुल्क लिन पाइने छैन ।

(४) बचत र ऋणको ब्याजदर बीचको अन्तर छ प्रतिशतभन्दा बढी हुने छैन ।

(५) संस्थाले प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाई ऋणमा पूँजीकृत गरी सोको आधारमा ब्याज लगाउन पाइने छैन ।

(६) संस्थाले कुनैपनि कम्पनीको शेयर खरिद गर्न सक्ने छैन ।

तर

(१) संस्थाको दायित्वप्रति प्रतिकूल नहुने गरी संस्थाले स्वप्रयोजनको लागि अचल सम्पत्ति खरिद तथा पूर्वाधार निर्माण एवं संस्था र सदस्यहरूको हितमा उत्पादन र सेवाको क्षेत्रमा प्राथमिक पूँजी कोष परिचालन गर्न बाधा पर्ने छैन ।

(२) यो ऐन प्रारम्भ हुनु अघि कुनैं सस्थाले कुनै कम्पनीको शेयर खरिद गरेको भएमा त्यस्तो शेयर यो ऐन प्रारम्भ भएको मितिले एक वर्ष अवधिभित्र हस्तान्तरण गरिसक्नुपर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले यो ऐन प्रारम्भ हुनु अघि दर्ता भएका साना किसानद्वारा प्रवर्दधित वित्तीय संस्थाको शेयर खरिद गर्न बाधा पर्ने छैन ।

(७) संस्थाले शेयर पूँजी कोषको पन्ध्र गुणासम्म बचत सङ्कलन गर्न सक्नेछ ।

(८) संस्थाले दर्ता गर्दाका बखतका सदस्य बाहेक अन्य सदस्यलाई सदस्यता प्राप्त नगरेको तीन महिना अवधि व्यतित नभई ऋण लगानी गर्न सक्ने छैन ।

**४०. सन्दर्भ ब्याज दर सम्बन्धी व्यवस्था:**

(१) सङ्घीय कानून बमोजिम रजिष्ट्रारले बचत तथा ऋणको सन्दर्भ ब्याज दर तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको सन्दर्भ ब्याज दर संस्थाका लागि निर्देशक ब्याज दर हुनेछ ।

**४१. व्यक्तिगत बचतको सीमा:** संस्थामा सदस्यको व्यक्तिगत बचतको सीमा तीस लाखसम्म हुनेछ ।

## परिच्छेद ९
## आर्थिक स्रोत परिचालन

**४२. शेयर बिक्री तथा फिर्ता सम्बन्धी व्यबस्था:**

(१) संस्थाले आफ्नो सदस्यलाई शेयर बिक्री गर्न सक्नेछ ।



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले एकै सदस्यलाई आफ्नो कुल शेयर पूँजीको बीस प्रतिशतभन्दा बढी हुने गरी शेयर बिक्री गर्न सक्ने छैन ।
तर नेपाल सरकार, प्रदेश सरकार वा व्यास नगरपालिकाको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको संस्था वा निकायको हकमा यो बन्देज लागु हुने छैन ।
(३) संस्थाको शेयरको अङ्कित मूल्य प्रति शेयर एक सय रूपैँया हुनेछ ।
(४) संस्थाको शेयर पूँजी विनियममा उल्लेख भएबमोजिम हुनेछ ।
(५) संस्थाले खुला बजारमा शेयर बिक्री गर्न पाउने छैन ।
(६) संस्थाको मूलधनको रूपमा रहेको कुनै सदस्यको शेयर सोही संस्थाको ऋण वा दायित्व बाहेक अन्य कुनै ऋण वा दायित्व वापत लिलाम बिक्री गरिने छैन ।

**४३. रकम फिर्ता तथा खाता सञ्चालन सम्बन्धी व्यवस्था:**

(१) कुनै सदस्यले संस्थाको सदस्यता त्याग गरी रकम फिर्ता लिन चाहेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व भुक्तान गरेको मितिले एक महिनाभित्र निजको बाँकी रकम तोकिएबमोजिम निजलाई फिर्ता गर्नुपर्नेछ ।
(२) कुनै सदस्यले संस्थामा जम्मा गरेको बचत फिर्ता माग गरेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व कट्टा गरी बाँकी रकम तोकिएबमोजिम निजलाई फिर्ता गर्नुपर्नेछ ।
(३) संस्थाले बचत खाताहरू तथा आवधिक खाता मात्र सञ्चालन गर्न सक्नेछ ।

**४४. ऋण वा अनुदान लिन सक्ने:**

(१) संस्थाले विदेशी बैंक वा वित्तीय संस्था वा अन्य निकायबाट ऋण वा अनुदान लिन वा त्यस्तो निकायसँग साझेदारीमा काम गर्न सङ्घीय कानून बमोजिम स्वीकृति लिनुपर्नेछ ।
(२) उपदफा (१) बमोजिम विदेशी बैङ्क वा निकायबाट ऋण वा अनुदान लिन स्वीकृतिको लागि तोकिएबमोजिमको विवरणहरू सहित दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिनुपर्नेछ ।
(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा दर्ता गर्ने अधिकारीले नगर कार्यपालिकामा प्रस्ताव पेश गर्नुपर्नेछ ।
(४) उपदफा (३) बमोजिमको प्रस्ताव नगर कार्यपालिकाले उपयुक्त देखेमा स्वीकृतिको लागि मन्त्रालयमा सिफारिस गरी पठाउनेछ ।

**४५. नेपाल सरकारको सुरक्षण प्राप्त गर्न सक्ने:**

(१) संस्थाले विदेशी बैङ्क वा निकायसँग लिने ऋणमा सुरक्षण प्राप्त गर्नुपर्ने भएमा सङ्घीय कानून बमोजिम स्वीकृतिको लागि दर्ता गर्ने अधिकारी समक्ष प्रस्ताव सहित निवेदन दिनुपर्नेछ ।



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

(२) दफा (१) बमोजिम प्राप्त प्रस्ताव उपयुक्त देखिएमा नगर कार्यपालिकाले सङ्घीय कानून बमोजिम स्वीकृतिको लागि मन्त्रालयमा सिफारिस गरी पठाउनुपर्नेछ ।

**परिच्छेद १०**

**संस्थाको कोष**

**४६ संस्थाको कोषः** (१) संस्थाको कोषमा देहाय बमोजिमको रकम रहनेछ :

(क) शेयर बिक्रीबाट प्राप्त रकम,

(ख) बचतको रूपमा प्राप्त रकम,

(ग) ऋणको रूपमा प्राप्त रकम,

(घ) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ङ) विदेशी सरकार वा अन्तराष्ट्रिय सङ्घसंस्थाबाट प्राप्त अनुदान वा सहायताको रकम,

(च) व्यवसायिक कार्यबाट आर्जित रकम,

(छ) सदस्यता प्रवेश शुल्क,

(ज) संस्थाको नाममा प्राप्त हुने अन्य जुनसुकै रकम ।

**४७. जगेडा कोषः**

(१) संस्थामा एक जगेडा कोष रहने छ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहनेछन्:

(क) आर्थिक वर्षको खुद बचत रकमको कम्तीमा पच्चीस प्रतिशत रकम,

(ख) कुनै संस्था, सङ्घ वा निकायले प्रदान गरेको पूँजीगत अनुदान रकम,

(ग) स्थिर सम्पत्ति बिक्रीबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (१) बमोजिमको जगेडा कोष अविभाज्य हुनेछ ।

**४८. संरक्षित पूँजी फिर्ता कोषः**

(१) संस्थामा एक संरक्षित पूँजी फिर्ता कोष रहनेछ ।

(२) दफा ४७ बमोजिमको जगेडा कोषमा सो दफाको उपदफा (२) को खण्ड (क) बमोजिमको रकम छुट्ट्याई बाँकी रहेको रकमको कम्तीमा पच्चीस प्रतिशत रकम उपदफा (१) बमोजिमको कोषमा वार्षिक रूपमा जम्मा गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको रकम सदस्यले गरेको सङ्घीय कानूनमा तोकिएबमोजिमको वार्षिक कारोबारको आधारमा सम्बन्धित सदस्यलाई उपलब्ध गराउनुपर्नेछ ।

**४९. सहकारी प्रवर्द्धन कोषसम्बन्धी व्यवस्थाः**



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

(१) संस्थाले सहकारी व्यवसायको प्रवर्द्धन गर्नको लागि दफा ४७ बमोजिम जगेडा कोषमा सो दफाको उपदफा (२) को खण्ड (क) बमोजिमको रकम छुट्याई बाँकी रहेको रकमको शून्य दशमलव पाँच प्रतिशतले हुन आउने रकम सङ्घीय कानूनमा व्यवस्था भएबमोजिमको सहकारी प्रवर्द्धन कोषमा वार्षिक रूपमा जम्मा गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषको उपयोग सङ्घीय कानून व्यवस्था भएबमोजिम हुनेछ ।

**५०. अन्य कोष सम्बन्धी व्यबस्था:**

(१) दफा ४६, ४७, ४८ र ४९ मा उल्लिखित कोषका अतिरिक्त संस्थामा सहकारी शिक्षा कोष, शेयर लाभांश कोष लगायत तोकिएबमोजिमका अन्य कोषहरू रहन सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको कोषको रकम सो कोषको उद्देश्य पूर्तिका लागि विनियममा तोकिएबमोजिम उपयोग गर्न सकिनेछ ।

तर एक वर्षको शेयर लाभांशको रकम शेयर पूँजीको पन्ध्र प्रतिशतभन्दा बढी हुने छैन ।

## परिच्छेद ११

## अभिलेख र सूचना

**५१ अभिलेख राख्नुपर्ने:**

(१) संस्थाले साधारण सभा, समिति तथा लेखा सुपरिवेक्षण समिति बैठकका अभिलेख राख्नुपर्ने: निर्णय तथा काम कारबाहीको अद्यावधिक अभिलेख सुरक्षित साथ राख्नुपर्नेछ ।

(२) संस्थाले कारोबारसँग सम्बन्धित तथा अन्य आवश्यक अभिलेखहरू तोकिएबमोजिम सुरक्षित साथ राख्नुपर्नेछ ।

**५२. विवरण उपलब्ध गराउनुपर्ने:**

(१) संस्थाले देहायका विवरणहरू सहितको प्रतिवेदन आ.व. समाप्त भएको तीन महिनाभित्र दर्ता गर्ने अधिकारी समक्ष पेश गर्नुपर्नेछ:

(क) कारोबारको चौमासिक र वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन

(ख) वार्षिक कार्यक्रम नीति तथा योजना,

(ग) खुद बचत सम्बन्धी नीति तथा योजना,

(घ) सञ्चालकको नाम तथा बाँकी कार्यावधिको सूची,

(ङ) साधारण सभाको बैठक सम्बन्धी जानकारी,

(च) शेयर सदस्य संख्या र शेयरपूँजी,

(छ) सञ्चालक वा सदस्यले लिएको ऋण तिर्न बाँकी रहेको रकम,



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

(ज) दर्ता गर्ने अधिकारीले समय समयमा तोकिदिएको अन्य विवरण ।

## परिच्छेद १२

## लेखा र लेखापरीक्षण

**५३. कारोबारको लेखा: संस्थाको कारोबारको लेखा दोहोरो लेखा प्रणालीमा** आधारित र कारोबारको यथार्थ स्थिति स्पष्टरूपमा देखिने गरी सङ्घीय कानून बमोजिम रजिष्ट्रारले लागु गरेको लेखामान ( एकाउन्टिङ) स्ट्याण्डर्ड) र यस ऐन बमोजिम पालना गर्नुपर्ने अन्य सर्त तथा व्यवस्था बमोजिम राख्नुपर्नेछ ।

**५४. लेखापरीक्षण:**

(१) संस्थाले प्रत्येक आर्थिक वर्षको लेखापरीक्षण सो आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त लेखापरीक्षकद्वारा गराउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधि भित्र कुनै संस्थाले लेखापरीक्षण नगराएको पाइएमा दर्ता गर्ने अधिकारीले त्यस्ता संस्थाको लेखापरीक्षण इजाजतपत्र प्राप्त लेखापरीक्षकबाट गराउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम लेखापरीक्षण गराउँदा लेखापरीक्षकलाई दिनुपर्ने पारिश्रमिक लगायतको रकम सम्बन्धित संस्थाले व्यहोर्ने छ ।

(४) उपदफा (१) वा (२) बमोजिम लेखापरीक्षकले गरेको लेखापरीक्षण प्रतिवेदन अनुमोदनको लागि साधारण सभा समक्ष पेश गर्नुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम पेश भएको लेखापरीक्षण प्रतिवेदन साधारण सभाबाट अनुमोदन हुन नसकेमा पुनः लेखापरीक्षणको लागि साधारण सभाले दफा ५५ को अधिनमा रही अर्को लेखापरीक्षक नियुक्त गर्नेछ ।

**५५. लेखापरीक्षकको नियुक्ति:**

(१) संस्थाको लेखापरीक्षण सम्बन्धी कार्य गर्न प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त लेखापरीक्षकहरू मध्येबाट साधारण सभाले एक जना लेखापरीक्षक नियुक्ति गरी पारिश्रमिक समेत तोक्नेछ ।

(२) उपदफा (१) बमोजिम लेखापरीक्षक नियुक्त गर्दा एउटै व्यक्ति, फर्म वा कम्पनीलाई लगातार तीन आर्थिक वर्षभन्दा बढी हुने गरी नियुक्त गर्न सकिने छैन ।

**५६. लेखापरीक्षकमा नियुक्त हुन नसक्ने**:

(१) देहायका व्यक्ति लेखापरीक्षकमा नियुक्त हुन तथा नियुक्त भइसकेको भए सो पदमा बहाल रहन सक्ने छैन

(क) सहकारी संस्थाको सञ्चालक,

(ख) सम्बन्धित संस्थाको सदस्य,



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

(ग) सहकारी संस्थाको नियमित पारिश्रमिक पाउने गरी नियुक्त सल्लाहकार वा कर्मचारी,
(घ) लेखापरीक्षण सम्बन्धी कसुरमा सजायँ पाएको तीन वर्षको अवधि भुक्तान नभएको,
(ङ) दामासाहीमा परेको,
(च) भ्रष्टाचार, ठगी वा नैतिक पतन हुने अन्य फौजदारी कसुरमा सजायँ पाएको पाँच वर्ष भुक्तान नभएको,
(ज) सम्बन्धित संस्थासँग स्वार्थ बाझिएको व्यक्ति ।
(२) लेखापरीक्षकले आफू नियुक्त हुनु अघि उपदफा (१) बमोजिम अयोग्य नभएको कुराको संस्था समक्ष स्वघोषणा गर्नुपर्नेछ ।
(३) कुनै लेखापरीक्षक आफ्नो कार्यकाल समाप्त नहुँदै कुनै संस्थाको लेखापरीक्षण गर्न अयोग्य भएमा वा संस्थाको लेखापरीक्षकको पदमा कायम रहन नसक्ने स्थिति उत्पन्न भएमा निजले लेखापरीक्षण गर्नुपर्ने वा गरिरहेको काम तत्काल रोकी सोको जानकारी लिखित रूपमा संस्थालाई दिनुपर्नेछ ।
(४) यस दफाको प्रतिकूल हुने गरी नियुक्त भएको लेखापरीक्षकले गरेको लेखापरीक्षण मान्य हुने छैन ।

## परिच्छेद १३
## छुट, सुविधा र सहुलियत

**५७. छुट, सुविधा र सहुलियतः**

(१) संस्थालाई प्राप्त हुने छुट, सुविधा र सहुलियत सङ्घीय कानून बमोजिम हुनेछ ।
(२) उपदफा (१) मा उल्लेखित छुट, सुविधा र सहुलियत बाहेक संस्थालाई प्राप्त हुने अन्य छुट, सुविधा र सहुलियत तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद १४
## ऋण असुली तथा बाँकी बक्यौता

**५८. ऋण असुल गर्नेः**

(१) कुनै सदस्यले संस्थासँग गरेको ऋण सम्झौता वा सर्त कबुलियतको पालना नगरेमा, लिखतको भाखाभित्र ऋणको सावाँ, ब्याज र हर्जाना चुक्ता नगरेमा वा ऋण लिएको रकम सम्बन्धित काममा नलगाई हिनामिना गरेको देखिएमा त्यस्तो सदस्यले ऋण लिदा राखेको धितोलाई सम्बन्धित संस्थाले लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी आफ्नो साँवा, ब्याज र हर्जाना असुल उपर गर्न सक्नेछ । धितो सम्बन्धित संस्थाले सकारेपश्चात्



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

पनि ऋणीले साँवा ब्याज दुवै भुक्तानी गरी धितोवापतको सम्पत्ति फिर्ता लिन चाहेमा फिर्ता गर्नुपर्नेछ ।

(२) कुनै सदस्यले संस्थामा राखेको धितो कुनै किसिमले कसैलाई हक छोडिदिएमा वा अन्य कुनै कारणबाट त्यस्तो धितोको मूल्य घट्न गएमा त्यस्तो ऋणीलाई निश्चित म्याद दिई थप धितो सुरक्षण राख्न लगाउन सकिनेछ ।

(३) उपदफा (२) बमोजिम ऋणीले थप धितो नराखेमा वा उपदफा (१) वा (२) बमोजिमको धितोबाट पनि साँवा, ब्याज र हर्जानाको रकम असुल उपर हुन नसकेमा त्यस्तो ऋणीको हक लाग्ने अन्य जायजेथाबाट पनि साँवा, ब्याज र हर्जाना असुल उपर गर्न सकिनेछ ।

(४) यस दफा बमोजिम साँवा, ब्याज र हर्जना असुल उपर गर्दा लागेको खर्चको रकम तथा असुल उपर भएको साँवा, ब्याज र हर्जानाको रकम कट्टा गरी बाँकी रहन आएको रकम सम्बन्धित ऋणीलाई फिर्ता दिनुपर्नेछ ।

(५) यस दफा बमोजिम कुनै संस्थाले ऋणीको धितो वा अन्य जायजेथा लिलाम बिक्री गर्दा लिलाम सकार्ने व्यक्तिको नाममा सो धितो वा जायजेथा प्रचलित कानून बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गर्नको लागि सम्बन्धित कार्यालयमा लेखी पठाउनेछ र सम्बन्धित कार्यालयले पनि सोही बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गरी सोको जानकारी सम्बन्धित संस्थालाई दिनुपर्नेछ ।

(६) यस दफा बमोजिम धितो राखेको सम्पत्ति लिलाम बिक्री गर्दा कसैले सकार नगरेमा त्यस्तो सम्पत्ति सम्बन्धित संस्था आफैंले सकार गर्न सक्नेछ ।

(७) उपदफा (६) बमोजिम आफैंले सकार गरेमा त्यस्तो सम्पत्ति सम्बन्धित संस्थाको नाममा रजिष्ट्रेशन वा दाखिल खारेज गर्न सम्बन्धित कार्यालयमा लेखी पठाउनेछ र त्यसरी लेखी आएमा सम्बन्धित कार्यालयले सोहीबमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गरी दिनुपर्नेछ ।

**५९. कालो सूची सम्बन्धी व्यवस्था**ः संस्थाबाट ऋण लिई रकमको अपचलन गर्ने वा तोकिएको समयावधि भित्र ऋणको साँवा ब्याज फिर्ता नगर्ने व्यक्तिको नाम नामेशी सहित कालो सूचीमा प्रकाशन सम्बन्धी व्यवस्था सङ्घीय कानून बमोजिम हुनेछ ।

**६०. कर्जा सूचना केन्द्रसम्बन्धी व्यवस्थाः** कर्जा सूचना केन्द्र सम्बन्धी व्यवस्था सङ्घीय कानूनसँग नबाझिने गरी व्यास नगरपालिकामा स्थापना गरिने छ । कर्जा सूचना केन्द्र सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**६१ बाँकी बक्यौता असुल उपर गर्नेः** कसैले संस्थालाई तिर्नु बुझाउनुपर्ने रकम नतिरी बाँकी राखेमा त्यस्तो रकम र सोको ब्याज समेत दर्ता गर्ने अधिकारीले त्यस्तो व्यक्तिको जायजेथाबाट असुल उपर गरिदिन सक्नेछ ।



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

**६२. रोक्का राख्न लेखी पठाउने:**

(१) संस्था वा दर्ता गर्ने अधिकारीले दफा ५८ र ६१ को प्रयोजनको लागि कुनै व्यक्तिको खाता, जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का राख्ने सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम रोक्काको लागि लेखी आएमा सम्बन्धित निकायले प्रचलित कानून बमोजिम त्यस्तो व्यक्तिको खाता, जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का राखी दिनुपर्नेछ ।

**६३. अग्राधिकार रहने:** कुनै व्यक्तिले संस्थालाई तिर्नुपर्ने ऋण वा अन्य कुनै दायित्व नतिरेमा त्यस्तो व्यक्तिको जायजेथामा नेपाल सरकारको कुनै हक दाबी भए त्यसको लागि रकम छुट्टाई बाँकी रहन आएको रकममा संस्थाको अग्राधिकार रहने छ ।

**६४. कारबाही गर्न बाधा नपर्ने:** संस्थाले ऋण असुली गर्ने सम्बन्धमा कुनै व्यक्ति वा सहकारी संस्था उपर चलाएको कुनै कारबाहीका कारणबाट त्यस्तो व्यक्ति वा संस्था उपर यस ऐन तथा प्रचलित कानून बमोजिमको कुनै कसुरमा कारबाही चलाउन रोक लगाएको मानिने छैन ।

## परिच्छेद १५

## एकीकरण, विघटन तथा दर्ता खारेज

**६५. एकीकरण तथा विभाजन सम्बन्धी व्यवस्था:**

(१) यस ऐनको अधिनमा रही दुई वा दुईभन्दा बढी संस्थाहरू एक आपसमा गाभी एकीकरण गर्न वा एक संस्थालाई भौगोलिक कार्यक्षेत्रको आधारमा दुई वा दुईभन्दा बढी संस्थामा विभाजन गर्न सकिने छ ।

(२) उपदफा (१) बमोजिम एकीकरण वा विभाजन गर्दा सम्बन्धित संस्थाको कूल कायम रहेका सदस्य संख्याको दुई तिहाइ बहुमतबाट निर्णय हुनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम एकीकरण वा विभाजन गर्ने निर्णय गर्दा एकीकरण वा विभाजनका सर्त र कार्यविधि समेत खुलाउनुपर्नेछ ।

**६६. विघटन र दर्ता खारेज:**

(१) कुनै संस्थामा देहायको अवस्था विद्यमान भएमा साधारण सभाको तत्काल कायम रहेका दुई तिहाइ बहुमत सदस्यको निर्णयबाट त्यस्तो संस्थाको विघटन गर्ने निर्णय गरी दर्ता खारेजीको स्वीकृतिका लागि समितिले दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिन सक्नेछ:

(क) विनियममा उल्लिखित उद्देश्य तथा कार्य हासिल गर्न सम्भव नभएमा,

(ख) सदस्यको हित गर्न नसक्ने भएमा ।



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदनमा छानविन गर्दा त्यस्ता संस्थाको विघटन गर्न उपयुक्त देखिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थाको दर्ता खारेज गर्न सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि दर्ता गर्ने अधिकारीले देहायको अवस्थामा मात्र संस्थाको दर्ता खारेज गर्न सक्नेछः

(क) लगातार दुई वर्षसम्म कुनै कारोबार नगरी निष्कृय रहेको पाइएमा,

(ख) कुनै संस्थाले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमावली विपरीतको कार्य बारम्बार गरेमा,

(ग) विनियममा उल्लिखित उद्देश्य विपरीत कार्य गरेमा,

(घ) सहकारी मूल्य, मान्यता र सिद्धान्त विपरीत कार्य गरेमा ।

(४) उपदफा (२) वा (३) बमोजिम दर्ता खारेज गर्नु अघि दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थालाई सुनुवाईको लागि पन्   दिनको समय दिनुपर्नेछ ।

(५) उपदफा (२) वा (३) बमोजिम संस्थाको दर्ता खारेज भएमा त्यस्तो संस्था विघटन भएको मानिनेछ ।

(६) उपदफा (२) वा (३) बमोजिम संस्थाको दर्ता खारेजी भएमा त्यस्ता संस्थाको दर्ता प्रमाणपत्र स्वतः रद्ध भएको मानिनेछ ।

**६७. लिक्विडेटरको नियुक्तिः**

(१) दफा ६६ बमोजिम कुनै संस्थाको दर्ता खारेज भएमा दर्ता गर्ने अधिकारीले लिक्विडेटर नियुक्त गर्नेछ ।

(२) उपदफामा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सङ्घीय कानूनमा तोकिएको सिमासम्मको सम्पत्ति भएको संस्थाको हकमा दर्ता गर्ने अधिकारीले कुनै अधिकृतस्तरका कर्मचारीलाई लिक्विडेटर नियुक्ति गर्न सक्नेछ ।

**६८. लिक्विडेशन पछिको सम्पतिको उपयोगः** कुनै संस्थाको लिक्विडेशन पश्चात् सबै दायित्व भुक्तान गरी बाँकी रहन गएको सम्पत्तिको उपयोग सङ्घीय कानूनमा तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद १६
## दर्ता गर्ने अधिकारी

**६९. दर्ता गर्ने अधिकारीः**

(१) यस ऐन अन्तर्गत दर्ता गर्ने अधिकारीले गर्नुपर्ने कार्यहरू व्यास नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ ।



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

(२) उपदफा (१) बमोजिमको दर्ता गर्ने अधिकारीले यस ऐन बमोजिम आफूमा रहेको कुनै वा सम्पूर्ण अधिकार आफू मातहतको अधिकृत स्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**७०. काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य तथा अधिकारको अतिरिक्त दर्ता गर्ने अधिकारीको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद १७

## निरीक्षण तथा अनुगमन

**७१. निरीक्षण तथा अभिलेख जाँच गर्नेः**

(१) दर्ता गर्ने अधिकारीले संस्थाको जुनसुकै बखत निरीक्षण तथा अभिलेख परिक्षण गर्न/गराउन सक्नेछ ।

(२) नेपाल राष्ट्र बैंङ्कले जुनसुकै बखत तोकिएकोभन्दा बढी आर्थिक कारोवार गर्ने संस्थाको हिसाब किताब वा वित्तीय कारोवारको निरीक्षण वा जाँच गर्न/गराउन सक्नेछ ।

(३) उपदफा (२) को प्रयोजनको लागि नेपाल राष्ट्र बैङ्कले आफ्ना कुनै अधिकारी वा विशेषज्ञ खटाई आवश्यक विवरण वा सूचनाहरू संस्थाबाट झिकाई निरीक्षण तथा सुपरीवेक्षण गर्न सक्नेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम निरीक्षण वा हिसाब जाँच गर्दा दर्ता गर्ने अधिकारी वा नेपाल राष्ट्र बैङ्कको अधिकार प्राप्त अधिकृतले माग गरेको जानकारी सम्बन्धित संस्थाले उपलब्ध गराउनुपर्नेछ ।

(५) उपदफा (१) वा (२) बमोजिम निरीक्षण वा हिसाब जाँच गर्दा कुनै संस्थाको कामकारबाही यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड वा कार्यविधि बमोजिम भएको नपाइएमा दर्ता गर्ने अधिकारी वा नेपाल राष्ट्र बैङ्कले सम्बन्धित संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु संस्थाको त्यस्तो कर्तव्य हुनेछ ।

(६) नेपाल राष्ट्र बैङ्कले यस दफा बमोजिम संस्थाको निरीक्षण तथा सुपरीवेक्षण गर्दा नेपाल राष्ट्र बैङ्कले प्रचलित कानून बमोजिमको अधिकार प्रयोग गर्न सक्नेछ ।

(७) यस दफा बमोजिम संस्थाको निरीक्षण तथा सुपरीवेक्षण प्राप्त गर्दा हुन आएको जानकारी नेपाल राष्ट्र बैङ्कले व्यास नगर कार्यपालिकालाई उपलब्ध गराउनुपर्नेछ ।

**७२. छानबिन गर्न सक्नेः**



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

(१) कुनै संस्थाको व्यवसायिक कारोबार सनतोषजनक नभएको, सदस्यको हित विपरीत काम भएको वा सो संस्थाको उद्देश्य विपरीत कार्य गरेको भनी त्यस्तो संस्थाको कम्तीमा बीस प्रतिशत सदस्यले छानविनको लागि निवेदन दिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थाको छानविन गर्न, गराउन सक्नेछ ।
(२) उपदफा (१) बमोजिम छानविन गर्दा माग गरेको विवरण वा कागजात उपलब्ध गराई सहयोग गर्नु सम्बन्धित समितिको कर्तव्य हुनेछ ।
(३) उपदफा (१) वा (२) बमोजिम गरिएको छानविनको जानकारी सम्बन्धित संस्थालाई लिखित रूपमा दिनुपर्नेछ ।

**७३. बचत तथा ऋणको कारोबार गर्ने संस्थाको निरीक्षण तथा अनुगमन सम्बन्धी विशेष व्यवस्थाः**

(१) बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थले तोकिएबमोजिम अनुगमन प्रणाली अवलम्बन गर्नुपर्नेछ ।
(२) दर्ता गर्ने अधिकारीले बचत तथा ऋणको कारोबार गर्ने संस्थाको तोकिएबमोजिमको अनुगमन प्रणालीमा आधारित भई निरीक्षण तथा अनुगमन गर्नेछ ।
(३) उपदफा (२) बमोजिम संस्थाको निरीक्षण तथा अनुगमन दर्ता गर्ने अधिकारीले आवश्यकता अनुसार नेपाल राष्ट्र बैङ्क लगायतका अन्य निकायको सहयोग लिन सक्नेछ ।

**७४. वार्षिक प्रतिवेदन पेश गर्नुपर्नेः**

(१) दर्ता गर्ने अधिकारीले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र संस्थाको निरीक्षण सम्बन्धी वार्षिक प्रतिवेदन नगर कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।
(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा देहायका विवरणहरू खुलाउनु पर्नेछः
(क) सञ्चालनमा रहेका संस्थाको विवरण,
(ख) अनुगमन गरिएका संस्थाको संख्या तथा आर्थिक कारोबारको विवरण,
(ग) संस्थामा सहकारी सिद्धान्त, यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम, विनियम तथा आन्तरिक कार्यविधिको पालनाको अवस्था,
(घ) संस्थाका सदस्यले प्राप्त गरेको सेवा सुविधाको अवस्था,
(ङ) संस्थाको क्रियाकलापमा सदस्यको सहभागिताको स्तर अनुपात,
(च) संस्थालाई नगरपालिकाबाट प्रदान गरिएको वित्तीय अनुदान तथा छुट सुविधाको सदुपयोगिताको अवस्था,
(छ) संस्थाको आर्थिक क्रियाकलाप तथा वित्तीय अवस्था सम्बन्धी तोकिएबमोजिमका विवरण,
(ज) संस्थामा आन्तरिक नियन्त्रण प्रणालीको अवस्था, दृढ



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

(झ) संस्थामा सुशासन तथा जिम्मेवारीको अवस्था,
(ञ) संस्थामा रहेका कोषको विवरण,
(ट) संरक्षित पूँजी फिर्ता कोष वितरणको अवस्था,
(ठ) सहकारीको नीति निर्माणमा सहयोग पुग्ने आवश्यक कुराहरू,
(ड) सहकारी संस्थाको दर्ता, खारेजी तथा विघटन सम्बन्धी विवरण,
(ढ) संस्थाले सञ्चालन गरेको दफा १२ बमोजिमको कारोवार, व्यवसाय, उद्योग वा परियोजनाको विवरण,
(ण) तोकिएबमोजिमका अन्य विवरण ।

**७५. आपसी सुरक्षण सेवा सञ्चालन सम्बन्धी व्यवस्थाः**

(१) संस्थाले सङ्घीय कानूनमा व्यवस्था भएबमोजिम आफ्ना सदस्यहरूको बालीनाली वा वस्तुभाउमा भएको क्षतिको अंश पूर्ति गर्ने गरी आपसी सुरक्षण सेवा सञ्चालन गर्न सक्नेछ ।

**७६. स्थिरीकरण कोष सम्बन्धी व्यवस्थाः**

(१) बचत तथा ऋण विषयगत संस्थाहरू सम्भावित जोखिमबाट संरक्षणका लागि सङ्घीय कानूनमा व्यवस्था भएबमोजिम खडा हुने स्थिरीकरण कोषमा सहभागी हुन सक्नेछन् ।

## परिच्छेद १८

## समस्याग्रस्त संस्थाको व्यवस्थापन

**७७. संस्था समस्याग्रस्त भएको घोषणा गर्न सकिनेः**

(१) यस ऐन बमोजिम गरिएको निरीक्षण वा हिसाब जाँचबाट कुनै संस्थामा देहायको अवस्था विद्यमान रहेको देखिएमा कार्यपालिकाले त्यस्तो संस्थालाई समस्याग्रस्त संस्थाको रूपमा घोषणा गर्नसक्नेछः
(क) सदस्यको हित विपरीत हुने गरी कुनै कार्य गरेको,
(ख) संस्थाले पूरा गर्नुपर्ने वित्तीय दायित्व पूरा नगरेको वा भुक्तानी गर्नुपर्ने दायित्व भुक्तानी गर्न नसकेको वा भुक्तानी गर्न नसक्ने अवस्था भएको,
(ग) सदस्यहरूको बचत निर्धारित शर्त बमोजिम फिर्ता गर्न नसकेको,
(घ) यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम तथा विनियम विपरीत हुने गरी संस्था सञ्चालन भएको,
(ङ) संस्था दामासाहीमा पर्न सक्ने अवस्थामा भएको वा उल्लेखनीय रूपमा गम्भीर आर्थिक कठिनाई भोगिरहेको,
(च) कुनै संस्थाले सदस्यको बचत रकम फिर्ता गर्नुपर्ने अवधिमा फिर्ता नगरेको भनी त्यस्तो संस्थाका कम्तीमा बीस प्रतिशत वा बीस जना मध्ये जुन कम हुन्छ सो बराबरका सदस्यहरूले दर्ता गर्ने अधिकारी समक्ष निवेदन घण



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

दिएकोमा छानबिन गर्दा खण्ड (क) देखि (ङ) सम्मको कुनै अवस्था विद्यमान भएको देखिएको ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम गठन गरेको आयोगले कुनै संस्थालाई समस्याग्रस्त संस्था घोषणा गर्न सिफारिस गरेमा वा समस्याग्रस्त भनी पहिचान गरेकोमा वा त्यस्तो आयोगमा परेको उजुरी संख्या, औचित्य समेतको आधारमा कार्यपालिकाले त्यस्तो संस्थालाई समस्याग्रस्त संस्था घोषणा गर्न सक्नेछ ।

**७८. व्यवस्थापन समितिको गठनः**

(१) दफा ७७ बमोजिम समस्याग्रस्त संस्था घोषणा भएकोमा त्यस्तो संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्यका लागि व्यवस्थापन समितिको गठन गर्न दर्ता गर्ने अधिकारीले कार्यपालिका समक्ष सिफारिस गर्नेछ ।

(२) उपदफा (१) बमोजिम सिफारिस भई आएमा कार्यपालिकाले तोकिएबमोजिम व्यवस्थापन समितिको गठन गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम गठित व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद-१९
## कसुर, दण्ड जरिवाना तथा पुनरावेदन

**७९. कसुर गरेको मानिनेः** कसैले देहायको कुनै कार्य गरेमा यस ऐन अन्तर्गतको कसुर गरेको मानिनेछ ।

(क) दर्ता नगरी वा खारेज भएको संस्था सञ्चालन गरेमा वा कुनै व्यक्ति, फर्म वा कम्पनीले आफ्नो नाममा सहकारी शब्द वा सो शब्दको अङ्ग्रेजी रूपान्तरण राखी कुनै कारोबार, व्यवसाय, सेवा प्रवाह वा अन्य कुनै कार्य गरेमा,

(ख) सदस्यको बचत यस ऐन र यस ऐन अन्तर्गत बनेको नियम, विनियम बमोजिम बाहेक अन्य कुनैपनि प्रयोजनको लागि प्रयोग गरेमा,

(ग) तोकिएको भन्दा बढी रकम ऋण प्रदान गर्दा जमानत वा सुरक्षण नराखी ऋण प्रदान गरेमा,

(घ) समितिको सदस्य, व्यवस्थापक वा कर्मचारीले संस्थाको सम्पत्ति, बचत वा शेयर रकम हिनामिना गरेमा,

(ङ) ऋण असुल हुन नसक्ने गरी समितिका कुनै सदस्य, निजको नातेदार वा अन्य व्यक्ति वा कर्मचारीलाई ऋण दिई रकम हिनामिना गरेमा, घज्ञ



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

(च) समितिका कुनै सदस्यले एक्लै वा अन्य सदस्यको मिलोमतोमा संस्थाको शेयर वा बचत रकम आफूखुसी परिचालन गरी संस्थालाई हानि नोक्सानी पुऱ्याएमा,
(छ) झुट्टा वा गलत विवरण पेश गरी कर्जा लिएमा, राखेको धितो कच्चा भएमा वा ऋण हिनामिना गरेमा,
(ज) संस्थाले यस ऐन र यस ऐन अन्तर्गत बनेका नियम, विनियम विपरीत लगानी गरेमा वा लगानी गर्ने उद्देश्यले रकम उठाएमा,
(झ) कृत्रिम व्यवसाय खडा गरी वा गराई ऋण लिएमा वा दिएमा,
(ञ) धितोको अस्वाभाविक रूपमा बढी मूल्याङ्कन गरी ऋण लिएमा वा दिएमा,
(ट) झुट्टा विवरणको आधारमा परियोजनाको लागत अस्वाभाविक रूपमा बढाई बढी ऋण लिएमा वा दिएमा,
(ठ) कुनै व्यक्ति वा संस्थालाई एक पटक दिइसकेको सुरक्षण रीतपूर्वक फुकुवा नभई वा सो सुरक्षणले खामेको मूल्यभन्दा बढी हुने गरी सोही सुरक्षण अन्य संस्थामा राखी पुनः ऋण लिए वा दिएमा,
(ड) संस्थाबाट जुन प्रयोजनको लागि ऋण सुविधा लिएको हो, सोही प्रयोजनमा नलगाई अन्यत्र प्रयोग गरे वा गराएमा,
(ढ) संस्थाको कुनै कागजात वा खातामा लेखिएको कुनै कुरा कुनै तरिकाले हटाइ वा उडाइ अर्कै अर्थ निस्कने व्यहोरा पारी मिलाई लेख्ने वा अर्को भिन्नै श्रेस्ता राख्ने जस्ता काम गरेबाट आफूलाई वा अरु कसैलाई फाइदा वा हानि नोक्सानी गर्ने उद्देश्यले कीर्ते गर्न वा अर्काको हानि नोक्सानी गर्ने उद्देश्यले नगरे वा नभएको झुट्टा कुरा गरे वा भएको हो भनी वा मिति, अङ्क वा व्यहोरा फरक पारी सहीछाप गरी गराई कागजात बनाई वा बनाउन लगाई जालसाजी गरे वा गराएमा,
(ण) ऋणको धितो स्वरूप राखिने चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य प्रयोजनको लागि मूल्याङ्कन गर्दा मूल्याङ्कनकर्ताले बढी, कम वा गलत मूल्याङ्कन गरी संस्थालाई हानि नोक्सानी पुऱ्याउने कार्य गरे वा गराएमा,
(त) संस्थालाई हानि नोक्सानी पुऱ्याउने उद्देश्यले कसैले कुनै काम गराउन वा नगराउन, मोलाहिजा गर्न वा गराउन, कुनै किसिमको रकम लिन वा दिन, बिना मूल्य वा कम मूल्यमा कुनै माल, वस्तु वा सेवा लिन वा दिन, दान, दातव्य, उपहार वा चन्दा लिन वा दिन, गलत लिखत तयार गर्न वा गराउन, अनुवाद गर्न वा गराउन वा गैर कानूनी लाभ वा हानि पुऱ्याउने बदनियतले कुनै कार्य गरे वा गराएमा,
(थ) कुनै संस्था वा सोको सदस्य वा बचतकर्ता वा ती मध्ये कसैलाई हानि नोक्सानी पुग्ने गरी लेखापरीक्षण गरे गराएमा वा लेखापरीक्षण गरेको झुट्टो प्रतिवेदन तयार पारेमा वा पार्न लगाएमा ।

**८०. सजायँः**

(१) कसैले दफा ७९ को कसुर गरेमा देहायबमोजिमको सजायँ हुनेछ : घद्द



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

(क) खण्ड (क), (ग), (ड) र (थ) को कसुरमा एक वर्षसम्म कैद र एक लाख रूपैँयासम्म जरिवाना,
(ख) खण्ड (ठ) को कसुरमा दुई वर्षसम्म कैद र दुई लाख रूपैँयासम्म जरिवाना,
(ग) खण्ड (ख) को कसुरमा बिगो बराबरको रकम जरिवाना गरी तीन वर्षसम्म कैद,
(घ) खण्ड (घ), (ङ), (च), (छ), (ज), (झ), (ञ), (ट), (ण) र (त) को कसुरमा बिगो भराई बिगो बमोजिम जरिवाना गरी देहायबमोजिमको कैद हुनेछ :
(१) दश लाख रूपैँयासम्म बिगो भए एक वर्षसम्म कैद,
(२) दश लाख रूपैँयाभन्दा बढी पचास लाख रूपैँयासम्म बिगो भए दुई वर्षदेखि तीन वर्षसम्म कैद,
(३) पचास लाख रूपैँयाभन्दा बढी एक करोड रूपैँयासम्म बिगो भए तीन वर्षदेखि चार वर्षसम्म कैद,
(४) एक करोड रूपैँयाभन्दा बढी दश करोड रूपैँयासम्म बिगो भए चार वर्षदेखि छ वर्षसम्म कैद,
(५) दश करोड रूपैँयाभन्दा बढी एक अर्ब रूपैँयासम्म बिगो भए छ वर्षदेखि आठ वर्षसम्म कैद,
(६) एक अर्ब रूपैँयाभन्दा बढी जतिसुकै रूपैँया बिगो भए पनि आठ वर्षदेखि दश वर्षसम्म कैद,
(ङ) खण्ड (ढ) को कसुरमा दश वर्षसम्म कैद ।
(२) दफा ७९ को कसुर गर्न उद्योग गर्ने वा त्यस्तो कसुर गर्न मद्दत पुऱ्याउने व्यक्तिलाई मुख्य कसुरदारलाई हुने सजायँको आधा सजायँ हुनेछ ।
(३) दफा ७९ को कसुर गर्ने वा त्यस्तो कसुर गर्न मद्दत पुऱ्याउने निकाय र संस्था भए त्यस्तो निकाय संस्थाको प्रमुख कार्यकारी वा पदाधिकारी वा कार्यकारी हैसियतमा कार्य सम्पादन गर्ने व्यक्तिलाई यस ऐन बमोजिम हुने सजायँ हुनेछ ।

**८१. जरिवाना हुनेः**

(१) दफा ८७ बमोजिम कसैको उजुरी परी वा संस्थाको निरीक्षण अनुगमन वा हिसाब किताबको जाँच गर्दा वा अन्य कुनै व्यहोराबाट कसैले देहायको कुनै कार्य गरेको पाइएमा दर्ता गर्ने अधिकारीले त्यस्तो कार्यको प्रकृति र गाम्भीर्यको आधारमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई पाँच लाख रूपैँयासम्म जरिवाना गर्नेछः
(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम विपरीत सदस्यसँग ब्याज लिएमा,
(ख) संस्थाले प्रदान गर्ने बचत र ऋणको ब्याज दर बीचको अन्तर छ प्रतिशतभन्दा बढी कायम गरेमा,
(ग) संस्थाले प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाई मूल कर्जामा पूँजीकृत गरी सोको आधारमा ब्याज लगाएमा, घघ



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

(घ) कुनै सदस्यलाई आफ्नो पूँजी कोषको तोकिएबमोजिमको प्रतिशतभन्दा बढी हुने गरी ऋृण प्रदान गरेमा,

(ङ) संस्था दर्ता गर्दाका बखतका सदस्य बाहेक अन्य सदस्यलाई सदस्यता प्राप्त गरेको तीन महिना अवधि व्यतित नभई ऋृण लगानी गरेमा,

(च) प्राथमिक पूँजी कोषको पन्ध्र गुणाभन्दा बढी हुने गरी बचत सङ्कलन गरेमा,

(छ) शेयर पूँजीको अठार प्रतिशतभन्दा बढी शेयर लाभांश वितरण गरेमा,

(ज) संस्थाले आफ्नो कार्य क्षेत्र बाहिर गई कारोबार गरेमा वा गैर सदस्यसँग कारोवार गरेमा,

(झ) संस्थाले यो ऐन विपरीत कृत्रिम व्यक्तिलाई आफ्नो सदस्यता दिएमा ।

(२) उपदफा (१) मा लेखिएको व्यहोराबाट कसैले देहायको कुनै कार्य गरेको दर्ता गर्ने अधिकारीले त्यस्तो कार्य प्रकृतिको गाम्भीर्यताको आधारमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई तीन लाख रूपैंयासम्म जरिवाना गर्न सक्नेछः

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम दिएको कुनै निर्देशन वा तोकिएको मापदण्डको पालना नगरेमा,

(ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम दिनुपर्ने कुनै विवरण, कागजात, प्रतिवेदन, सूचना वा जानकारी नदिएमा,

(ग) यस ऐन बमोजिम निर्वाचन नगरी समिति तथा लेखा सुपरीवेक्षण समितिका पदाधिकारीहरू आफू खुशी परिवर्तन गरेमा कुनै संस्थाले दफा ६ को उपदफा (४) बमोजिमको तोकिएको सर्त पालना नगरेमा

(ङ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कार्य गरेमा ।

(३) उपदफा (१) वा (२) बमोजिमको जरिवाना गर्नु अघि दर्ता गर्ने अधिकारीले सम्बन्धित व्यक्ति वा संस्थालाई सफाई पेश गर्न कम्तीमा पन्   दिनको समयावधि दिनुपर्नेछ ।

**८२. रोक्का राख्नेः**

(१) दर्ता गर्ने अधिकारीले सम्बन्धित संस्थालाई दफा ८१ बमोजिम जरिवाना गर्नुका अतिरिक्त तीन महिनासम्म त्यस्तो संस्थाको कारोबार, सम्पति तथा बैङ्क खाता रोक्का राख्ने तथा सम्पत्ति रोक्का राख्न सम्बन्धित निकायलाई सिफारिस गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सिफारिस प्राप्त भएमा त्यस्ता संस्थाको कारोबार, सम्पति वा बैङ्क खाता रोक्का राखी सोको जानकारी दर्ता गर्ने अधिकारीलाई दिनुपर्नेछ ।

**८३ दोब्बर जरिवाना हुनेः**

(१) दफा ८१ बमोजिम जरिवाना भएको व्यक्ति वा संस्थाले पुनः सोही कसुर गरेमा त्यस्तो व्यक्ति वा संस्थालाई दर्ता गर्ने अधिकारीले दोस्रो पटकदेखि प्रत्येक पटकको लागि दोब्बर जरिवाना गर्नेछ । घद्ध



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

**८४. अनुसन्धानको लागि लेखी पठाउन सक्ने**: दर्ता गर्ने अधिकारी वा नेपाल राष्ट्र बैङ्कले यस ऐन बमोजिम आफ्नो काम, कर्तव्य र अधिकारको पालना गर्दा कसैले दफा ७९ बमोजिमको कसुर गरेको थाहा पाएमा त्यस्तो कसुरका सम्बन्धमा यस ऐनबमोजिम अनुसन्धान गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

**८५. मुद्धा सम्बन्धी व्यवस्था:** दफा ८० बमोजिम सजायँ हुने कसुरको मुद्धा सम्बन्धी व्यवस्था सङ्घीय कानून बमोजिम हुनेछ ।

**८६ मुद्धा हेर्ने अधिकारी:** दफा ८० बमोजिमको सजायँ हुने कसुर सम्बन्धी मुद्धाको कारबाही र किनारा जिल्ला अदालतबाट हुनेछ ।

**८७. उजुरी दिने हद म्याद:**

(१) कसैले दफा ८० बमोजिमको सजायँ हुने कसुर गरेको वा गर्न लागेको थाहा पाउने व्यक्तिले त्यसरी थाहा पाएको मितिले नब्बे दिनभित्र दर्ता गर्ने अधिकारी समक्ष उजुरी दिनुपर्नेछ ।

(२) कसैले दफा ८० बमोजिम जरिवाना हुने कार्य गरेको थाहा पाउने व्यक्तिले त्यसरी थाहा पाएको मितिले नब्बे दिनभित्र दर्ता गर्ने अधिकारी समक्ष उजुरी दिनुपर्नेछ ।

**८८. पुनरावेदन गर्न सक्ने:**

(१) दफा ६ बमोजिम संस्था दर्ता गर्न अस्वीकार गरेको वा दफा ६६ बमोजिम संस्था दर्ता खारेज गरेकोमा चित्त नबुझ्नेले सो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र दर्ता गर्ने अधिकारीको निर्णय उपर कार्यपालिका समक्ष पुनरावेदन गर्न सक्नेछ ।

(२) दफा ८० बमोजिमको जरिवानामा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र देहायबमोजिम पुनरावेदन गर्न सक्नेछ:

(क) दर्ता गर्ने अधिकारी र कार्यपालिकाले गरेको निर्णय उपर सम्बन्धित जिल्ला अदालतमा,

(ख) नेपाल राष्ट्र बैङ्कले गरेको निर्णय उपर सम्बन्धित उच्च अदालतमा ।

**८९. असुल उपर गरिने:** यस परिच्छेद बमोजिम कुनै व्यक्तिले तिर्नुपर्ने जरिवाना वा कुनै रकम नतिरी बाँकी रहेकोमा त्यस्तो जरिवाना वा रकम निजबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

## परिच्छेद २०
## विविध



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

**९०. मताधिकारको प्रयोगः** कुनै सदस्यले संस्थाको जतिसुकै शेयर खरिद गरेको भए तापनि सम्बन्धित संस्थाको कार्य सञ्चालनमा एक सदस्य एक मतको आधारमा आफ्नो मताधिकारको प्रयोग गर्न सक्नेछ ।

**९१. सामाजिक परीक्षण गराउन सक्नेः**

(१) संस्थाले विनियममा उल्लिखित उद्देश्य प्राप्त गर्नका लागि समितिबाट भएका निर्णय र कार्य, सदस्यहरूले प्राप्त गरेका सेवा र सन्तुष्टीको स्तर, सेवा प्राप्तिबाट सदस्यहरूको जीवनस्तरमा आएको आर्थिक, सामाजिक, सांस्कृतिक तथा वातावरणीय पक्षमा सकारात्मक परिवर्तन लगायतका विषयमा सामाजिक परीक्षण गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम भएको सामाजिक परीक्षणक प्रतिवेदन छलफलको लागि समितिले साधारण सभा समक्ष पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएको सामाजिक परीक्षण प्रतिवेदन छलफल गरी साधारण सभाले आवश्यकता अनुसार समितिलाई निर्देशन दिन सक्नेछ ।

(४) यस दफा बमोजिमको सामाजिक परीक्षण प्रतिवेदनको एक प्रति सम्बन्धित संस्थाले दर्ता गर्ने अधिकारी समक्ष पेश गर्नुपर्नेछ ।

**९२. सहकारी शिक्षाः** सहकारी क्षेत्रको प्रवर्द्धनको लागि विद्यालय तहको पाठ्यक्रममा आधारभूत सहकारी सम्बन्धी विषय वस्तुलाई समावेश गर्न सकिनेछ ।

**९३. आर्थिक सहयोग गर्न नहुनेः** संस्थाको रकमबाट समितिको निर्णय बमोजिम सदस्यहरूले आर्थिक सहयोग लिन सक्नेछन् ।

तर सामाजिक कार्यको लागि गैर सदस्य व्यक्ति वा संस्थाहरूलाई समेत आर्थिक सहयोग गर्न बाधा पर्ने छैन ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि 'सामाजिक कार्य' भन्नाले शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण, मानवीय सहायता, सहकारिता प्रबर्द्धन सम्बन्धी कार्यलाई जनाउँछ ।

**९४. अन्तर सहकारी कारोवार गर्न सक्नेः** संस्थाहरूले तोकिएबमोजिम एक आपसमा अन्तर सहकारी कारोवार गर्न सक्नेछन् ।

**९५. ठेक्का पट्टा दिन नहुनेः** संस्थाले आफ्नो समितिको कुनै सञ्चालक वा लेखा सुपरीवेक्षण समितिको संयोजक वा सदस्य वा आफ्नो कर्मचारीलाई ठेक्का पट्टा दिन हुँदैन ।

**९६. सरकारी बाँकी सरह असुल उपर हुनेः** कुनै संस्थाले प्राप्त गरेको सरकारी अनुदान वा कुनै सेवा सुविधा दुरूपयोग गरेको पाइएमा प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गरिनेछ । घट



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

**९७. कम्पनी सम्बन्धी प्रचलित ऐन लागु नहुने**: यस ऐन अन्तर्गत दर्ता भएको संस्थाको हकमा कम्पनी सम्बन्धी प्रचलित ऐन लागु हुने छैन ।

**९८. प्रचलित कानून बमोजिम कारबाही गर्न बाधा नपर्ने**: यस ऐनमा लेखिएको कुनै कुराले कुनै व्यक्ति उपर प्रचलित कानून बमोजिम अदालतमा मुद्धा चलाउन बाधा पुऱ्याएको मानिने छैन ।

**९९. सम्पत्ती शुद्धीकरण निवारण सम्बन्धी कानूनी व्यवस्थाको पालना गर्नुपर्ने:** संस्थाले सम्पत्ती शुद्धीकरण निवारण सम्बन्धी सङ्घीय र प्रदेश कानूनमा भएका व्यवस्थाका साथै तत्सम्बन्धमा मन्त्रालयले जारी गरेको मापदण्ड र नेपाल राष्ट्र बैंकको वित्तीय जानकारी एकाइबाट जारी भएका निर्देशिकाहरूको पालना गर्नुपर्नेछ ।

**१००. सहकारी सञ्चालन सम्बन्धी व्यवसाय कर:**

नगरपालिका भित्र सञ्चालन हुने सहकारी संस्थाहरूले व्यवसाय कर बुझाउनुपर्नेछ । करको दर नगरपालिकाले तोकेबमोजिम हुनेछ ।

**१०१. नियम बनाउने अधिकार**: यस ऐनको कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

**१०२. मापदण्ड, निर्देशिका वा कार्यविधि बनाई लागु गर्न सक्ने:**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधिनमा रही संस्थाको दर्ता, सञ्चालन, निरीक्षण तथा अनुगमन लगायतका काम कारबाहीलाई व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालन गर्न कार्यपालिकाले आवश्यकता अनुसार मापदण्ड, निर्देशिका वा कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको मापदण्ड बनाउँदा आवश्यकता अनुसार रजिष्ट्रार, नेपाल राष्ट्र बैङ्क, मन्त्रालय र सम्बन्धित अन्य निकायको परामर्श लिन सकिनेछ । घठ



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

**अनुसूची १**
**दर्ता दरखास्तको नमूना**

मिति : २०... ।. ...
श्री दर्ता गर्ने अधिकारीज्यू,
वेलका नगरपालिका, नगर कार्यपालिकाको कार्यालय रामपुर ,उदयपुर ।

विषय : सहकारी संस्थाको दर्ता .
महोदय,
हामी देहायका व्यक्तिहरू देहायका कुरा खोली देहायको संस्था दर्ता गरी पाउन निवेदन गर्दछौँ । उद्देश्य अनुरूप संस्थाले तत्काल गर्ने कार्यहरूको योजना र प्रस्तावित संस्थाको विनियम दुई प्रति यसै साथ संलग्न राखी पेश गरेका छौँ ।
संस्था सम्बन्धी विवरण
(क) प्रस्तावित संस्थाको नामः-
(ख) ठेगानाः-
(ग) उद्देश्यः-
(घ) मुख्य कार्यः-
(ङ) कार्यक्षेत्रः-
(च) दायित्वः-
(छ) सदस्य सङ्ख्याः-
(१) महिला ........ जना
(२) पुरुष ......... जना
(ज) प्राप्त सेयर पूँजीको रकमः– रु. ....
(झ) प्राप्त प्रवेश शुल्कको रकमः- रु. ..... .



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

**अनुसूची २**
**संस्था दर्ता प्रमाण-पत्रको नमूना**

वेलका नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, रामपुर उदयपुर
सहकारी दर्ता प्रमाण-पत्र
दर्ता नं.:
वेलका नगरपालिका सहकारी ऐन, २०७६ को दफा ...... बमोजिम श्री ..................... ... .. . ... ... ... ... ... लाई सिमित दायित्व भएको संस्थामा दर्ता गरी स्वीकृत विनियम सहित यो प्रमाण-पत्र प्रदान गरिएको छ ।
बर्गीकरणः ... ... ... ... ... ... ... ...
दर्ता गरेको मितिः
दस्तखतः
दर्ता गर्ने अधिकारीको नामः
कार्यालयको छापः



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm